कानुनी शिक्षामाला

कानुनी शिक्षामाला

लेखक

केदार कोइराला

कम्प्युटर डिजाइन

गोविन्द त्रिपाठी

मानवअधिकार र सामाजिक न्यायाको निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

पोष्ट बक्स नं. २७२६

टेलिफोन : २७८७७०

फ्याक्स : २७०५५१

कानुनी शिक्षा माला

पहिलो संस्करण संस्करण : २०५७ पुष

दोस्रो संस्करण : २०५८ कार्तिक

तेस्रो संस्करण : २०५९ पुष

चौथो संस्करण : ०६० माघ

मुद्रित प्रति : एक हजार पाँच सय

प्रकाशक : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार : इन्सेकमा सुरक्षित

मूल्य : १००।-

मुद्रक :
नवयुग सहकारी छापाखाना
वल्खु, काठमाडौं
फोन : २७५६९७

भूमिका

कानुनी शिक्षामालालाई आवश्यकता अनुरुप प्रकाशन गर्दै जाने क्रममा यो चौथो संस्करण तयार गरेका छौं। विभिन्न वर्ग र तहमा रहेका जनसमुदायलाई कानुन सम्बन्धी व्यवहारिक ज्ञान दिने उद्देश्यका साथ तयार गरिएको यो पुस्तकमा बिगतमा भएका छपाई सम्बन्धी त्रुटीलाई सच्चाइएको र भ्रष्टाचार विरुद्धको कानुनमा राज्यले संयुक्त राष्ट्रसंघको भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरेको विषयलाई समेत समावेश गरी परिमार्जन गरिएको छ। पुस्तकको यो संस्करण अझ उपयोगी हुनेछ भन्ने विश्वासका साथ सम्पूर्ण विद्वत वर्ग तथा मानवअधिकार कार्यकर्ताहरुबाट विगतमा झैं अमूल्य सुझावको अपेक्षा गरिएको छ।

सुबोधराज प्याकुरेल
अध्यक्ष

कागजले भने कानुनी मान्यता पाउँछ।

अंश हक प्राप्त गर्ने तरिका

अंश हक दुई तरिकाबाट प्राप्त हुन्छ।

(क) घरसारमा बण्डा गरी माल अड्डामा गई सबै अंशियारले सहीछाप गरी रजिष्ट्रेशन पास गरी अंश वण्डापत्रको कागज बनाएर,

(ख) अदालतमा नालेश गरेर।

अंश दिनेले अंश दिएन भने मात्र सम्पत्ति रहेको ठाउँ र अंश दिनुपर्ने मानिस बसेको जिल्लाको जिल्ला अदालतमा नालेश गर्नु पर्दछ। त्यस्तो नालेशलाई फिराद पत्र भनिन्छ। त्यसरी नालेश गर्दा अदालती दस्तुर रु. १००।- लाग्दछ।

अंशको नालेश कसले र कहिले दिन सक्दछ ?

अंशको नालेश अंश हक पाउने अंशियारले दिन सक्दछ, अर्को व्यक्तिले नालेश गर्न सक्दैन। अंशको नालेश जहिलेसुकै पनि लाग्न सक्दछ। यसको लागि समय तोकिएको छैन।

तर घरसारमा वण्डापत्र गरी माल अड्डाबाट पारित गरेको अंशमा चित्त बुझेन भने बण्डापत्र पास भएको मितिले तीन महिनाभित्र नालेश गर्नु पर्दछ।

अंश पाएको सम्पत्तिमा अधिकार

अंश पाएको सम्पत्तिमा त्यो सम्पत्ती आफूखुशी गर्न विवाहित छोराहरुलाई पूरा अधिकार छ। तर छोरी, बुहारीले भने विवाहित छोराले जस्तो आफू खुशी गर्नमा कानूनले केही वन्देज छ। विवाह भएकी महिलाले अंश पाएपछि सुन, चाँदी, रुपैयाँ जस्ता चल सम्पत्ति सबै र घर जग्गा जस्ता अचल सम्पत्ति आधा मात्र चलाउन र आफूखुशी गर्न सक्दछिन्। आधाभन्दा बढी त्यस्तो अचल सम्पत्ति वेचबिखन वा दान बकस गर्नु परेमा उमेर पुगेको छोराको मञ्जुरी लिनु पर्दछ। त्यस्तै छोरीले पनि चल सम्पत्ति सबै र अचल सम्पत्ती आधा मात्र आफूखुशी गर्न पाउँछिन्। आधा भन्दा बढी त्यस्तो सम्पत्ति वेचबिखन वा दान बकस गर्नु परेमा बाबुको मञ्जुरी लिनु पर्दछ। त्यस्तै भिन्न भएको अविवाहित छोराले आफ्नो अंशमा परेको अचल सम्पत्ति आधा भन्दा बढी वेचविखन वा आफूखुस गर्दा बाबुआमा जीवित भए बाबु आमाको मञ्जुरी लिनु पर्छ।

अंश फिर्ता बुझाउनु पर्ने

हाम्रो कानूनमा छोराले अंश लिएपछि फिर्ता गर्नु पर्दैन, उसलाई जे गर्न पनि छुट छ तर छोरी, बुहारी र धर्मपुत्रको अवस्था भने फरक छ।

- छोरीहरुले अंश लिइसकेपछि विवाह गरे भने माइतीका बाबु, आमा वा दाजु भाइहरुलाई अंश फर्काइदिनु पर्दछ ।

उसले भनेको मितिलाई नै मानो छुट्टिएको मिति मान्दछ। तर ती दुवैको कुरा मिलेन भने अदालतले नालिस परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरिदिन्छ।

तायदाती भनेको के हो ?

तायदाती भनेको सम्पत्तिको लगत अथवा विवरण हो। यसमा के कति अंशियार छन्, के कति सम्पत्ति वण्डा गर्नु पर्ने हो र त्यसको मोल कति पर्दछ भन्ने समेत खुलाइएको हुन्छ। तायदातीमा सगोलमा भएको धन र लागेको तिर्नुपर्ने ऋणको पनि विवरण दिएको हुन्छ। सगोलको धन र ऋण सबै अंशियारलाई बराबरी भाग लाग्दछ। अदालतमा मुद्दा पर्दा मात्र तायदाती मागिन्छ।

अंश दपोट भनेको के हो ?

अदालतमा अंश मुद्दा परी तायदाती मागेपछि अंशको विवरण दिंदा कुनै भाग लाग्ने सम्पत्ति लुकाएको रहेछ भने त्यो सम्पत्तिलाई अंश दपोट भनिन्छ। यसरी लुकाएको सम्पत्ति पछि फेला पारेमा फेला पार्ने व्यक्तिले एकलौटी खान पाउँछ। लुकाउनेको यसमा हक रहँदैन।

विवाह खर्च पर सार्नु पर्ने

विवाह नभएको अंशियारको विवाह खर्च पर सारी अंश वण्डा गर्नु पर्दछ। त्यसरी नै विवाह नभएकी दिदी-बहिनीको पनि विवाह खर्च पर सारी अंश भाग छुट्याउनु पर्दछ। विवाह खर्च जथाभावी जति पनि छुट्याउन पाइँदैन। कति विवाह खर्च पर सार्ने भन्ने विषयमा कानुनले नै तोकेको छ जो यस प्रकार छ।

(क) जम्मा सम्पत्ति दुई हजारभन्दा बढी छ भने सयकडा ६ का दरले,
(ख) दुई हजारभन्दा कम एक हजार भन्दा बढी छ भने सयकडा १० का दरले,
(ग) १ हजार भन्दा कम सम्पत्ति भए सयकडा २० का दरले,
(घ) तर अंश पाउने भन्दा विवाह खर्च धेर हुनें गरी विवाह खर्च दिन पाइँदैन,
(ङ) अंश पाउने भाग भन्दा बढी विवाह खर्च पाउने भयो भने त्यस्तो रकम दिन मिल्दैन।
(च) त्यस्तो अवस्थामा उसले पाउने अंश भागको चार खण्ड गरी तीन खण्डसम्म विवाह खर्च पाइन्छ।

तर अंशियारको छोराछोरीको भने विवाह खर्च पाइँदैन।

घरसारको वण्डाले मान्यता नपाउने

अंश वण्डाको कागज माल अड्डामा गई तोकेको दस्तुर बुझाई रजिष्ट्रेशन पास गराउनु पर्दछ। त्यसमा सबै अंशियारहरुको सहिछाप हुनु पर्दछ। नत्र त्यसले कानुनी मान्यता पाउँदैन।

तर ०३४ पुस २७ गतेभन्दा अगाडिको घरसारको बण्डा कागज वा व्यवहार प्रमाणबाट छुट्टै बसेको र अंश भाग लिई दर्ता, तिरो, भोग र लेनदेन आदि समेतको आधारका त्यस्ता लिखत

विवाहपछि छोरीको अंश माइतिको हुने

अंश लिई सकेकी छोरीको विवाह भएमा निजले खाइलाई बाँकी रहेको सम्पत्ति निजका माइतिपट्टिको हकवालाको हुन्छ।

नाती र बुहारीले अंश पाउने अवस्था

नाति र बुहारीले खान लाउन पाएनन् भने आ-आफ्नो बाबुको वा लोग्नेको भागबाट मात्र अंश छुट्याइ लिन पाउँछन्। सासु–ससुरा, देवर-जेठाजु सबै सगोलमै बसेको अवस्थामा यदि लोग्ने परदेश गएको वा घर छोडी अन्त गई कुनै खोज खबर नभएको अवस्थामा परिवारका सदस्यहरुले खान लाउन नदिई हेला होचो गरेमा त्यस्ती स्वास्नी मानिसले उनको लोग्नेको भाग जति अंश लिई बस्न पाउँछिन्। त्यस्तो अंश भागमा उनका छोराहरुको पनि भाग लाग्दछ।

कस्तो सम्पत्ति बण्डा लाग्छ ?

आफ्नो मेहनतले कमाएको सम्पत्ति बण्डा गर्न कर लाग्दैन। त्यस्तै सिप वा बुद्धिले कमाएको सम्पत्तिमा पनि बण्डा लाग्दैन। महिलाको माइतीबाट ल्याएको दाइजो र घर तर्फको पेवा सम्पत्तिमा पनि बण्डा लाग्दैन। मानो छुट्टिई अलग व्यवहार गरी कमाएको सम्पत्तिमा पनि बण्डा लाग्दैन र ऋणमा पनि बण्डा लाग्दैन। त्यस्तै निजी आर्जनको सम्पत्तिमा पनि बण्डा लाग्दैन। त्यस्तो बण्डा लाग्ने होइन, दाइजो, पेवा निजी आर्जनको सम्पत्ति हो भन्ने मानिसले नै त्यसको प्रमाण पुऱ्याउनु पर्दछ। नत्र अदालतले त्यस्तो सम्पत्तिलाई सगोलको सम्पत्ति भनि बण्डा लगाउँछ।

बण्डा लाग्ने सम्पत्ति सगोलको सम्पत्ति हो। सगोलको सम्पत्ति भनेको बण्डा हुनु पहिलेदेखि परिवारका सबैले भोग चलन गरी व्यवहार चलाई सगोलकै भएको र कमाएको सम्पत्ति हो। बाजेको पालादेखिको वा सोभन्दा अघिदेखिको सम्पत्तिलाई पैतृक सम्पत्ति भनिन्छ। पैतृक सम्पत्ति सगोलको सम्पत्ति हो। यस्तो सम्पत्तिबाट बढे बढाएको वा थपेको सम्पत्ति पनि सगोलकै मानिन्छ। बण्डा लगाउँदा सगोलकै रुपैंया-पैसा, गर-गहना, जग्गा जमिन, घर, ऋण, धन सबैमा बण्डा लाग्छ। ऋणमा बण्डा लगाउनको लागि त्यो ऋण सगोलमा व्यवहार गर्न लिएको प्रमाणित गर्नु पर्दछ। सगोलमा व्यवहार गर्न भनेको घर खर्च गर्न, विवाह वा ब्रतबन्ध गर्न, औषधि उपचार आदि गर्न लिएको ऋण हो।

मानो छुट्टिएको मिति

मानो छुट्टिएको मिति भनेको परिवारका सदस्यले छुट्टाछुट्टै व्यवहार गर्ने भनी आ-आफ्नै खानपिन छुट्टाछुट्टै गरेको दिन हो। मानो छुटिंदा सम्पत्तिको बाँडफाँड भएको भने हुँदैन। सम्पत्तिको पनि बाँडफाँड भयो भने त्यो अंशवण्डा नै भएको भनिन्छ। मानो छुट्टिएको मिति नेपाली कागजमा लेखी सबै अंशियारको सही छाप गराई माल अड्डामा गई रजिष्ट्रेशन पास गराउनु पर्दछ। रजिष्ट्रेशन पास भएको छैन भने अदालतले मुद्दा दिने व्यक्ति र जसका विरुद्ध मुद्दा दिइएको हो

खाने स्वास्नी, छोराहरु रहेनछन् भने त्यो अंश अरु बाँकी अंशियार बीच बराबरी भाग लाग्दछ। हाम्रो गाउँघरमा कुनै छोराको मृत्यु भयो भने उसकी श्रीमती अर्थात् बुहारीलाई अंश दिनु पर्दैन भन्ने गलत धारणा छ। तर हाम्रो कानुनमा बुहारीलाई पनि उसको लोग्नेले पाउने अंश भाग दिने व्यवस्था छ। छोराहरुले पनि आफ्नो बाबुको भागबाट मात्र अंश पाउँछन्।

अंशवण्डा अंशियारहरु बीच बराबरी लगाइन्छ। यसरी बराबरी अंश लगाउनु पर्ने भएकाले हाम्रो गाउँ घरमा "तिलको गेडा फोरी मासको गेडा घोटी" अंश भाग लगाउनु पर्दछ भन्ने कहावत छ। तर कहिले काहीं घटिबढी गरी पनि अंश भाग लगाइन्छ। त्यसलाई हाम्रो कानुनले जिउनी भन्दछ। जिउनी राख्दा अंश भागको ५ (पाँच) प्रतिशत भन्दा बढी राख्न पाइँदैन।

कुन अवस्थामा अंश माग्न पाइन्छ ?

घर परिवारमा सल्लाहले कुरा मिलाएर जहिले पनि अंशवण्डा गर्न पाइन्छ। तर कुरा मिलेन भने त्यसै मन लाग्यो भन्दैमा अंश माग्न पाइँदैन। स्वास्नी, छोरा छोरीहरुले जबरजस्ती अंश माग्न पाउँदैनन् भने बाबु वा लोग्नेले पनि जबरजस्ती अंश दिइ छुट्याउन पाइँदैन। स्वास्नी, छोरा छोरीहरुले लोग्ने वा बाबुले आफ्नो इज्जत, आमद र औकात अनुसार खान लाउन दिएन, आवश्यकता अनुसार उचित शिक्षा दिक्षा र स्वास्थ्य उपचार पाएनन् भने मात्र अंश भाग छुट्याई लिन पाउँछन्।

स्वास्नीले अंश पाउने अवस्था

स्वास्नीले लोग्नेबाट अंश पाउन पनि उसको उमेरको हद छैन। स्वास्नीले पनि मन लाग्यो भन्दैमा जहिले सुकै अंश पाउँदिनन्। तर लोग्नेले खान लाउन दिएन, कुटपिट गऱ्यो, घरबाट निकाल्यो वा सौता ल्यायो, स्वास्थ्य उपचार पाइनन् भने त्यस्ती स्वास्नी मानिसले जहिलेसुकै नालिस दिई अंश माग्न पाउँछिन्।

विधवाले अंश पाउने अवस्था

विधवा स्वास्नी मानिसले चाहेमा आफ्नो अंश लिई भिन्न बस्न पाउँछिन्। सन्तान नभएका विधवा वा विधुरले अर्को विवाह गरेमा निजले आफ्नो अंश आफूखुस गर्न पाउँछन्। सन्तान भएका विधवा वा विधुरले अर्को विवाह गरेमा सन्तान नाबालक भएसम्म त्यस्ता सन्तानको पालन पोषण र शिक्षादिक्षाको व्यवस्था सोही सम्पत्तिबाट गर्नु पर्दछ। सो काममा बाहेक त्यस्तो सम्पत्ति बण्डा र बेचबिखन गर्न पाउँदैनन्। सन्तान सावालक भएपछि आफ्नो अंशभाग आफूखुस गर्न पाउँछन्।

त्यस्ती विधवाले अर्को विवाह गरी कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पत्ति अघिल्लो लोग्नेपट्टिका कुनै सन्तान भए त्यस्ता सन्तानले र त्यस्ता सन्तान नभए अघिल्लो लोग्नेपट्टिको हकवालाले पाउँछ।

अंशवण्डा

अंशवण्डा भनेको के हो ?

घर परिवारका सबै सदस्यहरु सँधैभरि एकै ठाउँमा मिलेर बस्दैनन्। छुट्टिएर बस्न चाहन्छन्। आफ्नो सगोलको पिता-पुर्खाको सम्पत्ति बाँडफाँड गरी आ-आफ्नो जे जो छ त्यो छुट्टाछुट्टै व्यवहार गरी भोग चलन गर्दछन्। यस्तोलाई अंशवण्डा गरेको भनिन्छ। अंशवण्डा अंशियार बीच गरिन्छ। अंशवण्डाको कागज मान्य हुन मालपोत कार्यालयमा गई रजिष्ट्रेशन पारित गराउनु पर्दछ।

अंशियार भनेको को हुन् ?

अंशियार ती हुन् जसले अंश भाग पाउँछन्। हाम्रो कानुन अनुसार बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरु सबै अंशियार हुन्। झड्केलो छोरा छोरीले अंश पाउँदैनन्। किनभने तिनीहरू अंशियार होइनन्। उनीहरूले उनीहरूकै बाबुसँग अंश माग्नु पर्दछ।

अंश भाग कति पाइन्छ ?

सबै अंशियारले बराबर अंशभाग पाउँछन्। कुनै अंशियारको मृत्यु भएको छ भने उसको भाग अंश ऊ पट्टिका स्वास्नी, छोराहरुले पाउँछन्। कुनै अंशियार मरेको छ र उसको अंश भाग

नपाएकी स्वास्नी मानिसले लोग्नेबाट खान लाउन खर्च भराउन चाहेमा र त्यस्तो लोग्नेको आम्दानी आयस्ता भएमा अदालतले त्यस्ती स्वास्नी मानिसलाई लोग्नेको आयस्ताको आधारमा खान लाउन खर्च भराइ दिनु पर्दछ। लोग्नेले त्यस्तो खर्च त्यस्ती स्वास्नी मानिसले अर्को विवाह नगरेसम्मको लागि मात्र भर्नु पर्दछ।

(ञ) सम्बन्ध विच्छेद पछि बच्चाको स्थिति के हुन्छ ?

१. सम्बन्ध विच्छेद भएका मितिले २ सय ७२ दिनभित्र जन्मेको बच्चा अरु कसैको हो भन्ने प्रमाणित नभएसम्म त्यही लोग्नेकै ठहर्छ।

२. पाँच वर्ष मुनिको बच्चा पाल्ने अधिकार आमालाई हुन्छ। आमाले पाल्न नचाहेमा बाबुले पाल्नु पर्दछ।

३. पाँच वर्ष भन्दा माथिको बच्चालाई पनि आमाले पाल्न सक्छिन् तर,

- आमाले आफैं पाल्दिन भनेमा
- आमाले अर्को विवाह गरेमा
- बच्चा सावालक भएपछि आफैं आमासंग बस्न नचाहेमा, आमालाई त्यो बच्चा पाल्न कर छैन।

४. आमा र बाबुले दुवैको सर–सल्लाहबाट आलोपालो गरी पाल्न सकिन्छ।

५. आमाले पाले पनि बाबुले त्यस्तो बच्चाको खान, लाउन, शिक्षा, औषधी उपचारको खर्च दिनु पर्दछ।

६. बाबुले बच्चा पाल्दा बाबुको भन्दा आमाको आम्दानी बढी रहेछ भने आमाले पनि खर्च व्यहोर्नु पर्दछ।

७. बाबु आमा दुवैबाट बच्चालाई भेट्ने, उचित हेरविचार भएको छ छैन बुझ्ने अधिकार हुन्छ।

२. स्वास्नी मानिसले सम्बन्ध विच्छेद गर्न चाहेमा सम्बन्धित जिल्ला अदालतमा निवेदन दिनु पर्दछ।

३. लोग्ने-स्वास्नी दुवैको मञ्जुरीले सम्बन्ध विच्छेद गर्न चाहेमा आफू बसेको गाविस वा नगरपालिकामा निवेदन दिनु पर्दछ।

(ङ) स्वतः सम्बन्ध विच्छेद कुन अवस्थामा हुन्छ ?

कुनै कुनै बेला यस्तो अवस्था पनि हुन्छ जसमा अदालत गई वा गाविस वा नगरपालिकामा गएर निवेदन नदिए पनि स्वत: सम्बन्ध विच्छेद हुन्छ। यदी स्वास्नीले अर्कोसँग विवाह गरेमा लोग्ने स्वास्नीको सम्बन्ध स्वत: बिच्छेद हुन्छ।

(च) सम्बन्ध विच्छेद पछि पनि महिलाले अंश पाउने

लोग्ने र स्वास्नीको सम्बन्ध बिच्छेद हुने भएमा अदालतले निजहरुको बीच अंशबण्डा गर्न लगाएर मात्र सम्बन्ध बिच्छेद हुने निर्णय गर्नु पर्दछ। सम्बन्ध बिच्छेद हुने लोग्नेले नै अंश नलिएको अवस्थामा पनि अदालतले तायदाति मागी अन्य अंशियारहरु बीच अंशबण्डा गर्न आदेश दिई त्यस्तो लोग्ने मानिसको भागमा पर्ने अंशबाट सम्बन्ध बिच्छेद भएकी स्वास्नी मानिसले अंश पाउँछिन्।

अंश नपाउञ्जेलसम्म सम्बन्ध बिच्छेद भएकी स्वास्नी मानिसले पाउने अंशको अन्जाम गरी अंशबण्डा नभएसम्मको लागि त्यस्ती स्वास्नी मानिसको जीविकाको निमित्त मासिक रुपले खर्च भराई दिनु पर्दछ।

(छ) सम्बन्ध बिच्छेद भएकी महिलाले पाएको अंशको स्थिति के हुने ?

अंशबण्डा भैसकेपछि सम्बन्ध बिच्छेद भएकी स्वास्नी मानिसको अंशमा परेको सम्पत्तिमा निजको हक हुनेछ। त्यस्ती स्वास्नी मानिसले अर्को विवाह नगरेमा वा अर्को विवाह गरेको भए पनि कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पत्ति अघिल्लो लोग्ने पट्टिका सन्तान भए त्यस्ता सन्तानले र त्यस्ता सन्तान नभए अघिल्लो लोग्नेले पाउनेछ।

(ज) सम्बन्ध बिच्छेद भएकी महिलाले चाहेमा खर्च मात्र पनि भराइलिन सक्ने

यदी सम्बन्ध बिच्छेद हुने स्वास्नी मानिसले अंश नलिई सो बापत लोग्नेसँग वार्षिक वा मासिक खर्च भराई लिन चाहेमा अदालतले त्यस्ती स्वास्नी मानिसलाई लोग्नेको सम्पत्ति र आयस्ताको आधारमा वार्षिक वा मासिक खर्च भराइ दिनु पर्दछ। लोग्नेले त्यस्तो खर्च त्यस्ति स्वास्नी मानिसले अर्को विवाह नगरेसम्म भराई दिनु पर्दछ।

(झ) अंश गर्ने सम्पत्ति नभए पनि खाइ खर्च पाउने

सम्बन्ध बिच्छेद भएको लोग्ने स्वास्नीको बण्डा गर्नुपर्ने कुनै सम्पत्ति नभइ लोग्नेबाट अंश

(क) कस्तो अवस्थामा लोग्नेले स्वास्नीसंग सम्बन्ध विच्छेद गर्न पाउँछन् ?

- लोग्नेको मञ्जुरी नलिई स्वास्नीले लगातार तीन वर्ष वा सो भन्दा बढी समयदेखि छोडी अलग बसेमा,
- लोग्नेको ज्यान जाने, अंगभंग हुने वा अरु कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने काम वा जाल प्रपंच गरेमा।
- स्वास्नीलाई निको नहुने यौन सम्बन्धी कुनै रोग लागेमा वा विवाह भएको दश वर्षभित्र स्वास्नीको कारण सन्तान नभएको भन्ने श्री ५ को सरकारको मान्यता प्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा।
- स्वास्नीले परपुरुषसँग करिण गराएको ठहरेमा।

(ख) के स्वास्नीले लोग्नेसंग सम्बन्ध विच्छेद गर्न पाउँदैनन् ?

पाउँछन्, त्यसका लागि तल उल्लेख भएका ६ वटा आधार मध्ये एक चाहिन्छ।

१. लोग्नेले अर्को स्वास्नी ल्याएमा,
२. खान लाउन नदिई घरबाट निकाला गरेमा,
३. लोग्नेले स्वास्नीको खोजखबर नलिई, हेरविचार नगरी लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि छोडी अलग बसेमा,
४. स्वास्नीको ज्यान जाने, अंगभंग हुने वा अरु कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने काम वा जाल प्रपंच गरेमा,
५. लोग्ने नपुंसक भएमा,
६. लोग्नेले परस्त्रीसँग करणी गरेको ठहरेमा।

तर हाम्रो समाजमा लोग्नेले मात्र सम्बन्ध विच्छेद वा पारपाचुके गर्न सक्छन् भन्ने गलत धारणा छ। तर कानूनले स्वास्नी मानिसलाई पनि पारपाचुके गर्ने अधिकार दिएको छ। तसर्थ स्वास्नी मानिसले लोग्नेले दिने अनेक दुःख पीडा सहेर बस्नु पर्दैन। सम्बन्ध विच्छेद गर्ने इच्छा भएमा सम्बन्ध विच्छेद गर्न सकिन्छ।

(ग) लोग्ने-स्वास्नी दुवैको मञ्जुरीले सम्बन्ध विच्छेद हुन सक्छ

लोग्ने-स्वास्नी दुवैले सम्बन्ध विच्छेद आ-आफ्नो राजी खुशीबाट गर्न चाहेमा संयुक्त निवेदनबाट सम्बन्ध विच्छेद हुन सक्छ।

(घ) सम्बन्ध विच्छेद कहाँ गएर गर्ने र यसको तरिका के हो ?

लोग्ने-स्वास्नीले सम्बन्ध विच्छेद गर्न चाहेमा निम्न निकाय मार्फत गर्न सकिन्छ :

१. लोग्ने मानिसले सम्बन्ध विच्छेद गर्न चाहेमा आफू बसेको गाविस वा नगरपालिकामा निवेदन दिनु पर्दछ।

सम्बन्ध विच्छेद

सम्बन्ध विच्छेद भन्नाले विवाह भइसकेका महिला पुरुष, लोग्नेले स्वास्नी भई सम्बन्ध कायम राखीराख्न नसक्ने भएपछि छुट्टिएर बस्नु भन्ने बुझाउँछ। सम्बन्ध विच्छेदलाई अर्को शब्दमा छोडपत्र वा पारपाचुके पनि भनिन्छ।

आमा, बाबु, दाजुभाईको नाता टुट्न नसक्ने नाता हो। हामीले बाबुआमा वा दाजुभाइसंग जति नै झगडा गरे पनि या छुट्टिएर बसे पनि यो नाता छुट्दैन। आमाबाबु र दाजुभाइको नाता कायमै रहन्छ। तर श्रीमान्-श्रीमतीको वा पति-पत्नि वा लोग्ने-स्वास्नीको नाता भनेको पछिबाट जोडिएको नाता हुनाले लोग्ने-स्वास्नीको मन नमिलेमा वा छुट्टिएर बस्न चाहेमा छुट्टिएर बस्न सकिन्छ।

लोग्ने-स्वास्नीको सम्बन्ध एक आपसमा समझदारीपूर्ण माया-ममता युक्त र सुमधुर भएन भने त्यस्तो सम्बन्ध टुटाई लोग्ने-स्वास्नीको अलग-अलग अस्तित्व कायम राख्न सकिन्छ र हाम्रो कानूनले त्यसलाई मान्यता दिएको छ। कुनै पनि सानोतिनो निहुँ र बहानामा सम्बन्ध विच्छेद गर्न पाइदैन।

विवाह गर्ने अड्डा र तरिका के हो ?

कुनै पनि कानुनी उमेर पुगेको केटा र केटीले विवाह गर्न चाहेमा जिल्ला प्रशासन कार्यालय (सिडिओ अफिस) गई प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिई विवाह गर्न सक्दछ। यसरी विवाह गर्दा नागरिकता, फोटो र साक्षिको आवश्यकता पर्दछ। यसरी अड्डामा गई गरेको विवाहलाई दर्ता विवाह वा अदालती विवाह (कोर्ट म्यारिज) भनिन्छ। यसरी विवाह गर्दा अड्डाले दुवै पक्षलाई प्रमाणपत्र दिने हुँदा यो विवाह पक्का विवाह हुन्छ। कम्तिमा १५ दिन अघिदेखि विवाह गर्ने केटा वा केटी विवाह दर्ता गर्ने इलाकामा बसेको हुनु पर्दछ। यो विवाह विवाह दर्ता ऐन, २०२८ अनुसार गरिन्छ।

विवाह दर्ता किन गर्ने ?

समाजमा हामीले रित, कुल, परम्परा अनुसार वा आफू खुशी मन्दिरमा गएर विवाह गरेको छ भने त्यस्तो विवाहलाई पनि दर्ता गराउनु पर्दछ। यसलाई विवाह दर्ता भन्दछन्। यस्तो विवाह दर्ता गराउँदा लोग्ने-स्वास्नी दुवै जनाले स्थानीय गाविस वा नगरपालिकामा गएर विवाह दर्ता गराउनु पर्दछ। यसरी दर्ता गराउनाले विदेश जान, नागरिकता बनाउन, जग्गा-जमिन किनबेच आदि गर्न सजिलो पर्दछ।

बदर हुने विवाह



कस्तो विवाह स्वतः बदर हुन्छ ?

- कानूनले गर्न हुँदैन भनेर भनेको नाता भित्रको विवाह
- केटा र केटीको मञ्जुरी नभइ भएको विवाह
- लोग्ने भएको सधवा महिलालाई कन्या वा अविवाहित भनेर ढाँटेर गरेको विवाह
- विवाहित वा विदुर पुरुषलाई कुमार वा अविवाहित भनी ढाँटेर गरेको विवाह।

बदर गर्न चाहेमा बदर गर्न सकिने विवाह कस्ता हुन् ?

- १८ वर्ष नपुगी विवाह भएका केटाकेटीले १८ वर्ष पुगेपछि मञ्जुरी नगरे त्यो विवाह केटाकेटीले बदर गराउन चाहेमा बदर गराउन सक्छन्।
- शारीरिक कमजोरीलाई ढाँटी सद्दे छ भनी विवाह गरी मर्का पर्ने पक्षले बदर गराउन चाहेमा।

- स्वास्नी कुँजी, लुलि, लाटी, अन्धि आदि भएमा,
- स्वास्नी परलोक भइसकेकोमा,
- स्वास्नीले अंश लिई भिन्दै बसेकोमा।

वहुविवाहको उजुरी कहाँ गर्ने, कसले गर्ने र कति समयमा गर्ने ?

- वहुविवाहको उजुरी पीडित पक्ष वा गाउँघर, टोलछिमेकमा जसलाई थाहा हुन्छ, जोसुकैले गर्न सक्दछ।
- वहुविवाहको उजुरी नजिकको प्रहरी कार्यालयमा जाहेरी दरखास्त भन्ने निवेदनबाट गरिन्छ।
- यो दर्खास्त वहुविवाह भएको मितिले वा थाहा पाएको मितिले तीन महिना भित्रै दिनु पर्दछ। यो समयमा दरखास्त दिन सकिएन भने कानुनले मद्दत गर्न सक्दैन।
- वहु विवाहको मुद्दा सरकारवादी भएर चल्दछ। अर्थात् सरकार आफैंले मुद्दा गर्दछ।

वहु विवाह

अभिनयका लागि सम्वाद

अभिनयका लागि सम्वाद

पात्रहरु : १.जेठी बूढी २.कान्छी बूढी (सौता) र ३.उनीहरुको लोग्ने

(जेठी बूढी घरमा कुचो लगाउँदै एक्लै गन्गनाउँदै) खै, सीताका बाउ हिडेका पनि महिना दिन भइसक्यो। कहाँ गएका हुन् कोनी, केही पत्तो छैन । २-३ महिनादेखि तेसै निहुँ खोजी खोजी झगडा मात्र गर्न थालेका छन् । के भाको हो कुन्नी। बेला बेलामा कान्छी ल्याउँछु भनेर घुर्की देखाउँथे। लोग्ने मान्छेको जात, के भरोसा ? तर कान्छी मात्रै ल्याउ न मैले जान्याको छु।

(यतिकैमा एक जना लोग्ने मानिस एउटी महिला लिएर घरको आँगनमा आइपुग्छ) जेठी बूढी उनीहरु आएको देख्नासाथ शंकास्पद आँखाले हेर्दै रिसाउँदै फन्फनिदै कराउन थाल्छे) कसलाई लिएर आयौ? तिमीसंग आएकी आइमाई को हो?

(रिसले मुरमुरिँदै लोग्ने मानिस) तेरी सौता हो बुझिस् । मसंग धेर रिस गर्थिस् नी, खाइस खुदो। खुट्टा भए जुत्ता हजार भेटिन्छन्। थाह पाइस् अब त।

(रिसले चिच्याउँदै सौताको नजिक गएर बाझ्दै जेठी बूढी) तैंले मेरो घरमा सौता भएर आउने आँट कसरी गरिस्? हेरौं त कसरी भित्र परिदरहिछस्? (जगल्ट्याउन खोज्छे, लोग्ने तिर फर्केर) लाज नभएको लबस्तरो। यतिका लाठे छोरा, बढेकी छोरीका अगाडि कान्छी स्वास्नी ल्याउन लाज लाग्दैन?

कुनै पनि विवाह भएको लोग्ने मानिसले आफ्नो श्रीमती हुँदाहुँदै अर्को विवाह गरेमा त्यसलाई वहुविवाह भनिन्छ। कानुनले वहुविवाह गर्ने अर्थात् अर्को स्वास्नी ल्याउने वा स्वास्नी भई आउने दुवैलाई सँजाय गर्दछ। त्यो सँजायमा एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि पच्चिस हजार रुपैंयाँसम्म जरिवाना हुन्छ। तर पछि विवाह भएकी स्वास्नी मानिसलाई पहिलेको स्वास्नी छ भनी थाहा नभई आएकोमा सँजाय हुँदैन।

हाम्रो समाजमा "मर्दकी सात वटी" भन्ने गलत उखान जोडी दाइजो नल्याएको, रुप राम्रो नभएको, छोरा नपाएको, अनपढ, असभ्य आदि भन्दै वहुविवाह गर्ने गरिन्छ तर त्यसलाई कानुनले अपराध मान्दछ। तर कतिपय अवस्थामा ऐनले नै वहुविवाह गर्ने छुट दिएको छ।

लोग्नेले वहुविवाह गर्न पाउने अवस्थाहरु

- स्वास्नीलाई यौन सम्बन्धी सरुवा रोग लागी निको नभएमा,
- स्वास्नी निको नहुने गरी बहुलाएमा,
- स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने श्री ५ को सरकारबाट मान्यता प्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा,

वाल विवाह

१८ वर्ष भन्दा कम उमेरको विवाहलाई वाल विवाह भनिन्छ। कानुनले यस्तो विवाहलाई अपराध मान्दछ। त्यस्तो विवाह गरिदिनेलाई सँजाय हुन्छ। जति जति कम उमेरको वालवालिकाको विवाह गराइन्छ कानुनमा उति नै बढी सँजायको व्यवस्था गरिएको हुन्छ। जो यसप्रकार छ :

- दश वर्षमुनिको वालवालिकालाई विवाह गरिदिने मुख्य व्यक्तिलाई ६ महिनादेखि तीन वर्षसम्म कैद र एक हजार रुपैंयादेखि १० हजार रुपैयाँसम्म जरिवाना हुन्छ। विवाहको काम गराइदिने बाहुन (पुरोहित), लमि र अन्य सहयोगीलाई एक महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना हुन्छ।
- दश वर्षदेखि माथि चौध वर्षभन्दा मुनिको केटाकेटीलाई विवाह गराइ दिने व्यक्तिलाई तीन महिनादेखि एक वर्षसम्म कैद र पाँच हजार रुपैंयासम्म जरिवाना हुन्छ। यस्तो विवाह गराइदिने बाहुन (पुरोहित), लमी र अन्य सहयोगीलाई एक महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना हुन्छ।
- चौध वर्षभन्दा माथि १८ वर्ष मुनिको केटाकेटीलाई विवाह गरी दिने व्यक्तिलाई ६ महिनासम्म कैद र १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सँजाय हुन्छ। यस्तो विवाह गराइदिने बाहुन (पुरोहित), लमी र अन्य सहयोगीलाई एक महिनाको कैद वा एक हजार रुपैयाँसम्म जरिवाना हुन्छ।
- तर यस्तो अवस्थामा जरिवाना बापत आएको पैसा सम्बन्धित बालिका, स्वास्नी मानिस वा लोग्ने मानिसलाई दिलाइन्छ।
- उमेरको हदभित्रको भनी ढाँटी नजानि विवाह गर्ने गराउनेलाई सजाय हुँदैन।
- उमेर पुगेपछि सम्बन्धित केटाकेटीले मञ्जुर नगरे त्यस्तो विवाह बदर समेत गराउन पाउँछन्।

३. ढाँटेर विवाह गरिदिन हुँदैन

- कुनै पनि विवाह गराइ दिंदा केटाकेटी बोल्न नजान्ने बक्क लाटो, महारोग (कुष्ठरोगी), कुँजो, अन्धो, बहुलाएको वा छारे रोग लागेको छ भने पनि लागेको छैन, सद्दे नै छ भनेर ढाँटेर विवाह गराउन हुँदैन।
- त्यस्तै नपुंसक लोग्ने र स्वास्नी मानिसको पनि विवाह गराउन हुँदैन। भएमा पनि केटाकेटीको मञ्जुरी छ भने मात्र त्यो विवाह सदर हुन्छ नत्र त्यो विवाहलाई मानिदैन। ढाँटेको कुरा मुद्दामा प्रमाण सहित दिनु पर्दछ। यसमा ढाँटेर विवाह गर्नेलाई रु. ५००।- सम्म जरिवाना हुन्छ।
- सधवा, विधवा वा सम्बन्ध विच्छेद भएकि आइमाईलाई विवाह गरेको छैन, कन्या केटी हो भनेर र विवाहित, विदुर वा सम्बन्ध विच्छेद भइसकेको लोग्ने मानिसलाई कुमार केटा भनी ढाँटेर विवाह गराइ दिनु हुँदैन। यस्तो विवाह भएकोमा सम्बन्धित पक्षले मञ्जुर नगरे त्यो विवाह बदर हुन्छ। तर विधवा स्वास्नी मानिस हो र केटाले मञ्जुर गरेमा विवाह सदर हुन्छ नत्र बदर हुन्छ। केटाको मञ्जुरीले गरिएको विधवा विवाहलाई कानूनले रोकेको छैन।
- यसरी सधवा, विधवा वा सम्बन्ध विच्छेद भएकि स्वास्नी मानिसलाई कन्या केटी भनेर ढाँटेर वा त्यस्तै विवाहित, विदुर वा सम्बन्ध विच्छेद भइसकेको लोग्ने मानिसलाई कुमार केटा भनी झुक्याई विवाह गराइदिनेलाई १० हजार रुपैयाँसम्म जरिवाना गरी झुक्यानमा पर्नेलाई दिलाई दिनु पर्दछ।

४. हाड नाता भित्रको विवाह

- हाडनाता पर्ने नातामा विवाह गर्नु हुँदैन। हाडनाता भन्नाले आफ्नो नजिकको नाता हो जोसँग विवाहवारी चल्दैन। जस्तै काकाको छोराछोरी, आफ्नै मामाको छोराछोरी, दाजुभाइ आदि।
- तर पहिलेदेखि आफ्नो जात, रित, परम्परा अनुसार चलिआएको विवाहलाई कानुनले रोकेको छैन। जस्तै मामाचेला, फुपुचेलाको विवाह।
- हाडनाता भित्र विवाह गर्दा सँजाय हुन्छ। यो सँजाय जति नजिकको नातामा विवाह भयो उति नै बढी हुन्छ। यस्तो सँजाय बढीमा जन्मकैदसम्म हुन्छ।

परिच्छेद दुई

विवाह सम्बन्धी कानुनी व्यवस्था

१. विवाह के हो ?

एक जना पुरुष र एक जना महिलाले अवदेखि हामी संगै वस्छौं र लोग्ने स्वास्नी भई व्यवहार चलाउँछौं भनी लोग्ने-स्वास्नी भएर वस्नुलाई विवाह भनिन्छ। हाम्रो समाजमा विवाह मुख्यत: तीन प्रकारबाट गरिन्छ।

१. आफ्नो रीतिथिति, परम्परा अनुसार केटा पक्ष र केटी पक्षका परिवारको मञ्जुरीमा केटाकेटीको विवाह गरिदिने। जसलाई मागी विवाह वा मगनि विवाह भनिन्छ।

२. केटा र केटी आफैं मन पराई परिवारको मञ्जुरी नभई भागेर गर्ने विवाह अथवा प्रेम विवाह।

३. केटाकेटी दुवै मिलि अड्डामा गई गर्ने विवाह दर्ता विवाह (कोट म्यारिज)।

विवाह गर्दा हाम्रो कानुनमा कुल, धर्म, जात आदि मिल्नु पर्छ भन्ने बाध्यता छैन तर विवाह पछि केटाकेटीको सम्बन्ध राम्रो होस्, टिकाउ होस् भन्नका लागि दुवैले आफ्ना अधिकार र कर्तव्य बुझेको, एक अर्काको भावनाको कदर गर्ने भइ विवाह दरिलो र भरोसिलो होस् भनेर हाम्रो कानूनमा विवाह गर्दा ध्यान पुऱ्याउनु पर्ने केही कुराहरुको भने व्यवस्था गरिएको छ।

विवाह गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरु

१. केटा र केटीको उमेर पुग्नु पर्दछ

- विवाह गर्दा केटाको उमेर २० वर्ष पूरा भएको र केटीको उमेर पनि २० वर्ष पूरा भएको छ भने मात्र उनीहरुले अड्डामा गई विवाह गर्न सक्दछन्।
- तर केटाकेटीको अभिभावकको संरक्षकको मञ्जुरी छ भने केटाको उमेर २० वर्ष र केटीको उमेर १८ वर्ष भए पनि हुन्छ।
- २० वर्ष मुनिको केटाकेटीलाई कुनै पनि हालतमा विवाह गरिदिन वा गर्नु हुँदैन।
- केटा र केटीको उमेरको फरक २० वर्ष भन्दा बढी हुनु हुँदैन।

२. विवाह गर्दा केटाकेटीको मञ्जुरी हुनुपर्दछ

विवाह गर्दा केटाकेटीको मञ्जुरी भएर मात्र विवाह गर्नु पर्दछ। मञ्जुरी नभई गरेको विवाह केटा र केटीले चाहेमा बदर गराउन सक्दछन्। विवाह बदर गराउन चाहेमा विवाह भएको तीन महिना भित्र नालेस दिन सकिन्छ। मञ्जुरी विना जबरजस्ती विवाह गराउने व्यक्तिहरुलाई दुई वर्षसम्म कैद हुन सक्दछ।

न्याय किन चाहिन्छ ?

- शान्तिपूर्ण समाज निर्माण गर्न,
- मानिसलाई स्वतन्त्र र समान भएको अनुभूति गराउन,
- मानवको बाँच्न पाउने अधिकारको ग्यारेन्टी गर्न,
- अन्याय र असत्य विरुद्ध सत्य र न्याय स्थापित गर्न,
- हेपाई, बलमिचाइ, दु:ख पीडाबाट मुक्त हुन,
- मानिसको हक अधिकारको रक्षा गर्न।

न्यायको आधार के हो ?

न्यायको आधार प्रमाण हो। त्यसैले भनिन्छ फैसलामा न्यायाधिश बोल्दैन प्रमाण बोल्छ। न्याय पाउन प्रमाण अनिवार्य छ। प्रमाण विना जति नै अन्याय भए पनि न्याय पाइँदैन। न्याय पाउन साक्षी, लिखत कागजहरु, बयान, दशी प्रमाणका अलावा समयमै उजुर वा नालेश गर्ने, अधिकार भएको व्यक्तिले नालेश वा उजुर गर्ने तथा अधिकार भएको अड्डा अदालतमा न्यायको लागि जानु पर्दछ।

न्यायका केही मान्य सिद्धान्तहरु

- न्याय ढिलो दिनु न्याय नदिनु सरह हो। (समयमै न्याय पाउनु पर्दछ)
- न्यायलाई विलम्वले पराजित गर्दछ (ढिलो उजुर वा सयममा नगर्नाले न्याय पाइँदैन)।
- न्याय गरेर मात्र पुग्दैन न्याय परेको देखिनु पर्दछ (जनताले न्याय भएको महसुस गर्नुपर्छ)।
- न्याय पूर्वाग्रहरहित, निष्पक्ष र स्वतन्त्र हुनु पर्दछ।
- न्याय स्वेच्छाचारी, विवेकशून्य र आत्मकेन्द्रित हुनु हुँदैन।
- न्याय मत्स्य न्याय विरुद्ध प्राकृतिक न्याय र सामाजिक न्याय अनुरुप न्यायिक मन प्रयोग गरी हुनु पर्दछ।
- हाम्रो नीतिशास्त्र भन्छ "निन्दा गरोस वा प्रशंसा, लक्ष्मी आउन वा जाउन, आज मर्नु परोस् वा कालान्तरमा, यी कुनै कुराको कति पनि चिन्ता नराखी न्याय दिने धीर पुरुषहरु न्यायको बाटोबाट हिंडिरहन्छन्। कति पनि विचलित हुँदैनन्"।

न्याय

न्याय के हो ?

सत्य र असत्यको लडाइँमा सत्यको पक्ष लिनु न्याय हो। दुधको दुध पानीको पानी छुट्याउनु न्याय हो। न्याय धनी-गरीब, सानो-ठूलो, कालो-गोरो, माथिल्लो जात-तल्लो जात, महिला-पुरुष आदिको भेदभावका आधारमा प्रदान गरिंदैन। अन्यायको विरुद्ध सत्यको पक्ष लिनु र "साँचो डग्दैन झुटो टिक्दैन" भन्ने मान्यता स्थापित गर्नु न्याय हो।

त्यसैले हाम्रो नितिशास्त्रले पनि भन्छ- "निन्दा होस् वा स्तुती होस्, धनोपार्जन होस् वा नहोस्, मृत्युपछि वा तत्काल नै किन नहोस् प्राज्ञहरुले न्यायको बाटो छाड्दैनन्।" मानिसको शान्तिपूर्ण तरिकाले बाँच्ने अधिकारको रक्षा गरी गल्ती गर्नेलाई दण्ड दिनु न्याय हो। त्यसैले प्राकृतिक न्याय, सामाजिक न्याय र आर्थिक न्यायलाई आत्मसात गरिएको न्याय हाम्रा लागि अनिवार्य छ। शान्ति भन्ने विषय न्यायबाट मात्र प्राप्त गर्न सकिन्छ। विकास र प्रगतिका लागि शान्ति अनिवार्य छ।

हो। यस संविधानलाई हालसम्मका संविधान मध्येको प्रगतिशील संविधान मानिन्छ।

संविधानसंग बाझिने गरी कानून बनाउन पाइँदैन। संविधानसंग नमिल्ने कानूनले मान्यता पाउँदैन। संविधानले जनताको हक अधिकारको पनि व्यवस्था गरेको हुन्छ। त्यसलाई हाम्रो संविधानमा मौलिक हक भनेर भनिएको छ। यदि हामीलाई हाम्रा हकको उपभोग गर्न दिइएन भने अदालतमा गएर निवेदन दिई त्यस्ता हकको उपभोग गर्न सकिन्छ। त्यस्ता निवेदनलाई रिट भनिन्छ।

ऐन भन्नाले के बुझिन्छ

हामीले चुनेर पठाएका जनप्रतिनिधि (सांसद) हरुले कानून बनाउँछन्। कानून बनाउने काम गर्ने भएकोले नै तिनीहरुलाई विधायक पनि भनिन्छ। सरकारले वा सांसदले संसदमा नयाँ कानून पेश गरी छलफल गराउँछन्। त्यसलाई विधेयक भन्दछन्। विधेयकलाई राजाले स्वीकृति दिएपछि त्यो "ऐन" बन्दछ। राजार्ले स्वीकृति दिने कार्यलाई लालमोहर लगाउने पनि भनिन्छ। कुनै पनि विधेयक लालमोहर लागेपछि त्यो ऐन बन्दछ। हाम्रो देशमा विभिन्न मन्त्रालयहरु, कानून मन्त्रालय र कानून सुधार आयोग जस्ता निकायहरु ऐन निर्माण गर्न संलग्न हुन्छन्। ऐन बनाउने काम संसदले मात्र गर्दछ। संविधानसंग नबाझिने गरी र यसले दिएका अधिकार नकाटिने गरी ऐन बनाउनु पर्दछ। ऐनहरु जनताको आवश्यकता अनुसार र समयको मागअनुसार बनाइन्छ। पुरानो र काम नलाग्ने ऐन खारेज गरी वा त्यसमा संशोधन र थपघट गरेर पनि ऐनलाई समय सुहाउँदो बनाइन्छ। ऐनले हक-अधिकार, काम-कर्तव्यको व्यवस्था गरेको हुन्छ।

नियम के हो ?

कानूनको ठूलो परिवार भित्रको सदस्य संविधान र ऐन भए जस्तै नियम पनि एक हो। नियम सरकारले बनाउँछ। नियम ऐनको अधिनमा रही बनाइन्छ। ऐनसँग नबाझिने गरी नियम बनाउनु पर्दछ। नियममा ऐनले नसमेटेका, प्रष्ट पार्नुपर्ने विषयलाई प्रष्ट पारिएको हुन्छ। नियमले ऐनले प्रदान गरेको हक अधिकार, काम कर्तव्यको कार्यान्वयन गराउन आवश्यक उपायहरुलाई व्यवस्था गरेको हुन्छ। नियम खासगरी कार्यमुखी हुन्छ। हक-अधिकार प्राप्त गर्ने उपायहरु यसले देखाउँछ।

विनियम के हो ?

नियमको अधिनमा बन्ने कानूनलाई विनियम भनिन्छ। विनियम पनि नियम र ऐनसंग नबाझिने हुनु पर्दछ। नियमले नसमेटिएका कुराहरुलाई विनियम बनाएर लागु गरिन्छ। हाम्रो गाउँघरमा हुने दुग्ध उपभोक्ता सहकारी संस्था र बन उपभोक्ताहरु यस्तै विनियमको अधिनमा चलेका हुन्छन्। विनियम पनि कानूनको एउटा हाँगो हो।

परिच्छेद एक

कानुन, संविधान, ऐन, नियम र विनियम

खेलसम्बन्धी निर्देशन

सबै सहभागीले देख्ने गरी भुईंमा एउटा चिन्ह कोर्ने। त्यसपछि सबै सहभागीहरूलाई पालै पालो अव्यवस्थित रूपले चिन्ह भन्दा अलिकति पर रहेको वस्तुलाई डष्टरले हान्न लगाउने। धेरैले त्यही वस्तुलाई हान्न नसकेपछि पुनः एक जनालाई भन्ने । जसलाई पहिले नै सिकाएर राखेको हुन्छ। उसले नजिकै कोरिएको चिन्हमा आएर हान्छ र खेलमा विजयी हुन्छ।

(खेलको बर्णन गराई छलफल गराउने । खेलमा नियमको आवश्यकता भएको र बनाइएको नियम जाने तथा सो नियमको पालना गरेमात्र खेलमा स्वस्थ्य ढंगले जित हार भए जस्तै कानून पनि समाजलाई स्वस्थ ढंगले संचालन गर्न निर्माण भएकोले सो कानूनको जानकारी हुनैपर्ने र नजान्नेलाई कानूनले सहयोग गर्न नसक्ने कुरा बताउने)

कानुन भनेको के हो ?

मानिसले यो काम गर्नुहुन्छ यो काम गर्नु हुँदैन भनेर लेखेर वा नलेखेर समाजका सबैले स्वीकार गरेको र मानेको नीति नियमहरु नै कानुन हो। कानुन म जान्दिन, मलाई थाहा छैन भन्न पाइँदैन। जान्दा वा नजान्दा, थाहा पाउँदा वा नपाउँदा पनि कानुन सबैलाई बराबरी लाग्छ। यसले ठूलो, सानो, धनी, गरीब, कालो, गोरो, छुत, अछुत आदिको आधारमा पक्षपात गर्दैन।

कानुन जान्दिन भनेर उम्कन नपाउने भएकाले नै यस वारेमा हामी सबैले थाहा पाउनै पर्दछ। त्यसैले कानुनको शिक्षा हामीलाई आवश्यक भएको हो। कानुन भित्रै संविधान, ऐन,नियम र विनियमहरु पर्दछन्।

संविधान के हो ?

संविधान देशको मूल कानुन हो। संविधान भन्दा माथि कोही हुँदैन। देशको सबै कानुनहरु संविधानको अधिनमा बन्दछन्। संविधानले देशको सरकारको प्रधानमन्त्री र मन्त्रीहरु, संसद र सांसदहरु, अदालत र न्यायाधिशहरुका काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको हुन्छ। देशको नीति र व्यवस्था बारे संविधानमा उल्लेख गरिएको हुन्छ। शासन व्यक्तिको होइन विधिको हुनु पर्दछ भन्ने धारणाले नैं संविधानलाई ठूलो र सर्वोच्च कानुन मानिएको हो। अहिलेसम्म नेपालमा ५ वटा संविधान लागू भइसकेको छ। हालको संविधान, नेपाल अधिराज्यको संविधान, २०४७ नेपाली जनताले वि.सं. २०४६ सालमा आन्दोलन गरेर ल्याएकोले जनतालाई नै ठूलो र निर्णायक शक्ति मानिएको संविधान हो। यो संविधान वि.सं. २०४७ साल कार्तिक २३ गतेदेखि लागु भएको

२०. ठगी ५६
२१. किर्ते र जालसाँजी ५८
२२. लागु पदार्थ ६१
२३. गाली बेइज्जती ६४
२४. महिला विरुद्ध हुने अपराध ६७
२५. भ्रष्टाचार विरुद्धको कानुन ७१
२६. वेश्यावृत्ति ७३
२७. महिला बेचबिखन सम्बन्धी अपराध ७५
२८. गर्भपतन ७७
२९. महिला र घरेलुहिंसा ७९

परिच्छेद पाँच

३०. महिला, बालबालिका र समाजका कमजोर वर्गहरु ८२
३१. बालबालिका ८३
३३. समाजका कमजोर वर्गहरु ८५

परिच्छेद छ

३३. ज्याला मजदुरी ८७
३४. दासत्व विरुद्धको हक र कमैया ९०
३५. छुवाछूत सम्बन्धी कानुन ९२
३६. वन र वनसम्बन्धी कानुन ९४
३७. स्वायत्त शासन र कानुन १००
३८. सामाजिक व्यवहार १०२

परिच्छेद सात

३९. घर व्यवहारमा लेनदेन गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरु १०४
४०. केही व्यवहारिक लिखत, उजुरी र निवेदनका ढाँचाहरु १०८
४१. कानुनी उपचार सम्बन्धी व्यवस्था ११७
४२. कानुनी शिक्षामालाका कठिन शव्दार्थ १२०

विषय सूची

परिच्छेद एक

क्र.सं.	विषय	पृष्ठ
१.	कानुन, संविधान, ऐन, नियम र विनियम	१
२.	न्याय	३

परिच्छेद दुई

३.	विवाह सम्बन्धी कानुनी व्यवस्था	५
४.	बाल विवाह	७
५.	बहु विवाह	८
६.	बदर हुने विवाह	१०
७.	सम्बन्ध विच्छेद	१२
८.	अंशबण्डा	१६
९.	धर्मपुत्र-पुत्री	२२
१०.	अपुताली	२४
११.	माना-चामल	२७
१२.	जग्गा-जमिन	२९
१३.	गुठी जग्गा	३३
१४.	मोही	३५

परिच्छेद तीन

१५.	महिलाको सम्पत्ती सम्बन्धी अधिकार	३७

परिच्छेद चार

१६.	अपराध सम्बन्धी कानुन व्यवस्था	४२
१७.	कुटपिट र लुटपिट	४६
१८.	सार्वजनिक अपराध	५०
१९.	चोरी र डाँका	५२

- विधवा वा सधवा स्वास्नी मानिसले अर्को विवाह गरेमा त्यो अंश भाग उसको अन्य हकदारमा फर्काइ दिनु पर्दछ।
- धर्मपुत्रले लिएको अंश भाग धर्मपुत्र बदर भएमा फर्काइ दिनु पर्दछ।

यसरी फिर्ता दिनुपर्ने अंश भाग फिर्ता दिइएन भने अदालतमा नालेश गरी फिर्ता लिन सकिन्छ।



धर्मपुत्र-पुत्री

अभिनयसम्बन्धी निर्देशन

पात्र १. हरि प्रसाद २. पेमा

हरिप्रसादः (पेमातिर फर्केर फर्केर कुरा गर्दै) खै आफ्ना त छोरा-छोरी पनि भएनन्। पछि बूढेसकालको सहारा पनि को हुने होला कुन्नी।

पेमा : (टाउको कन्याउदै) साँच्चै छोरा-छोरी नभएको घर त उराठलाग्दो नै हुँदो रहेछ। त्यसैले त होला, तल्ला घरे साइँलाले एउटी चौधरीको छोरालाई धर्मपुत्र बनाएर राखेको छ। आफ्नै छोरा जस्तै गरेर पालेको छ। (हरिप्रसादपट्टि फर्केर) तपाईले पनि त्यसै गरे हुने हो।

हरि प्रसाद : तिमीले ठीकै भन्यौ। यसरी छोरा-छोरी बिनाको उराठिलो जीवन विताउनु भन्दा त बरु त्यसै गर्नु पर्ला।

धर्मपुत्र, धर्मपुत्री भनेको के हो ?

छोरा नभएका बाबुआमाले अर्काको छोरालाई आफ्नो छोरा सरह विधिपूर्वक स्वीकार गरी छोरा बनाई राख्नुलाई "धर्मपुत्र" राख्ने भनिन्छ। त्यस्ता छोरालाई धर्मपुत्र भनिन्छ। यसरी राखेको धर्मपुत्रको अधिकार छोरा सरह हुन्छ। छोरा छोरी नभएका बाबुआमाले मात्र धर्मपुत्र राख्न पाउँछन्। त्यस्तै छोरा छोरी नहुने बाबुआमाले अर्काको छोरीलाई आफ्नो छोरीको रुपमा धर्मपुत्री राख्न पाउँछन्। त्यस्ता धर्मपुत्रीको अधिकार छोरी सरह हुन्छ। छोरा छोरी नभएका बाबुआमाले मात्र धर्मपुत्र वा पुत्री राख्न पाउँछन्। एक पटक कसैले धर्मपुत्र वा धर्मपुत्री राखी सकेपछि पछि छोरा वा छोरी जन्मदैमा त्यो धर्मपुत्र वा पुत्री बदर हुँदैन।

धर्मपुत्र वा पुत्री लिखत गरेर माल अड्डामा रजिष्ट्रेशन पास गरेर मात्र लिइन्छ। यस्ताको हक अधिकार छोरा-छोरी सरह हुन्छ।

भिन्न बसेकी महिलाले धर्मपुत्र राख्न सक्ने

लोग्नेसँग अंश लिई वा मानो छुट्टिई भिन्न बसेकी स्वास्नीमानिसको आफ्नो छोराछोरी छैन भने त्यस्ती स्वास्नी मानिसले धर्मपुत्र वा धर्मपुत्री राख्न पाउँछे।

धर्मपुत्र वा पुत्री बदर हुने

एक पटक धर्मपुत्र वा पुत्री भएकालाई पुनः धर्मपुत्र वा पुत्री दिन हुँदैन। दिएको भए पनि बदर हुन्छ।

उमेर

धर्मपुत्र वा पुत्री हुने र राख्नेको उमेर कम्तिमा ३० वर्ष फरक हुनु पर्दछ।

धर्मपुत्र बदर हुने अवस्था

यदि बाबुआमाको हेरचाह नगरेमा, धनमाल बिगारेमा, सम्पत्ति द'रुपयोग गरेमा, कुटपिट गरेमा, शारीरिक वा मानसिक यातना दिएमा, घर छाडी हिंड्ने गरेमा धर्मपुत्र वा पुत्री बदर हुन सक्दछ। त्यसरी बदर गराउन जिल्ला अदालतमा उजुरी दिन सकिन्छ। त्यस्तै धर्मपुत्र राख्नेले खान लाउन नदिएमा, शिक्षा, स्वास्थ्य उपचार व्यवस्था नगरेमा, छोराछोरी सरह अंशमा नालेश गर्ने अधिकार धर्मपुत्र वा पुत्रीलाई हुन्छ।

विदेशीलाई धर्मपुत्र वा पुत्री दिन सकिने

- विदेशीलाई उसको चालचलन, आर्थिक अवस्था, चरित्र आदि हेरी उसको देशको सरकार वा राजदूतावासको सिफारिसमा त्यस देशमा धर्मपुत्र वा पुत्रीलाई छोराछोरी सरह हक हुने व्यवस्था भएमा मात्र सरकारको अनुमतिले धर्मपुत्र वा पुत्री दिन सकिन्छ।
- एउटा मात्र छोरा वा छोरी हुनेले धर्मपुत्र वा पुत्री दिन सक्दैनन्।

उजुर गर्ने म्याद

ऐनले राख्न नहुने धर्म पुत्र वा पुत्री राखेको कुरामा थाहा पाएको मितिले दुई वर्षभित्र नालिस नदिए लाग्न सक्दैन।



अपुताली

अभिनयसम्बन्धी निर्देशन

पात्रहरूः १. माहिला दाइ २.हुतनाथ

माहिला दाइः (हुतनाथसंग कुरा गर्दै) ए हुतनाथ दाइ ! हैन. ती मुखिया बाका त सन्तान पनि भएनन्। अब उनको साढा सम्पत्ति कसले खाला हैं ?

हुतनाथः (खैनी माड्दै) ल। त्यति पनि थाहा छैन? अब उसका काका बाउ, छोरा, छोरी, भाइ भतिजहरु पनि कोही छैनन् । उसको हेरचाह गर्ने एउटी मात्र बहिनी छ। बाको हेरचाह पनि उसैले गरिराखेकी छे। त्यसैले अब बाको सेखपछि उनको सम्पत्ति उसकै अपुताली हुने भयो नी।

अपुताली भनेको के हो ?

जन्मेपछि मृत्यु स्वभाविक कुरा हो। मान्छे मरे पनि उसको सम्पत्ति ऊसँग जादैन। त्यो सम्पत्ति यहीं रहन्छ। यस्तो मृत्यु भएको मान्छेको सम्पत्ति बाँचेका मानिसले पाउँछन्। यसरी पाएको सम्पत्तीलाई अपुताली र पाउनेलाई हकवाला भनिन्छ।

हकवाला को हुन् ?

मृत्यु हुने मानिसका नजिकका नातेदार नै हकवाला हुन्। नजिक र परको नातेदार पुस्ताको हिसाबमा हुन्छ। पुरुष तर्फका ७ पुस्तासम्मका नातेदारहरु हकवाला हुन्। तर मर्ने व्यक्तिका नजिकका नातेदारले वास्ता नगरी टाढाको नातेदारले पालन पोषण गरे उसैले पालन पोषणका आधारमा अपुताली पाउँछ।

हकवालाहरुको रोलक्रम यस प्रकार छ :

- लोग्ने मरेमा स्वास्नी र स्वास्नी मरेमा लोग्ने,
- छोरा
- अविवाहित छोरी
- छोराको छोरा (नाती) वा निजको अविवाहित छोरी (नातिनी)
- मर्नेको छोरा नभए विधवा बुहारीले छोरा सरह अपुतालि पाउने
- विवाहित छोरी
- विवाहित छोरी नभए निंजका छोरा वा अविवाहित छोरी

अंश र अपुतालीमा के फरक छ ?

अपुताली मानिसको मृत्यु भएपछि मात्र पाइन्छ। अंश पाउन अंशियार हुनु पर्दछ। अंशवण्डा गर्न कसैको मृत्यु हुनु पर्दैन। अंशमा पालन पोषणको अवस्था आउँदैन तर अपुतालीमा नजिकको हकवालाले पालनपोषण गर्नु पर्दछ।

लोग्ने स्वास्नीले अपुताली पाउने अवस्था

लोग्ने र स्वास्नी समान पुस्ताका हुन्। लोग्ने स्वास्नी मध्ये कोही मर्ने वित्तिकै बाँच्नेले अपुताली पाउँछ। यस्तो अवस्थामा छोरा नातीले अपुताली पाउँदैनन्। लोग्ने र स्वास्नी भिन्नाभिन्नै बसेको अवस्थामा भने छोराले अपुताली पाउँछ।

छोरा र अविवाहिता छोरीले अपुताली पाउने अवस्था

बाबुआमा दुवै परलोक भएपछि छोरा र अविवाहित छोरीले अपुताली पाउँदा धेरै छोरा र अविवाहित छोरीहरु रहेछन् भने सबैले बराबरी बाँडेर अपुताली लिन पाउँछन्। आमाको निजी आर्जनको सम्पत्तिमा पनि बाबुले अपुताली नपाई छोरा र अविवाहित छोरीले पाउँछन्।

नाती नातिनीले अपुताली पाउने अवस्था

हजुरबा, हजुरआमा दुवैको मृत्यु भई बाबुआमाको पनि मृत्यु भएमा छोराको छोरा (नाती) र छोराको छोरी (नातिनी) ले अपुताली पाउँछन्। धेरै नाती नातिना भए सबैले बराबरी अपुताली पाउँछन्।

छोरीले छोरा सरह अपुताली पाउने

लोग्ने, स्वास्नी, छोरा र अविवाहित छोरी वा विधवा बुहारी छन् भने त्यसको अपुताली विवाहित छोरीले पाउँछे। सबैको विवाह भइसकेको वा सबै अविवाहित भए सबैले बराबरी अपुताली पाउँछन्।

छोरी र छोरी ज्वाइँले अपुताली पाउने अवस्था

मर्ने व्यक्तिको लोग्ने, स्वास्नी, छोरा, अविवाहित छोरी, नाती भए पनि कहिले काहीं छोरी र छोरी ज्वाइँले वा तिनको छोरा छोरीले अपुताली पाउँछन्। अंश लिई छुट्टै बसेको कुनै व्यक्तिलाई ऊ बाँचेको बेलामा नजिकको हकवालाले हेरचाह, स्याहार, सम्भार नगरी छोरी ज्वाइँले वा तिनका छोरा छोरीले पालेका रहेछन् भने त्यस्तो मर्ने व्यक्तिको अपुताली छोरी र छोरी ज्वाइँले तथा छोरी पट्टिका नाति नातिनाले पाउँछन्।

दिदी बहिनी वा दाजुभाइले अपुताली पाउने अवस्था

कुनै दाजु वा भाइ अंशवण्डा गरी भिन्न बसेको र उसका नजिकका सबै नातेदारले हेरचाह नगरी दिदी वा बहिनी वा दाजुभाइले पालेको रहेछ भने दाजुभाइको अपुताली पालनपोषण गर्ने दिदी वा बहिनी वा दाजुभाइले पाउँछन्।

दाजुभाइले अपुताली पाउने अवस्था

मर्ने मानिसको स्वास्नी र ऊ पट्टिका सन्तान कोही रहेनछ र बाबु आमा पनि रहेनछ भने त्यस्ताको अपुताली उसका दाजु भाइले पाउँछन्। तर कहिले काहीं छोराछोरीले पालनपोषण र हेरचाह नगरेकाले आफ्नो अंश भाग लिई दाजुभाई कहाँ मर्ने व्यक्ति बसेको रहेछ भने उसको अपुतालीमा चल सम्पत्ति जस्तै रुपैयाँ पैसा, गर गहना आदि सबै पाल्ने दाजुभाइले पाउँछन्। अचल सम्पत्ति जस्तै घर जग्गा चाहिं आधा मात्र दाजुभाइले पाउँछन्। बाँकी आधा सम्पत्ति मर्नेको सहोदर भाइ र सौतेनी भाइ रहेछन् भने सहोदर भाइले अपुताली पाउँछ। यदि सौतेनी भाइसंग मर्ने व्यक्ति सगोलमै वसेको भए त्यो अपुताली सहोदर भाइले नपाई सौतेनी भाइले पाउँछ।

अपुताली पाउन गर्न नहुने कुराहरु

(क) सगोलमा धेरै दाजुभाइ छन् र कुनै दाजुभाइ मऱ्यो र उसको छोरा रहेनछ र स्वास्नी पनि रहिनछ भने छोरीले अपुताली पाउँछे। तर बाँचेका दाजुभाइले मर्नेकी छोरी (भतिजी) ले अपुताली पाउली भनी आफ्नी छोरीका नाममा सम्पत्ति लेखिदिन पाइँदैन।

(ख) कुनै मानिसको अपुताली पाउन वा कुनै रीसइवीले उसलाई मार्न हुँदैन/मारेमा एकातर्फ ज्यान सँजाय हुन्छ भने अर्कोतर्फ त्यस्ताका सन्तानले पनि अपुताली खान पाउँदैनन्।

(ग) कुनै महिलाको अपुताली खान उसलाई झुठा आरोप लगाई चरित्र हत्या गर्ने तथा जालसाज गर्ने काम गरे त्यसो गर्ने व्यक्ति जति नजिकको हकवाला भए पनि उसले अपुताली पाउँदैन।

अपुताली हक कसरी लिने ?

कुनै मानिस मरी अपुताली परे ३५ दिन भित्र तल लेखिएका प्रमाण जुटाई मालपोत कार्यालयमा नामसारीको लागि निवेदन दिनु पर्दछ।

सर्वप्रथम मर्ने व्यक्तिको नजिकको गाविस वा नगरपालिकाबाट मृत्यु दर्ता प्रमाणपत्र लिनु पर्दछ।

- गाविस वा नगरपालिकाबाट नाता प्रमाणितको कागज,
- मर्नेको नागरिकता प्रमाणपत्र,
- अपुताली पाउनेको नागरिकता प्रमाणपत्र र
- जग्गा धनी प्रमाणपूर्जा।

अपुताली पाउनु पर्नेले नपाए कहाँ र कहिले नालेश गर्ने ?

अपुताली पाउनु पर्नेले अपुताली नपाए जसले बाधा विरोध गरेको हो उसको विरुद्ध जिल्ला अदालतमा नालेश उजुर गर्न सकिन्छ र अदालतले सबुत प्रमाण बुझी अपुताली पाउने, नपाउने फैसला गर्दछ।

यसरी नालेश दिने समय (म्याद) तीन वर्ष हुन्छ। जसको अपुताली परेको हो ऊ मरेको मितिले यो समय शुरु हुन्छ। तीन वर्ष नघाई गरेको नालेशमा निसाफ पाइँदैन।

माना-चामल

अभिनयसम्बन्धी निर्देशन

पात्रहरूः १. हरि २. दशरथ

हरिः रिठ्ठेले त कान्छी स्वास्नी ल्याउनासाथ जेठी स्वास्नीलाई घरबाट निकालेछ। कति निर्दयी भएको त्यो। हैन, कानुनले चाहिं के भन्छ हँ। त्यसलाई ठेगान नलगाई भएन।

दशरथः झ्याईं झ्याईं बाजा बजाएर ल्याएकी जेठीलाई थातबासको व्यवस्था नमिलाइकन त्यसै निकाल्न पाउँछ त्यसले। कानून अनुसार त त्यसले उसको हैसियत अनुसार तिनीहरूलाई जीवन निर्वाहका लागि चाहिने दाल, चामल, नून-मसला लगायतका खाध्य सामाग्री, औषधी खर्च, छोराछोरीका लागि पढाई खर्च आदि सबैको बन्दोबस्त उसैले मिलाउनुपर्छ। बुझ्यौ त हरि !

माना-चामल भनेको के हो ?

माना-चामल भन्नाले हामीलाई दिनहुँ चाहिने आवश्यक वस्तुहरु जस्तो दाल, चामल, सागपात, नुन, तेल, मसला लगायतका सम्पूर्ण खाद्य सामाग्री, लुगाफाटा, औषधी खर्च, पढाई खर्च आदि आफूलाई पाल्नु पर्ने मानिससंग माग्नुलाई भनिन्छ। यसलाई खाइखर्च पनि भन्ने चलन छ। अंश नलिएको अवस्थामा माना-चामलमा कानुनी कारवाही चलाइन्छ।

माना-चामल कति माग्न पाइन्छ ?

माना-चामल माग्दा पाल्ने मान्छेको इज्जत, आमद र औकात अनुसार माग्न पाइन्छ। औकातभन्दा बढीको माना-चामल खर्च अड्डाले दिलाउन सक्दैन।

माना चामल कोसंग माग्न पाइन्छ ?

(क) बाबुबाट

विवाह नभएकी छोरी र छोरालाई बाबुले आफ्नो औकात अनुसार माना चामल दिनु पर्दछ। अंश लिई बेग्लै बस्ने छोराछोरीले बाबुबाट माना चामल पाउँदैनन्।

(ख) आमाबाट

बाबु-आमाको सम्बन्ध विच्छेद भएको अवस्थामा यदि बाबुकोभन्दा आमाको आर्थिक अवस्था र कमाइ राम्रो र बढी छ भने त्यस्ता नाबालक बच्चाले आमाबाट खाइ खर्च र अन्य खर्च पाउँछन्।

(ग) लोग्नेबाट

विवाह गरेर ल्याएकी श्रीमतीलाई आफ्नो औकात अनुसार खान लाउन दिनु पर्दछ। हेलाँ होचो गर्न पाइन्न। यदि सौता ल्याइ वा अन्य कारणले हेलाँ गऱ्यो, खान लाउन खर्च दिनु पर्दछ। त्यस्ता स्वास्नी मानिसले बच्चा भए बच्चाको लागि समेत खाइ खर्च माग्न सक्दछन्। पारपाचुके वा सम्बन्ध विच्छेद गरेकी स्वास्नी मानिसले पनि मानाचामल खर्च पाउँछे। तर अर्को विवाह गरेमा भने माना-चामल पाउन सक्दिन।

(घ) सासुससुराबाट

कुनै पनि सधवा वा विधवा स्वास्नी मानिसलाई सासु, ससुरा वा लोग्ने समेतले खान लाउन नदिएर घरबाट निकाले भने त्यस्ती स्वास्नी मानिसले सासु, ससुराबाट माना चामल पाउँछन्।

(ङ) छोराछोरीबाट

बृद्ध बाबुआमाले आफ्ना छोराछोरीबाट पनि माना चामल पाउन सक्दछन्।

माना-चामल कसले पाउँदैन

- अंश भाग लिई छुट्टिइ भिन्न भएका छोरा-बुहारीले,
- विवाह भइसकेका छोरीहरुले,
- लोग्नेसंग अंश लिई छुट्टिइसकेकी स्वास्नी मानिसले,
- लोग्नेकोभन्दा बढी आयस्ता भएकी स्वास्नीले,
- लोग्नेको सत्य डगाएकी स्वास्नीले,
- बाबुआमाको मर्यादा नराख्ने छोराछोरीले।

माना-चामल नदिए कहाँ, कसरी, कहिलेसम्म उजुर गर्ने ?

माना-चामल दिनुपर्नेले माना-चामल दिएन भने जिल्ला अदालतमा उजुर लाग्दछ। यस्तो नालेश भरसक चाँडै र एक वर्ष भित्रै गर्नु पर्दछ। अदालतबाट माना-चामल पाउने फैसला भए पछि अदालतकै तहशिल फाँटमा पाउने माना-चामलको भरि भराउको लागि छुट्टै निवेदन दिनु पर्दछ।

माना-चामल नदिनेलाई सजायँ

अदालतको फैसला बमोजिम माना-चामल नदिनेलाई नदिएको कुरा खोलि उजुर गरेमा त्यसरी माना-चामल नदिनेलाई अदालतले ५ पाँच हजार रुपैयाँसम्म जरिवाना र १ (एक) महिनासम्म कैद वा दुवै सजाय गर्दछ। फेरी त्यस अदालतबाट माना-चामल दिनु भन्ने आदेश हुन्छ। त्यो आदेश पनि नमानी अटेर गरेर बसेमा अड्डैबाट त्यस्तालाई सँजाय गरी तायदाती मागी अंश दिलाइन्छ।

जग्गा-जमिन

नेपालका धेरै मानिसहरु खेती किसानी गर्दछन्। सबैजसो मानिस खेतबारी, जग्गा-जमिनमा काम गर्ने भएकाले जग्गा-जमिनका बारेमा हाम्रो कानूनले के भन्छ त्यो जान्नु जरुरी छ। नेपालमा भूमि सम्बन्धी कानुनहरु मुलुकी ऐन, भूमि सम्बन्धी ऐन, मालपोत ऐन, जग्गा नापजाँच ऐनमा व्यवस्था गरिएको छ।

जग्गा-जमिनबारे केही कुरा

एउटाको हकको जग्गा अर्काले च्यापेर, मिचेर, घुसाएर खानु हुँदैन। त्यसरी कसैले मिच्यो वा घुसायो भने जति मिचेको वा घुसाएको हो सो जग्गा दिलाई पाउँ भनी अदालतमा नालेश गर्न सकिन्छ। यसरी नै अर्काको हकको जग्गा आफ्नो नाममा दर्ता गराउनु पनि हुँदैन। त्यसरी दर्ता गराए यसमा पनि अदालतमा उजुर लाग्दछ।

आफ्नो हकको जग्गा हुनको लागि प्रमाण चाहिन्छ, मुखले मेरो भनेको भरमा हुँदैन। प्रमाणमा पुरानो लगत, तिरो तिरेको रसिद, जग्गा धनी दर्ता प्रमाण पुर्जा, आफूले किनेर वा बकस वा छोडपत्रवाट पाएको भए त्यस्तो कागजपत्र आदि चाहिन्छ। नापी नभएको क्षेत्रमा परम्परादेखि

बसी आएको जग्गालाई स्ववासी भन्ने चलन छ। यस्तो स्ववासी घर-जग्गाको भने प्रमाण नभएको भए पनि आफ्नो भोग वा अन्य तरिकाले सो घर-जग्गा आफ्नो हकको हो भनेर प्रमाणित गरिन्छ।

जग्गा आवाद भनेको के हो ?

जग्गा आवाद भनेको खेती गर्नु अथवा बाँझो ऐलानी पर्ति जग्गालाई खनजोत गरेर खेती गर्न हुने बनाउनु हो। हाम्रो कानुनले तल उल्लेखित जग्गा आवाद गर्नु हुँदैन भनेको छ :

- परापूर्वदेखि हिंडि आएको बाटो र वस्तुभाउ निकाल्ने निकास,
- मुलबाटो, सडक, पाटी-पौवा र चिहान
- वस्तुभाउ चराउने खर्क, चौर, पानीघाट, पोखरीको डिल र गौचर,
- सार्वजनिक सरकारी जग्गा र सरकारले कमोत नगर्नु बाँझो राख्नु भनेको जग्गा।

जग्गा दर्ता कसरी हुन्छ ?

हाम्रो देशमा लामो समयदेखि जग्गालाई खेती योग्य बनाई भोगचलन गरेर आए पनि कानूनी रुपमा ती जग्गाको मालिक ती किसान हुन पाएका छैनन्। यस्तो अवस्थामा जग्गामा भएको भोगचलनको आधारमा पुराना लगत, घरायसी राजीनामा र अन्य कुनै प्रकारका प्रमाण लागने कागजका आधारमा सरकारले त्यस्तो जग्गा दर्ता गरी दिन सक्छ। जग्गाको अभिलेख मालपोत कार्यालयमा मोठ श्रेस्ता बनाई राखेको हुन्छ। मोठ श्रेस्तामा जग्गा धनीको नाम, थर, ठेगाना, जग्गाको क्षेत्रफल, किसिम समेत खुलाइएको हुन्छ। सरकारले जग्गा नापी गरेर नक्सा बनाई फिल्ड बुक तयार गरी कसको कुन जग्गा कति क्षेत्रफल (रोपनी, बिगाहा वा वर्गमिटर, हेक्टर) भन्ने पनि खुलाएको हुन्छ। जग्गा दर्ता गरी जग्गा धनी प्रमाणपूर्जा दिने काम सरकारले गर्दछ। यो काम स्थानीय रुपमा मालपोत कार्यालय मार्फत् गरिन्छ।

आफूले भोगचलन गरेको जग्गा नापीको समयमा आफू स्वयं उपस्थित भई नपाई दर्ता गराउनु पर्दछ। जग्गा दर्ता गर्न छुटेको भए आफूसंग भएका प्रमाण लिई मालपोत कार्यालयमा निवेदन दिई छुट दर्ता गराउनु पर्दछ।

नामसारी दाखिल खारेज

जग्गाको मालिक सँधै एउटै व्यक्ति हुँदैन। जग्गा विक्री, वकस वा सट्टापट्टा गर्दा, अंशवण्डा गर्दा, अदालतको फैसलाबाट जग्गा धनीको मृत्यु हुँदा पुरानो जग्गा धनीको नामको सट्टा नयाँ मान्छेको नाम जग्गा धनीको रुपमा दर्ता हुने काम नामसारी दाखेल खारेज हो। यो काम मालपोत कार्यालयले गर्दछ। दर्ता श्रेस्तामा एउटाको नाम हटाएर अर्काको नाम कायम गर्ने यो काममा हामी चनाखो हुनु पर्दछ।

रजिष्ट्रेशन पास

जग्गा जमिनमा एउटाको हक अधिकार अर्को मानिसमा सार्नु पर्दा त्यस्ता लिखतहरु मालपोत कार्यालयमा गई रजिष्ट्रेशन पास गराउनु पर्दछ। रजिष्ट्रेशन पास नगरेको लिखत कागज पक्का ठहर्दैन, कच्चा ठहर्छ। रजिष्ट्रेशन पास नभए जग्गा पाउने व्यक्तिको हक पक्का हुँदैन। रजिष्ट्रेशन पास नगरी लिएका जग्गा-जमिन वा कुनै बन्धकिका लिखतहरुले कानुनी मान्यता पाउँदैन।

जग्गामा खोलो पस्यो भने के हुने ?

एउटै जग्गामा माझमा खोला पसेर वारिपारी जग्गा भयो र फेरी खोलाले जग्गा छाडिदियो भने खोलो बगरले छाडेको जग्गा अघि जसको थियो उसैको हुन्छ। बीचमा खोलो हिंड्दैमा साविक दर्तावालको हक हुँदैन भन्न पाइन्न। तर जतापट्टिको साँधमा खोलाले बगर पारेर छोड्दै आउँछ उतैतिरको आवाद गरी तिरोभरो गरी खानपाउँछ। खोलाको वारीपट्टिकाले खोला पारीको बगरमा दावी गर्न पाउँदैन। जग्गा आवाद गर्न पनि पाउदैनन्। तर जता बगर भएको छ त्यता पट्टि आवाद गरी खान हुन्छ।

रोक्का भएको जग्गा लिन दिन नहुने

कुनै जग्गा कुनै कारणले रोक्का भएको छ भने त्यस्ता जग्गामा हक पुग्नेले पनि कसैलाई दिन हुँदैन, कुनै तरहले लिन पनि हुँदैन। कुनै अड्डा अदालतले कुनै जग्गा रोक्का राख्नु भनेको छ भने मालपोत कार्यालयले त्यस्ता जग्गालाई रोक्का राखेको हुन्छ। यस्तो जग्गा लिनु दिनु हुँदैन। केही गरी रोक्का राखेको जग्गा लिनु दिनु गरेमा सो लिए दिएको बदर हुन्छ।

आफ्नो जग्गा अरुले मिचेमा वा दर्ता गराएमा कति समयमा नालेश गर्ने

जग्गा मिचेको कुरामा जग्गा मिचेको थाहा पाएको मितिले ६ महिनाभित्र नालेश गरी सक्नु पर्दछ। आफ्नो जग्गा अरु कसैले दर्ता गराएमा पनि थाहा पाएको मितिले ६ महिना भित्रमा नालेश गरी सक्नु पर्दछ।

घर बनाउनु पर्दा

आफ्नो हक नपुग्ने जग्गामा घर बनाउनु हुँदैन। अर्काको जग्गा मिचि घर बनाउनु हुँदैन। त्यस्तै, घर बनाउँदा बाटो, सडक, ढल मिचेर मूल सडक र अर्काको जग्गामा पानी खस्ने गरी डुँड राखेर पनि घर बनाउनु हुँदैन। घर बनाउँदा अघिदेखि चलि आएको निकास थुनेर पनि बनाउनु हुँदैन। नभएको निकास जबरजस्ती चाहिन्छ भन्न पनि हुँदैन। अर्काको जग्गामा घर

बनाएको भए सो घरको पंचकिर्ति मोल कायम गरी जग्गा धनी लाई घर छाड्नु पर्छ। उक्त पंचकिर्ति मोल जग्गा धनीले नदिएमा घर भत्काएर लैजानु पर्दछ।

जबरजस्ती घर बनाउँदा कहिले उजुर गर्ने ?

जग्गा मिचेर कसैले घर बनाएकोमा घर तयार भएका मितिले एक वर्षभित्र नालेश नदिए उजुर लाग्न सक्दैन।

कति जग्गा राख्न पाइन्छ ?

हाम्रो कानुनमा जति पनि जग्गा आफ्नो नाममा राख्न पाउने व्यवस्था छैन। हाम्रो कानुन अनुसार कुनै व्यक्ति वा परिवारको नाममा पहाडमा ७५ रोपनी, काठमाडौं उपत्यकामा २५ रोपनी र तराईमा १० विगाहा जग्गामात्र राख्न पाइन्छ। यसरी जग्गा राख्ने व्यवस्थालाई जग्गाको हदबन्दी भनिन्छ।

विर्ता जग्गाबारे केही कुरा

सरकारी मालपोत माफि वा थोरै माफि भएको जग्गालाई विर्ता भनिन्छ। २०१६ सालमा विर्ता उन्मुलन भएपछि त्यस्ता जग्गाहरु रैकरमा परिणत भयो। त्यसपछि विर्तालाई दुई भागमा बाँडियो। सरकारले तोकेको मालपोत उठाई सरकारलाई केही तिरी खाएको जग्गालाई "क" श्रेणीको जग्गा भनियो। यस बाहेकका अरु जग्गालाई "ख" श्रेणीको भनियो।

२०१६ साल पछि विर्ता जग्गा के भयो ?

२०१६ साल पछि "क" श्रेणीका सबै विर्ता जग्गा मोहीका नाममा भयो। पर्ति र जंगल भने सरकारी जग्गा भयो। तर "ख" श्रेणीका विर्तावालले भने ऐन लागु भएको १२० दिन भित्र मालपोत कार्यालयमा निवेदन दिई रैकरमा परिणत गर्नु पर्ने भयो। यदि विर्तावालले निवेदन नदिए मोहीले निवेदन दिन पाउने व्यवस्था भयो।

यदि १२० दिन भित्र विर्तावालले मालपोतमा निवेदन नदिई मोहीको भन्दा पछि निवेदन दिएमा सो जग्गा मोहीकै नाममा हुने व्यवस्था गरियो।

गुठी जग्गा

अभिनयसम्बन्धी निर्देशन

पात्रहरू : १. पुजारी २. दयाराम पण्डित

पुजारीः (गाउँलेको सभामा बोल्दै) हाम्रो गाउँको मन्दिरलाई मरमत संभार गर्नका लागि थोरै तिनो खर्चले नपुग्ने भयो। अब के गर्ने होला ?

दयाराम पण्डितः (निकै बेर गमेर) गाउँमा भएको मन्दिरको लागि हामीले नै नसोचे अरू कसले सोच्छ र। ईश्वरका नाममा चढाएको पुण्य खेर जाने होइन। लौ यस मन्दिरको खर्च चलाउन, रेखदेख गर्नका लागि मैले मेरो खरबारी मन्तिर जग्गा आजदेखि मन्दिरका नाममा पास गरिदिन्छु। त्यसको आयस्ताले मन्दिरको खर्च पनि चलिहाल्छ ।

पुजारीः यो त साहै राम्रो कुरा हो। अनि पण्डित बा, कुन चाहिं खेत रे ?

दयाराम पण्डितः त्यै क्या त कित्ता नं. ३२४ को ३ बिगाहा नि।

गुठी के हो ?

गुठी भन्नाले कुनै मठ, देवी-देवताको पर्व, पूजा वा जात्रा चलाउन वा त्यसको संरक्षण गर्न भनेर कसैले छाडेको चल वा अचल सम्पत्ति सम्झनु पर्दछ। मन्दिर, देवस्थल, पाटी, पौवा, इनार, गौचरन, चौतारो, पुल, बाटो, घाटो, विद्यालय आदि बनाउन, चलाउन, संरक्षण गर्न भनेर छाडेको अचल सम्पत्ति समेतलाई गुठी अन्तरगतको सम्पत्ति भनिन्छ।

गुठीका किसिम

गुठीहरु तीन किसिमका हुन्छन् ।

(क) राज गुठी

(ख) छुट गुठी

(ग) निजी गुठी

राज गुठी भनेको गुठी संस्थानको हक, दायित्व भई गुठी संस्थानले बन्दोबस्त र संचालन गरी आएको सम्पूर्ण पूजाआजा, संरक्षण आदि गरेको गुठी हो।

लिखत बमोजिम काम गरी गुठी चलाई बाँकी रहेको शेष कसर गुठी संस्थानमा बुझाइ वा नबुझाई चलाएको व्यक्ति वा समुदाय विशेषका गुठी निजी गुठी हो। यसको लगत गुठी संस्थानमा नहुन सक्छ।

गुठी संस्थानमा लगत हुने राजगुठी र निजी गुठी बाहेकका गुठी जग्गाहरु छुट गुठी हुन्।

गुठी जग्गाका केही व्यवस्थाहरु

१. गुठी जग्गाको धर्मलोप गर्नु हुँदैन।

२. बुझाउनु पर्ने कुत नबुझाए मोहीको अधिकार समाप्त हुन्छ।

३. गुठी अधिनस्त बन्दोबस्तीमा पाएको जग्गामा कसैले कानून बमोजिम अधिकार पाइ बराबरी बनाइ बसोबास गरी आएको भए घरबारीको लागि राख्न पाउने हदसम्मको जग्गा घरबारी हुनेकै नातामा गुठी रैतानी नम्बरीमा दर्ता हुने व्यवस्था छ। तर गुठी सम्बन्धी ऐन लागु भएपछि भने गुठी संस्थानको स्वीकृति बेगर घर बनाउन पाइदैन।

४. गुठी जग्गा कमाउने दर्तावाल मोहीले तोकेको दस्तुर बुझाई गुठी रैतानी नम्बरीमा परिणत गर्न सक्छ।

५. यदी कुनै रैकर नहुने गुठी घर जग्गा रैकरमा परिणत भएको भए प्रमाणले त्यो रैकर बदर गरी पुनः गुठीमा दर्ता गर्न सकिन्छ।



मोही

मोही को हो ?

खेती गर्ने सबै किसान हुन्। तर, सबै किसानहरु मोही होइनन्। जुन किसानले अर्काको जग्गा जमिन कुनै शर्तमा कमाएको छ भने ऊ मोही हो।

"जमिन कस्को ? जोत्नेको" भन्ने नारालाई व्यवहारमा ल्याउन २०२१ सालमा देशभर भूमि सुधार कार्यक्रम लागू भयो र खेती किसानी गर्ने व्यक्तिहरुलाई मोहीको रुपमा गाउँ-गाउँ, टोल र वडामा गई सरकारी कर्मचारीले लगत खडा गर्ने काम गरे। त्यसपछि दर्तावाल मोहीको नाम प्रकाशित भई तिनीहरुलाई जोताहा अस्थायी निस्सा दिइयो।

त्यसपछि पनि जग्गा धनी र मोही बीच कबुलियत भई मोहीले वर्षेनी कुत बाली बुझाउने गरी मोही कायम गर्ने कार्य निरन्तर भई रह्यो।

तर अज्ञानता, अशिक्षा र चेतनाको अभावमा धेरै जोताहा किसानले यो अधिकार उपभोग गर्न पाएनन्। अझै पनि वास्तविक जोताहाहरु मोहीयानी हकबाट वंचित छन्।

दोहोरो स्वामित्वको अन्त्य

वि.सं. २०४६ सालमा वहुदलीय व्यवस्था आएपछि भूमि माथिको द्वैध स्वामित्व (जग्गा जमिनमा जग्गावाला र मोही दुवै मालिक हुने व्यवस्था) अन्त्य गर्ने भनेर आवाज उठ्न थाल्यो र भूमि सम्बन्धी कानुनमा संशोधन (फेरवदल) भयो। यो कानुन अनुसार दर्तावाल मोही र प्रमाण भएका मोहीले आधा जग्गा (कुल जग्गाको आधा) पाउने गरी व्यवस्था गरियो। अब उप्रान्त जग्गा धनी र मोही नरहने भयो। मोही पनि जग्गा धनी हुने गरी भूमि सुधार कार्यालयद्वारा जग्गा बाँडफाँड गर्ने व्यवस्था गरियो।

के जोताहा किसानले न्याय पाए ?

चेतनाको कमी, अशिक्षा र अज्ञानताको कारण जोताहा किसानले आफ्नो अधिकारको उपभोग गर्न नपाएको स्थितिमा अहिले पनि खेती-कमाई गर्ने किसानको अधिकारलाई यो कानुनले समेटेन। यसले सामाजिक न्याय दिन सकेन भनेर आज पनि किसानको हकहितको लागि काम गर्ने संघ संस्थाले आवाज उठाएका छन्। किसानको हितको लागि क्रान्तिकारी भूमिसुधार कार्यक्रमको आवश्यकता रहेको तथ्य औंल्याएका छन्।

परिच्छेद तीन

महिलाको सम्पत्ती सम्बन्धी अधिकार

सम्पत्ती भनेको के हो ?

सम्पत्ती भन्नासाथ धन-दौलत भन्ने बुझिन्छ। सम्पत्ती चल र अचल दुई किसिमका हुन्छन्। चल सम्पत्ती भनेको एक ठाँउबाट अर्को ठाँउमा सजिलैसँग लैजान र सार्न सकिने वस्तुलाई जनाउँछ। जस्तै सुन, चाँदी, रुपैयाँ-पैसा, गाईभैंसी, बाखा आदि चल सम्पत्ती हुन्। अचल सम्पत्ती भनेको एक ठाउँबाट अर्को ठाउँमा जस्ताको तस्तै सजिलैसंग सार्न नसकिने वस्तुलाई जनाउँछ। जस्तो घर-जग्गा आदि।

महिला र सम्पत्ती

हाम्रो देशको मूल कानुन संविधानले महिला र पुरुषलाई बराबरी अधिकार दिए पनि देशका अन्य कानुनले महिलालाई पुरुष सरह अधिकार दिएको छैन। देशमा समान अधिकार भएको कानुन बनाउन खोजिदैछ।

हालसम्मको हाम्रो कानुनले महिलाको सम्पत्ती सम्बन्धी अधिकारलाई दुई प्रकारले दिएको पाइन्छ।

१. स्त्रीधन
२. स्त्री अंशधन

१. स्त्रीधन

स्त्रीधन भन्नाले महिलाहरुले आफू खुशी गर्न पाउने, कसैको मञ्जुरी लिनु नपर्ने र आफूले चाहे अनुसार खर्च गर्न सकिने सम्पत्ती हो। यो सम्पत्ती भित्र निम्न प्रकारले प्राप्त गरेको सम्पत्ती पर्दछन् :

- स्वआर्जनबाट प्राप्त सम्पत्ती
- दाइजोबाट प्राप्त सम्पत्ती
- पेवाबाट प्राप्त सम्पत्ती
- दान बकसबाट प्राप्त सम्पत्ती
- अपुतालीबाट प्राप्त सम्पत्ती

२. स्त्री अंशधन

स्त्री अंशधन भन्नाले महिलाले परिवारका अन्य सदस्य सरह अंशियारको हैसियतले पाएको सम्पत्ती भन्ने बुझिन्छ। स्त्री अंशधनको कुरा गर्दा कानुनले महिलालाई तीन अवस्थामा राखेको छ:
(क) अविवाहित कन्या महिला
(ख) विवाहित सधवा महिला
(ग) विवाहित विधवा महिला

अंशबाट प्राप्त गरेको सम्पत्ती स्वास्नी मानिसले चलमा सबै र अचलमा आधासम्म मात्र आफूखुशी गर्न पाइन्छ। अचल सम्पत्ती आधाभन्दा बढी विक्री वा हक छाडी दिनु परेमा कन्या छोरीले मातापिताको र सधवा वा विधवाले उमेर पुगेको छोरा तथा अविवाहित छोरीहरुको मञ्जुरी लिएर मात्र आफूखुशी गर्न सकिन्छ।

स्वआर्जन सम्पत्ती

महिलाले आफ्नो बल, बुद्धि, विवेक, सिप र मेहनतले कमाएको सम्पत्ती स्वआर्जनको सम्पत्ती हो। जस्तै : कुनै अफिस र कलकारखानामा काम गरे बापत कमाएको तलव, स्कूलमा पढाएर कमाएको तलब, ज्याला मजदूरी बापत कमाएको सम्पत्ती आदि।

दाईजो सम्पत्ती

दाईजो भनेको महिलालाई विवाह हुन अघि वा विवाहको समयमा वा विवाह पछि माइती,

मावली वा माइती मावली पट्टिका नातेदारले, इष्टमित्रले दिएको चल अचल सम्पत्ती र त्यसबाट बढे बढाएको सम्पत्ती हो। यसरी दाइजोबाट पाएको सम्पत्ती महिलाले आफुखुशी गर्न पाउँछन्।

पेवा सम्पत्ती

महिलाको विवाहको समयमा वा विवाह पछि लोग्ने वा लोग्नेका नातेदार इष्टमित्रले दिएको चल अचल सम्पत्ती र त्यसबाट बढे बढाएको सम्पत्ती पेवा हो। लोग्ने वा लोग्नेका अंशियारले दिएको पेवाको सम्पत्तीमा तिनीहरुको मञ्जुरीको कागज हुनु पर्दछ।

दान-बकसबाट प्राप्त सम्पत्ती

कसैले आफ्नो पूरा अधिकार भएको सम्पत्ती कुनै महिलालाई दान-बकस गरी दिएमा त्यसरी पाएको सम्पत्ती ती महिलाले आफूखुशी गर्न पाउँछिन्। त्यसमा अरु कसैको अधिकार हुँदैन।

अपुतालीबाट प्राप्त सम्पत्ती

माइतीको अपुतालीबाट पाएको सम्पत्ती पनि महिलाले आफूखुशी गर्न पाउँछिन्।

अविवाहित कन्या छोरीले अंश पाउने अवस्था

विवाह नगरी बसेकी कन्या छोरीले दाजुभाइ सरह अंश हक पाउँछिन्। यो महिलालाई अधिकारको रुपमा प्राप्त भएको हक हो। तर विवाह गरेपछि, भने खाई लाई बाँकी रहेको यो सम्पत्ती माइतीतर्फका हकवालालाई फिर्ता दिनु पर्दछ।

छोरीले पनि छोरा सरह विवाह खर्च पाउने

छोरीले पनि छोरा सरह सम्पत्तीको स्थिति हेरी विवाह खर्च पाउँछिन्। त्यसैले दाजुभाइको अंशवण्डा गर्दा अविवाहित छोरीलाई विवाह खर्च पर सारी अंशवण्डा गर्नुपर्ने कानुनी व्यवस्था छ।

सधवा स्वास्नी मानिस, विधवा स्वास्नी मानिस र बुहारीले कसरी अंश प्राप्त गर्दछन् भनी हामीले अंशवण्डाको पाठमा पढिसकेकाले यहाँ दोहोऱ्याइएको छैन।

महिलाले अंश माग्न कहाँ जाने ?

महिलालाई घरमा हेंलाँ गरेपछि प्राय: सहारा दिने मान्छे कम हुन्छन्। उनीहरुको अधिकार भए पनि त्यसको उपभोग गर्न जान सक्दैनन्। अंश हक माग्न नजिकको जिल्ला अदालतमा नालेश उजुर (फिराद पत्र) लिएर जानु पर्दछ। यस बारेमा पनि हामीले अंशवण्डाको शिर्षकमा (महलमा) चर्चा गरिसकेका छौं।

के महिलालाई सहयोग गर्ने कुनै निकाय छ ?

असहाय र अशक्त महिलालाई सहयोग गर्न काठमाडौंमा सर्वोच्च अदालत परिसरमा रहेको वकिलहरुको संस्था नेपाल वार एशोसिएशनको भवनमा कानूनी सहायता परियोजना छ। त्यसरी नै प्रत्येक जिल्लाका वार एकाईमा त्यस्तो सहायता गर्ने महिला शाखा अन्तरगत कानूनी सहायता परियोजना संचालन छ। यस बाहेक त्यस्ता महिलाको मुद्दा मामिला गरी दिने कानूनी सहायता परामर्श केन्द्र (ल्याक) कुपण्डोल ललितपुरमा र सुस महिला न्यायिक सेवा परियोजना डिल्लीबजार काठमाडौंमा रहेको छ।

माथि उल्लेखित ठाउँमा गई असहाय महिलाहरुले न्याय पाउनमा सहयोग पाउन सक्दछन्।

मुलुकी ऐन (एघारौं संशोधन) ले महिला बारे के व्यवस्था गऱ्यो ?

महिलालाई पुरुष सरह समानताको हक दिनु पर्ने भन्ने संविधानको व्यवस्था छ। सरकारले महिलाहरु विरुद्धका सबै भेदभाव अन्त्य गर्ने अन्तर्राष्ट्रिय कानुनलाई अनुमोदन गरी स्वीकार गरेको छ। यस अवस्थामा महिलाको हक हितका लागि हाम्रो संसदले नयाँ कानुन बनाउने काम अर्थात् मुलुकी ऐनको संशोधन गरेको छ।

यसले पुराना असमान कुराहरुको सट्टा नयाँ व्यवस्था गरेको छ। ती नयाँ व्यवस्था निम्न छन् :

१. छोरीले पनि छोरा सरह जन्मजात अंश पाउने व्यवस्था। तर विवाह गरेकी छोरीले अंश नपाउने।
२. "छोरा" शब्द मात्र भएको ठाउँमा "छोराछोरी" भन्ने शब्द थपिएको।
३. विधवाले चाहेमा कुनै उमेरमा पनि अंश पाउने व्यवस्था।
४. सम्बन्ध विच्छेद भएकी महिलाले अंश पाउने तर त्यो अंश अर्को विवाह नगरे वा गरे पनि कुनै सन्तान नभए निजको शेष पछि त्यो सम्पत्ती लोग्ने पट्टिका हकवालले पाउने व्यवस्था।
५. सम्बन्ध बिच्छेद भएकी महिलाले अंश नलिए लोग्नेबाट वार्षिक वा मासिक खर्च पाउने व्यवस्था।
६. अंश लिएकी छोरीको विवाह भएमा उसले खाईलाई बाँकी रहेको सम्पत्ती माइतिपट्टिका हकवालाले पाउने व्यवस्था।
७. विवाह बदर भएका दम्पत्तीबाट जन्मेका सन्तानले निजहरुबाटै अंश पाउने व्यवस्था।
८. स्वास्नी मानिसको दाइजो पेवा उसको शेषपछि लिखत भए लिखतै बमोजिम र सो नभए छोराछोरीले पाउने व्यवस्था। छोराछोरी नभए लोग्नेले र लोग्ने पनि नभए विहे भएकी छोरीले, ऊ पनि नभए छोराका छोरा वा अविवाहित छोरीले पाउने व्यवस्था।
९. लोग्नेसँग अंश लिएकी वा मानो छुट्टिई बसेकी आफ्ना छोराछोरी नभएकी स्वास्नी मानिसले

धर्मपुत्र वा पुत्री राख्न पाउने र निजहरुले त्यही महिलाबाट अंश पाउने व्यवस्था।

१०. महिला विरुद्धको अपराधमा "शारीरिक र मानसिक यातना" समावेश हुने व्यवस्था।

११. विधवा बुहारीले अपुताली पाउने व्यवस्था।

१२. पालनपोषण गर्ने दाजुभाई, दिदीबहिनीले अपुताली पाउने व्यवस्था।

१३. महिलालाई बलात्कार गर्नेलाई अवस्था हेरी बढीमा १० वर्षदेखि १५ वर्षसम्म कैद सँजाय र घटीमा ५ वर्षदेखि ७ वर्षसम्मको कैद सँजायको व्यवस्था। सामूहिक बलात्कार गर्नेलाई थप ५ वर्ष कैद सजायको व्यवस्था।

१४. बलात्कृत महिलाले लोग्नेसंग यथावत अंश पाउने र सो मुद्दामा खुल्ला कारवाही र बहस पैरवी नहुने व्यवस्था।

१५. नाबालकसंग अप्राकृतिक मैथुन गर्नेलाई बलात्कार कै जस्तो अपराध मानी क्षतिपूर्ति समेतको व्यवस्था।

१६. विवाह गर्ने उमेर महिला पुरुष दुवैको कम्तिमा १८ वर्ष हुनु पर्ने व्यवस्था।

१७. उमेर नपुगी विवाह गर्ने गराउनेलाई कडा सँजाय (कैद र जरिवाना) समेत हुने व्यवस्था।

१८. बहुविवाह गर्नेलाई एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रुपैंया पचीस हजार रुपियाँसम्म जरिवाना हुने व्यवस्था।

१९. लेनदेन व्यवहार गर्दा अविवाहित छोरीको पनि मञ्जुरी लिनु पर्ने व्यवस्था।

परिच्छेद चार

अपराध सम्बन्धी कानुनी व्यवस्था

(क) ज्यान सम्बन्धी कानुन बारे केही कुरा

ज्यान अपराध के हो ?

कुनै मानिस जन्मेपछि मर्नु स्वभाविक हो। तर त्यो मृत्यु कालगतिले हुनु पर्दछ। कसैले कसैलाई कुनै पनि तरिकाले मार्नु हुँदैन। मारेमा उसलाई ज्यानमाराको बात लागी कानुनले कैद सँजाय गर्दछ। त्यो मानिस जेलमा बस्नु पर्दछ। मान्छेको ज्यानै लिने कुरालाई गम्भीर अपराध मानिन्छ। त्यसैले ज्यान सम्बन्धी अपराध गर्नु हुँदैन। कसैले कसैको पनि ज्यान मार्नु हुँदैन।

ज्यान मार्ने उद्योग

ज्यान मार्ने मनशायले गोली चलाउने वा बम हान्ने, घातक हातहतियारले काट्ने आदि गरेर ज्यान मार्ने प्रयास गरेको तर कुनै कारणले ज्यान मार्न भने नपाएको रहेछ भने त्यस्तो अपराधलाई ज्यान मार्ने उद्योग भनिन्छ। यस्तो अपराधमा ज्यान मार्ने मनशाय, योजना, तयारी र कार्य हुन्छ। तर ज्यान भने मर्न पाएको हुँदैन। यस्तो अपराध गर्नेलाई ५ वर्षदेखि १२ वर्षसम्म कैद सँजाय हुन्छ।

ज्यान मार्ने षडयन्त्र

ज्यान मार्न आफू स्वयं संलग्न नहुने तर ज्यान मार्ने योजना बनाउनुलाई ज्यान मार्ने षडयन्त्र गरेको भनिन्छ। षडयन्त्र पनि अपराध हो। यसरी ज्यान मार्न षडयन्त्र गर्ने षडयन्त्रकारीलाई ज्यान मरेमा १० वर्षदेखि १५ वर्षसम्म कैद सँजाय हुन्छ। तर ज्यान मर्न पाएको रहेनछ भने ५ देखि १२ वर्षसम्म कैद हुन्छ।

ज्यान मार्ने मतियार

ज्यान मार्न मुख्य भई बचन नदिने, हातहतियार पनि नछाड्ने, जिऊमा नछुने तर ज्यान मार्ने संयोग पारिदिनेलाई मतियार भन्दछन्। यस्ता मतियारलाई पनि ज्यान अपराधको बात लाग्छ र सँजाय हुन्छ। ज्यान मार्न जानीजानी विष, हातहतियार, गोली, बारुद दिने र ज्यान मार्न हातहतियार लिई घटनास्थलमा रहने मतियारलाई १० वर्षसम्म कैद हुन्छ।

यस्तो अवस्था बाहेक घेरा दिने, बाटो-गौंडा छेक्ने वा भाग्न उम्कन नपाउने गरी मार्न संयोग पार्नेलाई ५ वर्ष कैद सँजाय हुन्छ। यसबाहेक अरु किसिमका मतलबी र सल्लाह दिनेलाई ५ महिनादेखि ३ वर्षसम्म कैद हुन्छ। ज्यान मार्न पाएन भने आधा सँजाय हुन्छ।

भवितव्य ज्यान

आफूले गरेको कुनै कामबाट अर्कालाई असर नपरोस् भनी चनाखो हुनु पर्दछ। आफूले कुनै काम होशियारी पूर्वक गर्दा गर्दै अथवा कुनै मानिस मर्ने जस्तो लागेन र मार्ने मन नभए पनि यदि त्यो मानिस मऱ्यो भने भवितव्य ज्यानको अपराध हुन्छ। यसमा कुनै हातहतियार सावधानी साथ उठाउँदा कुनै व्यहोराले लागी मानिस मरेमा ३ सय रुपैयाँसम्म जरिवाना हुन्छ।

तर होस नपुऱ्याई हेलचेक्र्याई वा लापरवाही गरी कुनै काम गर्दा भवितव्य परी मानिस मर्न गएमा रक्षा-शिक्षा गर्ने (अभिभावक) ले बाहेक अरुले कुटपिट गर्दा ५ सय रुपैयाँ जरिवाना र २ वर्ष कैद वा दुवै सँजाय हुन्छ।

रक्षा-शिक्षा गर्नेले मर्नेको हितको लागि कुटपिट गर्दा मरेमा पचास रुपैयाँसम्म जरिवाना हुन्छ। यस बाहेक अरु किसिमको भवितव्य परेमा २ सय रुपैयाँसम्म जरिवाना हुन्छ।

आवेश प्रेरित हत्या

कसैको ज्यान मार्ने इच्छा नभएको, ज्यान मार्नुपर्नेसम्मको रीसइवी पनि नभएको अवस्थामा तत्काल रीस उठी त्यस्तो रीस थाम्न नसकी साधारण लाठी, ढुंगा, लात, मुक्का आदि हान्दा ज्यान मरेमा त्यो आवेश प्रेरित हत्या हो। तर यस्तोमा जोखिमी धारिलो हतियारले हानेको र विष खुवाएको रहेछ भने त्यसलाई आवेश प्रेरित हत्या भनिदैन। आवेश प्रेरित हत्यामा १० वर्ष कैद सँजाय हुन्छ। यस्तो हत्यामा रीस उठाउने काम मृतकले गरेको हुनु पर्दछ।

कस्तो अवस्थामा ज्यानमाराको बात लाग्दैन ?

- कुनै मानिसले आफ्नो ज्यान मार्ने गरी कसैले जोर जुलुम गर्न लागेमा त्यस्ता मानिसलाई पक्रन नसकि, गुहार माग्दा गुहार नपाए सकभर भाग्नु पर्दछ, भाग्न नसके र गुहार पनि नपाए आत्मरक्षा गर्दा मानिस मरे ज्यानमाराको बात लाग्दैन।
- चोरी गर्न लागेका बखत भरसक चोर पक्रनु पर्दछ। तर चोर पक्रन सकिएन र धन बचाउन खोज्दा केही गरी चोर, डाँका मरेमा ज्यानमाराको बात लाग्दैन।
- कुनै कार्यालय, जेल, हिरासत वा अड्डाको पालेले आफ्नो जिम्माको सरकारी माल बचाउन उसै मौकामा केही गर्दा ज्यान मरेमा ज्यानमाराको बात लाग्दैन। कुनै झगडामा छुट्याउन जाने मानिसलाई ज्यानमाराको बात लाग्दैन।

कस्तो अवस्थामा ज्यान मारेको बात लाग्छ ?

- भवितव्य हुनेमा बाहेक कुनै अंग भंग भाँच्ने, छिन्ने गरी हानेमा, कुटेकोमा त्यो मानिस थला परी निको नभई जतिसुकै पछि मरे पनि ज्यानमाराको बात लाग्छ।
- ज्यान मार्ने इच्छाले अंग भाँच्ने फुट्ने गरी हाने कुटेमा उत्तिखेर ज्यान नमरी २१ दिन भित्र मऱ्यो भने, त्यही हानेको व्यक्ति ज्यानमारा ठहर्छ। शास्ती, शासना, जोरजुलुम गरेर तीन दिनभित्र र विष खुवाई ७ दिन भित्र मरेमा ज्यानमाराको बात लाग्छ।
- भवितव्य हुनेमा बाहेक सन्धि कुठाउँमा हान्दा त्यसैका पिरले उठ्न नसकी ७ दिनभित्र मरेमा ज्यानमाराको बात लाग्छ। त्यसैगरी पीडा हुने गरी बाँधछाँद गरी थला परेर ५ दिनभित्र मऱ्यो र कुनै चोट-घाउ, निल-डामका कारण त्यो घाउ पाकी थला परी २१ दिन भित्र मरे पनि ज्यानमाराको बात लाग्छ।
- कुटपिट भई थाला परेको मानिसलाई फेरी कसैले कुटी थला परी २१ दिन भित्र मरेपछि कुट्नेलाई ज्यानमाराको बात लाग्दछ।
- जानीजानी ज्यान मार्न मुख्य भई बचन दिने र हात हाली मार्न संयोग पार्नेलाई ज्यानमाराको बात लाग्छ। त्यस्तालाई सामान्यतया जन्मकैद वा सर्वस्व सहित जन्मकैद हुन्छ।

बालक फाल्नेलाई सजायँ हुन्छ

जिउँदो बच्चा फाल्नेलाई ४ वर्ष कैद सँजाय हुन्छ। त्यस्तो बालकको ज्यान मरेको रहेछ भने ज्यानमारा सरह सँजाय हुन्छ।

गर्भपतन गरेमा के हुने ?

उपचारको लागि, जबरजस्ती वा हाडनाता करणीबाट रहेको गर्भ र बाह्र हप्तासम्मको गर्भ महिलाको मञ्जुरीले बाहेक जानी जानी गर्भपतन गराउन पाइँदैन। कसैले गर्भ तुहाएमा वा तुहाउन लगाएमा वा त्यसको लागि मद्दत गरेमा बढीमा ५ वर्ष कैद सँजाय हुन्छ। यस्तो अपराधमा कसुर गर्ने आफैं मुखसावित भएकोमा बाहेक तीन महिनाभित्र नालिस नदिए लाग्न सक्दैन। यसमा बाह्र हप्तासम्मको गर्भ तुहाएको भए १ वर्ष कैद, पचीस हप्तासम्मको भए ३ वर्ष कैद र पचीस हप्ता भन्दा बढीको भए ५ वर्षसम्म कैद हुन्छ।

गुहार नदिने, ज्यान मार्ने चाल पाएर खबर नगर्नेलाई पनि सजायँ हुने

ज्यान मार्न लाग्दा गुहार दिनु पर्दछ। गुहार नदिने १६ देखि ६५ वर्षसम्मकालाई सँजाय हुन्छ। लासजाँच मुचुल्का झुट्टा लेख्ने, ज्यान मारेको थाहा पाई खबर नगर्ने, ज्यान मार्छ भन्ने चाल पाउँदा खबर नगर्ने वा ज्यान मारी सकेपछि साँचिलो बन्न जाहेरी दिनुलाई अपराध मानिन्छ।

ज्यान सम्बन्धी अपराधमा कहाँ, कसले र कहिलेसम्म उजुर गर्ने ?

ज्यान सम्बन्धी अपराध बारे ७ दिन भित्रै नजिकको प्रहरी चौकी, थाना वा जिल्ला प्रहरी कार्यालयमा जाहेरी (उजुरी) दिनु पर्दछ। यस्ता मुद्दा सरकारले आफै चलाउँछ। यस्ता अपराधको सूचना जो सुकैले दिन सक्दछ।

कर्तव्य गरी ज्यान मारेको मुद्दामा कसुरदार आफैं सावित भएकोमा बाहेक उजुर परेकोमा अनुसन्धानबाट कर्तव्य गरी मार्ने मानिस यही भन्ने पत्ता नलगाएमा २० वर्षपछि मुद्दा चल्दैन। यदी उजुर परेको छैन भने २ वर्षपछि कसैलाई पनि मुद्दा लगाउन पाइँदैन।

अनुसन्धान अधिकारीले कति दिन हिरासतमा राख्छ ?

कुनै पनि व्यक्तिलाई पक्राउ गर्नासाथ पक्राउ गर्नु पर्ने कारण भएको पक्राऊ पूर्जी दिई समात्नु पर्छ। बाटोको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने हाकिम कहाँ पेश गर्नु पर्दछ।

मुद्दा हेर्ने अधिकारी (हाकिम) को आदेशले प्रहरीले अनुसन्धानको लागि २५ दिनसम्म हिरासत (प्रहरी खोर) मा राख्न सक्दछ।

कुटपिट र लुटपिट

अभिनयसम्बन्धी निर्देशन

पात्रहरूः १. मालिक दिनेश २. लठैतहरू धने, हर्के, शिबे ३ जना ३. छबीराम

दिनेश : तै होइनस् मलाई कुट्ने धम्की दिने । देखिस तैले मेरा मान्छे। ए। धने, हर्के, शिवे ! ठोक यसलाई, यसैले हो मलाई अस्ति त्यत्रा मानिसको सामुन्ने बेइज्जत गरेको।

धने, हर्के शिवेः (छविरामलाई कुट्दै) लु खा। तँ हाम्रा मालिकको बेइज्जत गर्ने ? हाम्रा मालिकलाई जथाभावी भन्ने ? आज् यसलाई ठेगान नलगाई कहाँ हुन्छ र।

छवीराम : मरें ! ऐया ! मरें !

दिनेश : योसंग भएका घडी-सडी, रुपिया-पैसा सब खोसेर लैजाओ। केही परे म बेहोरौंला !

(धने, हर्के, शिवे छविरामसंग भएको घडी, रुपियाँहरू खोस्छन्)

कुटपिट

झगडा गर्नु राम्रो कुरा होइन। तैपनि हाम्रो गाउँ, टोलमा झै-झगडा भइरहन्छ। जब झै-झगडा बढ्दै जान्छ त्यसपछि हात हालाहाल हुन्छ। यसरी हात हाल्दा निलडाम, घाउचोट लागी दुःख दर्द हुन पुग्दछ। यसलाई कुटपिट भनिन्छ। कुटपिट गर्ने काम अपराध हो। कुटपिट भएमा कानूनले सँजाय गर्दछ।

कुटपिटका प्रकार

कुटपिट दुई प्रकारका हुन्छन् :

१. साधारण कुटपिट

२. अंगभंग कुटपिट

साधारण कुटपिट

साधारण निलडाम र घाउचोट एवं आगोले सामान्य पोलाई हुनु साधारण कुटपिट हो। यस्ता कुटपिटमा पनि कानूनले सँजाय गर्दछ।

अंगभंग कुटपिट

आँखा, नाक, कान, जिब्रो, मेरुदण्ड, हातखुट्टा, महिलाको स्तन र पुरुषको नलफल कुटपिट हुँदा चोट लागी ती अंगले काम गर्न नसक्ने गरी बेकम्मा हुन सक्छ। त्यस्तो कुटपिट अंगभंग कुटपिट हो। यो गम्भीर कुटपिट हो। यसमा कानूनले साधारण कुटपिटमा भन्दा बढी सँजाय गर्दछ। अंगभंगको खत ठहर्ने कुटपिटमा निम्न पर्दछन् :

- आँखाले देख्न नसक्ने गरी अन्धो बनाउनु,
- कानले सुन्न नसक्ने गरी बहिरो बनाउनु,
- जिब्रोले बोल्न र स्वाद लिन नसक्ने बनाउनु,
- महिलाको स्तन काटी बेकम्मा पारिदिनु,
- पुरुषको नलफलको पुरुषत्वहीन हुने गरी नपुसक बनाउनु,
- कसैको मेरुदण्ड, डँडाल्नु र हातखुट्टा भाँचिदिनु,
- हातखुट्टाको जोर्नी खुस्काउनु, फुकाल्नु वा बेकम्मा पारिदिनु।

कुरुप पार्नु

कुटपिटगर्दा घाँटीदेखि माथि देखिने ठाउँमा कुटपिट गरी चोट लगाई दाग पारिदिनु अथवा कुनै अंग काटि बुच्चो पारी दिनुलाई हाम्रो कानुनले कुरुप पारेको मान्दछ।

कुटपिट भएमा कहाँ जाने ? कहिलेसम्म जाने ? उजुर कसले गर्ने ?

कुनै कुटपिटमा उजुरी गर्नु परेमा सबभन्दा पहिला सकेसम्म चाँडो ७ दिन भित्रै कुटपिट भएको इलाकाको प्रहरी कार्यालयमा घाउ जाँचको लागि कुटाई खाने व्यक्तिले निवेदन दिई घाउ जाँच गराउनु पर्दछ। घाउ जाँच रिपोर्ट नजिकको स्वास्थ्य कार्यालयबाट तयार गरिन्छ। कुटपिटको घटनामा घाउ जाँच रिपोर्ट महत्वपूर्ण प्रमाण हो। त्यसपछि साधारण कुटपिट भए ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा कुटिने व्यक्तिले मुद्दा दर्ता गराउनु पर्दछ। ३५ दिन पछाडि अदालतमा उजुरी लाग्दैन।

अंगभंग कुटपिट भए सरकार आफैले मुद्दा चलाउँछ। अंगभंग कुटपिटमा प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिनु पर्दछ।

कुटपिटमा कस्तो सँजाय हुन्छ ?

हाम्रो कानुनले कुटपिटको अवस्था, कुटपिट गर्नेले प्रयोग गरेको हातहतियार हेरी, कुटपिट गर्नेको संख्या हेरी, कुटपिटबाट हुन गएको निलडाम, घाउखत चोट, अंगभंगको अवस्था र प्रकार हेरी भिन्नाभिन्नै सँजाय तोकेको छ। सँजाय गर्दा तीन प्रकारको व्यवस्था गरेको छ।

- घाउ खर्च दिलाउने,
- जरिवाना गर्ने,
- कैद गर्ने

यी माथिका तीन प्रकारका सँजाय कुटपिटको अवस्था हेरी हुन्छ। तर कैदको बारेमा भने निम्न प्रकारको सँजाय हुन्छ।

१. साधारण कुटपिट मात्र भएको रहेछ भने तीन वर्षभन्दा बढी कैद गर्न हुँदैन।
२. हातहतियारले हानी घोची घाउ पारेको वा आगोले पोले, डामेको भए ६ वर्षभन्दा बढी कैद गर्नु हुँदैन।

३. अंगभंग हुने गरी कुटपिट गरेकोमा १० वर्षभन्दा बढी कैद गर्न हुँदैन। जरिवाना र घाउखर्च दिलाउने बारे कुटपिटको स्थिति हेरी हाम्रो कानुनमा प्रष्ट तोकिएको छ।

के गर्दा कुटपिटको बात लाग्दैन ?

- आफ्नो रक्षाको लागि वा आफूलाई कुटपिट हुनबाट जोगाउनका लागि कसैलाई कुटपिट गर्नुपर्ने अवस्था परी कुटपिट गरेमा, जस्तै : कुनै महिलाले आफ्नो सतित्व रक्षाको लागि कुटपिट गर्दा।
- आफ्नो धनमाल चोर्न आउने चोरबाट त्यो धनमाल जोगाउन र त्यसको सुरक्षा गर्न अरु उपाय नभएर कुटपिट गर्दा,
- कुनै अपराध गर्न लागेको व्यक्तिलाई उक्त अपराधबाट जोगाउन कुटपिट गर्नुपर्ने अवस्था परी कुटपिट गरेमा,
- कोही अपराधी वा जुलुमीलाई पक्रनु पर्ने अवस्था परेको तर कुटपिट नगरी पक्राउ गर्न नसकेमा गरेको कुटपिट,
- कुटिनेको हित चिताई रक्षा-शिक्षा गर्ने अभिभावकले सामान्य पिटाई गरेमा।

भवितव्य र क्षतिपूर्ति

कुटपिट त गरेको होइन तर केही काम गर्दा अरुलाई चोट लाग्यो भने त्यो भवितव्य कुटपिट हो। यस्तो स्थितिमा अलि कम सँजाय हुन्छ।

सावधानिपूर्वक काम गर्दागर्दै यदि कसेको अंगभंग भएमा एक अंगको एक हजार रुपैंयाका दरले अंगभंग हुनेलाई घाउ खर्च भराई चोट पुऱ्याउनेलाई एक सय रुपैयाँ जरिवाना हुन्छ। त्यस बाहेक अरु चोट पटकमा परेको घाउ खर्च दिई पचास रुपैयाँ जरिवाना हुन्छ।

होस नराखी गरेको कामबाट भवितव्य परेकोमा अंगभंग भयो भने घाउ खर्च प्रत्येक भंग भएको अंगको दुई हजार रुपैंयाका दरले भराइन्छ र जरिवाना पाँच सय रुपैंया हुन्छ।

त्यस बाहेक अरु चोट परेकोमा घाउचोट, नीलडामको विचार गरी पाँच सय रुपैयाँसम्म घाउ खर्च र दुई सय पचास रुपैयाँसम्म जरिवाना हुन्छ।

लुटपिट

कसैको सामान जबरजस्ती खोस्नु हुँदैन। त्यसरी खोसेकालाई लुटपिट गरेको भन्दछन्। खोसेर सामान नलिए पनि बिगारेको मात्र रहेछ भने पनि त्यसलाई लुटपिट गरेको भन्दछन्। लुटपिट गर्नु अपराध हो। त्यस्तो गर्नेलाई कानूनले सँजाय गर्दछ।

लुटपिट गरेको ठहरिने अवस्था के के हुन् ?

१. कसैले कसैको कुनै धनमाल वा बाली वा दोपाया वा चौपायालाई आफ्नो पनि नोक्सान भयो

उसको पनि नोक्सान पारी दिन्छु भनी नोक्सान पारी दिएमा,

२. कुनै पनि नगद, जिन्सी, धनमाल, जग्गाको बाली, दोपाया, चौपायामा मेरो पनि हक लाग्ने भनी जबरजस्ती लिएमा वा नोक्सान गरी दिएमा।

३. कसैले कसेको जग्गा जमिन, साँध सिमाना, साहु आसामी, अंशवण्डा, दान बकस, विऊ विजन, रकम कलम, सन्धी सर्पन, कुलोपानी, बाली चराई, नासो धरौट इत्यादी जबरजस्ती नोक्सानी गरेमा।

४. कुनै ठाउँमा भनाभन भई झगडा सृजना भई लछार पछार गरी सोही ठाउँमा उसै बखत साथमा भएको धनमाल, नगद जिन्सी र सामान खोसी लिएमा वा लगेमा वा नोक्सान गरेमा।

५. जिम्मा दिएको आफ्नै सामान पनि जिम्मा लिने व्यक्तिको मञ्जुरी बेगर जबरजस्ती लिएमा।

लुटपिट तीन प्रकारले गरिन्छ :

- आफैंले लुटपिट गर्ने,
- लुटपिट गर्नका लागि सहयोग गर्ने,
- लुटपिट गर्नका लागि अह्राउने,

उपरोक्त तीनै प्रकारका व्यक्तिलाई अपराधको अवस्था र स्थिति हेरी सँजाय भई लुटिएको सामानको बिगो भराइन्छ। अर्थात् लुटिएको सामान पाए त्यही र नपाए त्यसको पर्ने मोल वरावरको रुपैंया अड्डाले दिलाइ दिन्छ।

लुटपिटमा उजुर कसले गर्ने ? उजुर गर्न कहाँ जाने ? उजुर कहिलेसम्म गर्ने ?

लुटपिटमा जसको सामान लुटिएको हो वा जसबाट सामान लुटिएको हो उसैले नालेस उजुर गर्नु पर्दछ। अरुले उजुर नालेस गर्न पाइदैन। लुटपिटमा उजुर गर्न कति धनमाल, नगद, जिन्सी लुटिएको हो त्यसको विवरण अथवा नोक्सान विवरण समेत स्पष्ट खुलाई सोको मूल्य समेत राखी सम्बन्धित जिल्लाको जिल्ला अदालतमा मुद्दा दर्ता गर्नु पर्दछ।

लुटपिट भएको मितिले तीन महिनाभित्र नालेस गरिसक्नु पर्दछ। नत्र त्यसभन्दा पछि नालेस लाग्दैन।

रोक्का रहेको सम्पत्ति लुटपिट गर्न नहुने

कुनै सम्पत्तिको बारेमा झगडा भई मुद्दा चलेको रहेछ भने त्यो सम्पत्ति अदालतले रोक्का गरेको हुन सक्छ। रोक्का राखेको भनेको त्यो सम्पत्ती कसैले चलाउन, खान पाइन्न। जग्गा जमिन घर रोक्का रहेकोमा बेच्न विक्री गर्न हुन्न।

त्यस्तो रोक्का रहेको सम्पत्ती जबरजस्ती लुटी खायो भने अदालतले सँजाय गर्छ। पछि त्यो सम्पत्तिको जम्मा पर्ने मोलको सयकडा बाह्र रुपैंया जरिवाना हुन्छ। तर त्यो सम्पत्ती उसको नहुने गरी फैसला भएको रहेछ भने जसको हुन्छ उसैलाई दिइन्छ र लुट्नेलाई सम्पत्तिको जम्मा पर्ने मोलको सयकडा पच्चीस रुपैंयाको हिसाबबाट जरिवाना हुन्छ।

सार्वजनिक अपराध

सार्वजनिक अपराध के हो ?

सामाजमा हुने सबै अपराधले सार्वजनिक जिवनलाई असर पारेको हुन्छ। हाम्रो देशको कानुनले पनि केही अपराधलाई सार्वजनिक अपराध मानेको छ। यसको अनुसन्धान पुलिसले गर्ने र कारवाही प्रमुख जिल्ला अधिकारी (सि.डि.ओ) ले गर्दछन्। समाजको शान्ति भंग गर्नु सार्वजनिक अपराध हो।

सत्ता र सरकार भएकाहरुले आफ्ना विरोधीलाई तह लगाउन नै यो कानुनको ज्यादा प्रयोग गरेको पाइएकाले यसको विरोध भएको पनि हामी पाउँछौं। यो कानुनको प्रयोग गर्ने अधिकारीले न्यायिक मन र विवेकको प्रयोग नगर्ने र सरक्रारको स्वार्थमा कारवाही गर्ने भएकाले पनि यसको विरोध भएको हो।

कस्ता अपराध सार्वजनिक अपराध हुन् ?

१. तलव भत्ता खाएर वा नखाएर राष्ट्रको सेवामा लागेका सरकारी कार्यालयका कर्मचारी र पदाधिकारीलाई कुटपिट, हुल हुज्जत गरेर उसको कर्तव्य पालनमा बाधा पुऱ्याएमा।

२. कुनै सार्वजनिक स्थानमा कुटपिट हुल हुज्जत गरी शान्ति भंग गर्नु, कुनै महिलालाई हातपात गरी बेइज्जती गर्नु र सार्वजनिक ठाउँमा बसेर सबैले देख्ने, सुन्ने गरी फोहर बोली बोल्नु, अश्लिल अंग प्रदर्शन गर्नु र इशारा गर्नु।

३. मानिसको स्वास्थ्य र शारीरिक सुगठन सम्बन्धी विषयको लागि बाहेक कुनै अश्लिल अर्थ लाग्ने शब्द वा चित्र छाप्ने, बेच्ने आदि कार्य गर्नु।

४. हुलाक, संचार, टेलिफोन, फ्याक्स, रेडियो, टेलिभिजन, यातायात सेवा र बिजुली जस्ता सार्वजनिक सेवा गर्नबाट रोक लगाउनु।

५. सरकारी र अरु कसैको घर, अफिस वा जग्गामा त्यस्तो घर जग्गा धनी वा अफिसको मानिसको स्वीकृति नलिई भित्र पस्नु र बस्नु।

६. कसैको निजि वा सार्वजनिक सम्पत्तिमा तोडफोड गर्नु।

७. कोही मानिसलाई हैरान गराउने, सताउने उद्देश्यले त्यस्तो व्यक्ति बसेको, बाटोमा हिंडेको, गाडीमा यात्रा गरिरहेको अवस्थामा जिस्क्याउने, बाधा विरोध गर्ने, हुलहुज्जत गर्ने, हातपात र कुटपिट गर्ने र त्यस्तो व्यक्तिको सम्पत्ति खोस्ने काम गर्नु।

८. कुनै जुलुस, सभामा भित्र पसेर वा नपसी त्रास र आतंक फैलाउने र हतियार प्रदर्शन गर्ने काम गर्नु।

९. कसैलाई दुःख हैरानी दिने, डर त्रास देखाउने, अपमान र बेइज्जती गर्नु उद्देश्यले टेलिफोन गर्ने, चिठ्ठी पठाउने, अन्य कुनै तरिकाले गाली गर्ने, जिस्काउने र धाकधम्की दिने काम गर्नु।

सार्वजनिक अपराधमा कसले कारवाही गर्छ ?

सार्वजनिक अपराध गर्ने व्यक्तिलाई घटना स्थलमै प्रहरीले वारेन्ट पूर्जि बिना पक्रन सक्दछ। यसरी पक्राउ गरिएको मानिसलाई बाटोको म्याद बाहेक २४ घण्टाभित्र जिल्ला प्रशासन कार्यालय (सि.डि.ओ. अफिस) मा बुझाउनु पर्दछ। त्यस्ता व्यक्तिलाई प्रमुख जिल्ला अधिकारी (सि.डि.ओ.) ले कारवाही गर्दछन्।

कसले उजुर गर्ने, कहिलेसम्म गर्ने ?

सार्वजनिक अपराध भएको देख्ने व्यक्तिले तुरुन्तै अर्थात् ७ दिनभित्र प्रहरी कार्यालयमा उजुर गर्नु पर्दछ। यस्तो मुद्दा सरकार आफैले चलाउँछ।

सँजाय कसले गर्छ, कति हुन्छ ?

सार्वजनिक अपराधमा सँजाय गर्ने अधिकार प्रमुख जिल्ला अधिकारी (सि. डि.ओ.) लाई हुनेछ।

सि.डि.ओ. (प्रमुख जिल्ला अधिकारी) लाई यस्ता अपराधमा ३५ दिनसम्म थुनामा राख्ने र बढीमा १० हजारसम्म जरिवाना गरी छाड्न वा साधारण कागज गरेर छाड्ने अधिकार छ।

सार्वजनिक अपराधमा कसैको कुनै सम्पत्ती नोक्सान भएको रहेछ भने यस्तो नोक्सान गर्नेबाट नोक्सान हुनेलाई क्षतिपूर्ति भराउन सक्छ।

अपराध गम्भीर लागेमा सि. डि. ओ. ले बढीमा २ वर्ष कैद गर्नु पर्दछ। तर यसरी कैद गरेपछि कैद गरेको ठीक छ छैन भनी पुनरावेदन अदालतमा साधक जाहेर गर्नुपर्छ। पुनरावेदन अदालतले ठीक छ भनेमा मात्र २ वर्ष कैद सँजाय हुन्छ।

अन्य अपराधमा सँजाय गर्न रोक नलाग्ने

सार्वजनिक अपराध भित्र गाली बेइज्जती, कुटपिट र लुटपिट जस्ता अपराध पनि पर्ने भएकाले सार्वजनिक अपराधमा उजुर र कारवाही हुनु अगाडि अन्य अपराधमा कारवाही अगाडि बढाउन कुनै बाधा हुँदैन।

तर सार्वजनिक अपराधमा कारवाही र सँजाय भईसकेपछि अन्य अपराधमा कारवाही र सँजाय गर्नु हुँदैन।

चोरी र डाँका

चोरी भनेको के हो ?

आफ्नो हक नपुग्ने सम्पत्ति, धनमाल हक पुग्ने धनीलाई थाहा नदिइ वा उसको मञ्जुरी नलिई लिन खानका लागि बेइमानीका नियतले लैजानु चोरी हो। त्यस्तै नाबालकलाई थाहा दिएर कुनै सम्पत्ति गलत मनशायले लिनु खानु पनि चोरी हो।

चोरी कति प्रकारका हुन्छन् ?

हाम्रो कानुनले चोरी ४ प्रकारका हुन्छन् भनेको छ। ती चोरीहरु यस प्रकार छन् :

१. साधारण चोरी

२. नकबजनी चोरी

३. जबरजस्ती चोरी

४. रहजनी चोरी

साधारण चोरी

आफ्नो हक नपुग्ने अरुको सम्पत्ति लिने खाने नियतले खुला ढोकाबाट अरु कुनै बिगार नगरी सुटुक्क चोरी गर्नु साधारण चोरी हो।

नकबजनी चोरी

चोरी गर्न पस्दा वा चोरी गरेर निस्कँदा खुला ढोकाबाट ननिस्की वा नपसी सेन वा सुरुङ खनि, भित्ता वा भ्याल, ढोका फोरी वा खोलि, छाना, कौसी भ्याल, परखाल आदि अबाटोबाट चोरी गर्नु नकबजनी चोरी हो।

जबरजस्ती चोरी

चोरी गर्दा कुटपिट हातपात गरी, बाँधी, थिचि, उत्तिखेरै ज्यान लिने वा अंगभंग गर्ने धम्की दिई डर, त्रास देखाई चोरी गर्नु जबरजस्ती चोरी हो। मानिस निस्कन नसक्ने गरी थुनेर चोरी गर्नु र नाबालकको धनमाल खोस्नु पनि जबरजस्ती चोरी हो। चोर्दा चोर्दै वा चोरेर भाग्दै गर्दा मौकैमा वा दपेट्दै गई माल लिन वा चोर पक्रन खोज्दा चोरले कुटपिट, हातपात, बाँधछाँद, ज्यान लिने वा अंगभंग गर्ने धम्की र डर त्रास देखाउनु पनि जबरजस्ती चोरी मै पर्दछ।

रहजनी चोरी

बाटोघाटो वा जंगलमा ढुकी जबरजस्ती चोरी गर्नु रहजनी चोरी हो।

चोरीको माल किन्नु पनि अपराध हो

कुनै बस्तुको वास्तविक मूल्यभन्दा धेरै थोरै मूल्यमा चोरीको सामान जानी वा नजानी किन्नु र लिनु हुँदैन। किनेमा कानुनले सँजाय गर्दछ। चोरीको माल भन्ने थाहा नपाइ किनेमा बिगो चोरबाट कपाली सरह लिन सकिन्छ। चोरीको सामानको मूल्यमा सयकडा १५ र बन्धकमा सयकडा २० भन्दा बढी नाफा हुने गरी किन्नुलाई चोरीको सामान जानी जानी किनेको मानिन्छ। जानी जानी किन्नेलाई पहिलो पटकलाई बिगो बमोजिम जरिवाना र दोस्रो पटकलाई बिगो बमोजिम जरिवाना र सो जरिवाना बापत कैद समेत हुन्छ।

नाबालकले चोरेमा के हुने ?

१६ वर्ष उमेर नपुगेका नाबालकले चोरी ल्याएको माल अरु ठुला जानकार अभिभावकले बेचेको रहेछ भने सो बेच्नेबाट किन्नेको थैली भराई बेच्नेलाई बिगो बमोजिम जरिवाना समेत हुन्छ। तर नाबालकलाई भने कुनै सँजाय हुँदैन।

चोरका अभिभावकलाई पनि सँजाय हुने

घरको कुनै व्यक्तिले चोरी ल्याएको कुनै कुरा सो थाहा पाइ खाने, प्रयोग गर्ने सोह्र वर्ष नाघेका अभिभावक र घरका जाहानहरुको अंशबाट समेत चोरीको बिगो असुल गरिन्छ। बिगो अंशबाट नपुगेमा बाँकी सँजाय भने चोरलाई मात्र हुन्छ। अरु अभिभावक र परिवारका सदस्यलाई सँजाय हुँदैन।

चोरले सावित भइ सुराक दिएमा सँजाय नहुने

चोरी गर्न जाँदा ज्यान मार्ने वा करणी गर्ने कार्यमा संलग्न नभइ आफू पक्राउ नपर्दै वा अरुले पोल नगर्दै प्रहरीलाई सुराक दिनेलाई चोरीको बिगो मात्र भराइन्छ सँजाय गरिदैन।

यसरी नै ज्यान मार्ने वा करणी गर्ने कार्यमा संलग्न नभइ चोरी मात्र गर्ने चोरलाई चोरी बापत मात्र सँजाय हुन्छ।

चोरीमा कति सँजाय हुन्छ ?

चोरीमा बिगो, जरिवाना, कैद वा तिनै थोकमा समेत गरी बढीमा साधारण चोरीमा आठ वर्ष, नकबजनती वा जबरजस्ती चोरीमा दश वर्ष र रहजनी चोरीमा बाह्र वर्षभन्दा बढी कैद सँजाय हुँदैन।

साधारण चोरीमा प्रत्येक चोरलाई चोरीको जम्मा बिगो बमोजिम जरिवाना र पहिलो पटक भए १ महिना कैद, दोस्रो पटककोलाई ३ महिना कैद, तेस्रो पटककोलाई ६ महिना कैद, चौथो पटककोलाई १ वर्ष कैद, पाँचौ पटककोलाई २ वर्ष कैद र छैठौं पटककोलाई ४ वर्ष कैद र सोभन्दा बढी जतिसुकै पटक भए पनि ६ वर्ष कैद सँजाय हुन्छ।

नकबजनी चोरी गर्नेलाई साधारण चोरीमा हुने सँजाय भन्दा डेढी बढी सँजाय हुन्छ।

जबरजस्ती चोरी गर्नेलाई साधारण चोरीमा हुने सँजाय भन्दा डेढी बढी सँजाय गरी जरिवाना बापत कैद समेत हुन्छ। सो जरिवाना बापत कैद गर्दा कम्तिमा ४ महिना कैद हुन्छ।

रहजनी चोरी गर्नेलाई साधारण चोरीमा हुने सँजायको दोब्बर सँजाय गरी जरिवाना बापत कैद हुन्छ। सो जरिवाना बापत कैद गर्दा कम्तिमा ६ महिना कैद हुन्छ।

चोरीको उजुर कहाँ गर्ने ?

चोरी भएको ७ दिनभित्रै नजिकको प्रहरी कार्यालयमा उजुरी दिनुपर्छ। उजुरी दिंदा चोरी भएको धनमालको विवरण र त्यसको मूल्य समेत खोली दरखास्त दिनु पर्दछ। त्यस्तो दरखास्त २ प्रति दिई त्यसको भरपाई समेत लिनु पर्दछ। यो उजुरीमा चोरी गर्ने व्यक्ति किटान गरी वा नगरी पनि दिइन्छ।

चोरीको उजुरी कहिलेसम्म दिन सकिन्छ ? कसले दिन सक्छ ?

सबै प्रकारका चोरीमा दशी देखाइ नालेश गरे जहिलेसुकै नालेश गर्न सकिन्छ। त्यस बाहेक अरु अवस्थामा सो भए गरेका एक वर्षभित्र उजुर दिनु पर्दछ। माल धनीले यस्तो नालेस गर्न सक्छ।

चोरीको मुद्दा कहाँ लाग्छ ?

चोरीको मुद्दा चोरी भएको इलाकाको जिल्ला अदालतमा सरकार आफैंले चलाउँछ।

चोरीमा गुहार नदिनेलाई पनि जरिवाना हुने

चोर हो, समात भनी गुहार माग्दा सुनी नजाने वा गुहार नदिने १६ वर्ष माथि ६५ वर्ष मुनिका जानकार लोग्ने मानिसलाई १५ रुपैयाँसम्म जरिवाना हुन्छ।

डाँका

डाँका भनेको के हो ?

चार जनाभन्दा बढ्ताको जमात भइ हातहतियार लिई, उठाइ, छाडि वा हुल हुज्जत गरी जबरजस्ती वा नकबजनी चोरी गर्नु डाँका वा डकैती हो।

डाँका गर्नेलाई कति सजायँ हुन्छ ?

डाँका गर्नेलाई बिगोको डेढी बढाइ जरिवाना गरी पहिलो पटककोलाई ६ वर्ष कैद, दोस्रो पटककोलाई ९ वर्ष कैद र तेस्रो पटकदेखि माथिकोलाई जतिसुकै भए पनि १२ वर्ष कैद हुन्छ। डाँकाको अपराधमा बिगो, जरिवाना र कैद समेत मिलाउँदा १८ वर्षभन्दा बढी कैद नहुने व्यवस्था छ।

डाँकाको उजुरी कहिले, कसले र कहाँ गर्न सक्दछ ?

डाँकाको उजुरी ७ दिनभित्र नजिकको प्रहरी कार्यालयमा पीडित व्यक्ति वा प्रहरी स्वयंले उजुरी दिन सक्दछ। यो मुद्दा सरकार आफैले चलाउँछ। डाँका मुद्दा डाँका भएको इलाकाको जिल्ला अदालतमा चल्दछ।

ठगी

अभिनयसम्बन्धी निर्देशन

पात्रहरु : १. पुरुषोत्तम २. श्याम

पुरुषोत्तमः पुष्पेले त तिमीलाई नरामै ठगेछ नि श्याम !

श्यामः के गर्नु आफू त अनपढ परियो। तैले मसंग लगेको सय रुपियाँ ऋणको तमसुक बनाएको छु, कागज यही हो, यहीं सही गर भन्यो। मैले होला त नी भनेर ल्याप्चे लगाइदिएँ। तर उसले तमसुक गराउँदा भने हजार रुपियाँको पो गराएछ। त्यतिसारो पापी होला भनेर मैले चिताएको पनि थिइन।

ठगी भनेको के हो ?

ठगी भनेको आफ्नो हक नपुग्ने अर्काको सम्पत्ति वा धनमाल ललाई-फकाइ, जाल गरेर, झुक्याएर, किर्ते कागज बनाएर वा धोका दिएर भ्रममा पारी लिनु, दिनु वा दिलाउनु हो।

कस्ता कार्यहरु ठगी अन्तरगत पर्दछन् ?

तल उल्लेख गरिएका कार्य ठगी अन्तरगत पर्दछन्।

- आफ्नो हक नपुग्ने सम्पत्ति मेरो हक पुग्छ भनी लिनु दिनु गरेमा,
- अर्काको हकको धनमाल हक पुग्नेलाई वा जसको जिम्मामा छ उसलाई ललाई-फकाई, जाल परिपन्च गरी लिनु दिनु गरेमा,
- आफ्नो हक नभएको सम्पत्तिमा हक पुग्ने किर्ते कागज बनाइ लिनु दिनु गरेमा,
- आफूसँग नभएको कुरा आफूसँग छ भनी झुक्याइ वा झुठो कुरालाई सद्दे हो भनी झुक्याइ लिनु दिनु गरेमा,
- जुनसुकै तरिका अपनाइ धोका दिइ, भ्रम पारी आफ्नो हक नपुग्ने अर्काको हकको चल-अचल धनमाल लिए दिए र दिलाएमा,
- अर्काको माल मेरो हो भनी वा मेरो भएको छ भनी लिखत गरी वा नगरी सो माल लिए, दिए, विक्री व्यवहार र सट्टापट्टा गरेमा।
- अरुलाई नोक्सान र आफूलाई फाइदा हुने गरी नाम ढाँटी अर्को मानिसको नाउँलाई म आफैं हुँ भनेमा,
- कुनै कसुर सँजायबाट बच्न बेइमानीका उद्देश्यले कसैलाई धोका, गफलत वा झुक्यानमा पारी अर्काको नोक्सान र आफूलाई फाइदा हुने काम गरेमा।

ठगीमा कस्तो सँजाय हुन्छ ?

ठगीको अपराध गरे बापत हाम्रो कानुनले निम्न सँजाय गर्दछ।

१. ठगिनेले ठगी गर्नेलाई पक्री भाखा तमसुक गराइ राखेमा साहु आसामी सरह हुन्छ।

२. ठगी गर्नेलाई ठगी लिएको बिगो भराइ बिगो बमोजिम जरिवाना तथा बिगो नभए पाँच हजार रुपैयाँसम्म जरिवानार ५ वर्षसम्म कैद हुन्छ।

३. ठगी गर्न मद्दत गर्ने मतियारलाई पनि ठगी गर्ने ठग सरह सँजाय हुन्छ।

४. ठगी ल्याएको धनमाल जानी जानी किन्नेलाई किन्नेको धनमालको बिगो हक पुग्नेलाई भराई २ सय ५० रुपैयाँसम्म जरिवाना वा ३ महिनासम्म कैद वा दुवै सँजाय हुन्छ। नजानी लिएको भए थैली कपाली सरह हुन्छ।

ठगी मुद्दा कहाँ दिने ? कसले दिने ? कहिलेसम्म दिने ?

ठगीको अपराधको सूचना जतिसक्दो चाँडो प्रहरी कार्यालयमा दिनु पर्दछ। अर्थात् ७ दिन भित्रै जाहेरी दरखास्त दिनु पर्दछ। ठगी मुद्दा ठगी भएको इलाकाको जिल्ला अदालतमा चलाइन्छ। श्री ५ को सरकारले ठगीको कुरा थाहा पाएको १ वर्ष भित्र र अरु सर्वसाधारण जनताले सो कुरा भए गरेका २ वर्षभित्रै नालेश दिनुपर्दछ।

किर्ते र जालसाँजी

अभिनयसम्बन्धी निर्देशन

पात्रहरूः १. रामदयाल २. कृष्णे

रामदयाल : सुनिस् कृष्णे, हरि त जेल परेछ नि ?

कृष्णे : किन परेछ हँ !

रामदयाल : किन हुन्थ्यो नि । उसले कुरिनटारमा भएको धर्म पाण्डेको नाममा रहेको खेतको नक्कली धनीपूर्जा बनाएर जग्गा धनीलाई भने थाहा पत्तै नदिई अर्कैलाई बेचेको रहेछ। पछि अदालतमा नालेश परेछ। छानबिन गर्दा कीर्ते धनीपूर्जा बनाई जग्गा बेचेको कुरा प्रमाणित भएछ। त्यसैले अदालतले उसलाई २ वर्षको जेल सँजाय गरेको रहेछ।

कृष्णे : ए, त्यसो गरेको भए त ठीकै गरेछन् बजियालाई। निकै मै हुँ भन्थ्यो।

किर्ते भन्नाले के बुझिन्छ ?

बदमासी गर्ने उद्देश्यले अर्काको ल्याप्चे सहिछाप हस्ताक्षर आफूले गर्नु वा कुनै पनि सरकारी, गैर सरकारी संस्था र निजी संस्था समेतको छाप, लेटर प्याड आदि नक्कली बनाइ प्रयोग गर्नु किर्ते हो। एउटा उद्देश्य र मतलब भएको कागजलाई अर्कै अर्थ लाग्ने बनाउनु, सक्कल लिखत कुनै पनि तरिकाले अंक वा अक्षर उठाइ सच्याउनु पनि किर्ते हो। किर्ते गम्भीर अपराध हो। हाम्रो कानुनले यस्ता किर्ते काम गर्नेलाई सँजायको व्यवस्था गरेको छ।

कस्ता कार्यहरु किर्ते अन्तरगत पर्दछन् ?

हाम्रो कानुनले निम्न कार्यलाई किर्ते अन्तरगत पर्ने व्यवस्था गरेको छ :

- हस्ताक्षर वा औंलाको ल्याप्चे सही निशाना र छाप आदि झुठा बनाउनु।
- कानुन बमोजिम रीतपूर्वकको सहिछाप भइरहेको अर्कै विषयको सच्चा लिखतमा लेखिएको व्यहोरा कुनै पनि तरिकाले उडाई अर्कै मतलब र व्यहोरा पारी मिलाइ लेख्नु।
- एउटा कामलाई भनी सहिछाप गरेको लिफा कागज वा छाप सो काममा नलगाई अर्कै काममा लगाउनु वा अर्कै व्यहोरा लेखी लिखत तयार पार्नु।
- अर्काको जीउ, धन वा हक जाने नोक्सान हुने र आफूलाई अथवा अरुलाई फाइदा पुग्ने गरी झुठा कागज बनाउनु।
- सरकारी, गैर सरकारी वा निजी संस्थाको छाप, लेटर प्याड र हस्ताक्षर नक्कली बनाउनु।
- नभए नगरेको काम कुरा मुखको परिपन्च मिलाइ विश्वास पर्ने किसिमसंग भनी काम गर्नु।
- झुठा किसिमले कुनै दर्जा दिन या म फलाना दर्जाको भनी भन्नु र लेख्नु।

किर्ते गर्नेलाई कति सँजाय हुन्छ ?

सर्वस्व सहित जन्म कैद हुनेमा बाहेक अरुमा १२ वर्षभन्दा बढी कैद हुँदैन।

तर,

- ज्यान लिने उद्देश्यले किर्ते गरी ज्यान गएमा किर्ते गर्ने र गर्न लाउने दुवैलाई सर्वस्व सहित जन्मकैद र अरु मतियारलाई दश वर्ष कैद हुन्छ। र ज्यान मरिसकेको रहेनछ भने किर्ते गर्ने र गर्न लगाउनेलाई १० वर्ष कैद र मतियारलाई ५ वर्ष कैद हुन्छ।
- कानुनले सँजाय गर्दा सर्वस्व सहित जन्म कैद वा जन्म कैद हुने कुरा किर्ते गरे १० वर्ष र सर्वस्व हुने कुरा किर्ते गरे ३ वर्ष कैद हुन्छ। काम भइसकेको नभए आधा मात्रा सँजाय हुन्छ।
- लालमोहर वा लालमोहर लागेको कागज किर्ते गरेमा सो गर्नेबाट बिगो भराउनु पर्ने भए बिगो भराइ १० वर्ष कैद सँजाय हुन्छ।
- लिखत जम्मै किर्ते नगरी अंक वा व्यहोरासम्म घटिबढी पारी किर्ते गरेमा जर्ति कुरा घटिबढी पारी किर्ते गरेको छ। उति मात्र सँजाय हुन्छ। बिगो खुलेकोमा नोक्सान भएको सयकडा पचिसले जरिवाना र बिगो नखुले ५० रुपैयाँसम्म जरिवाना हुन्छ।
- सरकारी छाप, दस्तखत र छाप दस्तखत भएको कागज किर्ते गर्नेलाई अरु सँजाय बाहेक थप, एक वर्ष कैद र सो काम सरकारी कर्मचारीले गरेको भए थप २ वर्ष कैद सँजाय हुन्छ।
- सम्पत्ति सम्बन्धी किर्ते गरी लिइ खाइसकेको भए विगो बमोजिम जरिवाना हुन्छ। काम भइ नसकेको भए आधा जरिवाना हुन्छ।

किर्ते गर्ने साक्षीलाई पनि सँजाय हुने

'किर्ते कागज हो भनी जानी जानी साक्षी हुनेलाई काम भइसकेको भए मुख्य किर्ते गर्ने व्यक्तिलाई सर्वस्व सहित जन्मकैद हुने रहेछ भने १५ दिनदेखि २ वर्षसम्म कैद र जरिवाना हुन्छ। मुख्य किर्ते गर्ने व्यक्तिलाई जरिवाना मात्र हुने रहेछ भने एक सय रुपैयाँसम्म जरिवाना हुन्छ। किर्ते काम भइ नसकेकोमा आधा सँजाय हुन्छ। त्यस्तै एउटाको नाममा अर्काले सहिछाप गरेमा नाउँ लेखिएको मञ्जुरी भए पनि हेरी रु. २०।- सम्म जरिवाना हुन्छ।

मुखले किर्ते गर्नेलाई पनि सजाय हुने

मुखका परिपन्चले किर्ते काम कुरा गरेकोमा सो गर्नेलाई बिगो खुलेकोमा बिगोको आधि र बिगो नखुलेकोमा १ सय रुपैयाँसम्म जरिवाना हुन्छ। मौखिक किर्ते काम भइ नसकेकोमा आधा सँजाय हुन्छ।

नपाएको दर्जा पाएँ भन्ने वा दर्जा दिनेलाई पनि सँजाय हुने

नपाएको दर्जा पाएँ भनी दर्जाको धाकले कामकाज समेत गर्नेलाई केही लिएर खाएको भए सो बिगो फिर्ता गराइ ४ वर्षसम्म कैद र ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै सँजाय हुन्छ। अरु कसुर पनि गरेको रहेछ भने सो कसुरमा छुट्टै सँजाय हुन्छ। यस्ता नक्कली दर्जावाल व्यक्तिसंग जानी जानी मतियार बन्नेलाई मुख्य व्यक्तिलाई हुने सँजायको आधा हुन्छ।

किर्ते गरेमा कहाँ, कसले कहिलेसम्म नालेश गर्ने ?

किर्ते काम गरेको थाहा हुने वित्तिकै नजिकको प्रहरी कार्यालयमा तत्कालै जाहेरी दिनुपर्दछ। यो दरखास्त पीडित व्यक्ति वा अरुले पनि दिन सक्दछन्। सरकारी छाप वा कागजपत्र किर्ते गरेकोमा बाहेक, मौखिक किर्ते वा दर्जाको किर्ते वा अन्य किर्ते गरेकोमा सो काम भए गरेका मितिले २ वर्ष भित्र नालेश गर्नु पर्ने साविक व्यवस्था थियो। हाल सो म्याद थाहा पाएको मितिले ६ महिना भित्र भन्ने संशोधित व्यवस्था छ।

जालसाजी

जालसाजी के हो ?

किर्ते काम बाहेक अर्काको हकमेट्ने, हदम्याद तारेख जाने वा कुनै पनि तरिकाले नोक्सान पर्ने आदि जुनसुकै मतलब र उद्देश्यले होस नभएको झुठ्ठा कुरा गरे भएको हो भनी मिति, अंक, व्यहोरा फरक पारी झुक्याइ सहिछाप गराउनु वा त्यस्ता काम गराउन लगाउनु जालसाजी हो। जालसाजीमा सहिछाप सम्बन्धित व्यक्तिको भए पनि मिति, अंक र व्यहोरा अर्कै बनाइएको हुन्छ।

जालसाजिमा कति सँजाय हुन्छ ?

- जालसाजी कागज गर्ने गराउनेलाई बिगो खोलिएकोमा बिगोको सयकडा २५ जरिवाना हुन्छ। बिगो नखुलेकोमा रु. २५०।- सम्म जरिवाना हुन्छ।
- जालसाजीमा उजुरी गर्ने व्यक्ति, तरिका र समय किर्तेकै जस्तो कार्यविधिबाट हुन्छ।

लागु पदार्थ

लागू पदार्थ भनेको के हो ?

लागू औषधी (पदार्थ) सम्बन्धी अपराधलाई एक गम्भीर अपराध मानिन्छ। नेपाल र विदेशमा समेत यसलाई कानुनले बर्जित गरेको छ। नेपालको कानुन अनुसार लागू पदार्थ भन्नाले निम्न वस्तुलाई जनाउँछ।

- गाँजा, भाङ, चरेश वा औषधी बनाउने गाँजा (औषधोपयोगी गाँजा)
- अफिम, तैयारी अफिम, औषधोपयोगी अफिम।
- कोकाको झार र पात।
- अफिम तथा कोकाको सारतत्व मिश्रण वा लवण समेत मिसाएर तयार गरिने पदार्थ, र
- श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकि दिएका प्राकृतिक वा कृत्रिम लागू औषध वा मनोदीपक पदार्थ (साइक्रोट्रपिक्स) र तिनको लवणहरु तथा अन्य पदार्थ।

कस्ता कार्यहरु लागू औषध सम्बन्धी अपराधमा पर्दछन् ?

तल उल्लेख गरिएका निम्न कार्यहरु लागू औषध सम्बन्धी अपराध हो :

१. गाँजाको सेवन गर्ने, खेती गर्ने, उत्पादन गर्ने, तयारी गर्ने, खरिद गर्ने, विक्री वितरण गर्ने, निकासी वा पैठारी गर्ने, ओसार-पसार गर्ने।
२. अफिम वा कोकाको सेवन गर्ने, खेती गर्ने वा अफिम वा कोकाको झारपात वा अन्य लागू औषधीको उत्पादन गर्ने।
३. लागू औषधको निर्माण वा तयारी गर्ने।
४. लागू औषधको विक्री वितरण गर्ने।
५. लागू औषधको निकासी वा पैठारी गर्ने।
६. लागू औषधी खरिद गर्ने, संचय गर्ने, राख्ने वा ओसार-पसार गर्ने।

लागू औषध सम्बन्धी अपराधमा कस्तो सँजाय हुन्छ ?

कानुन बमोजिम अनुमति प्राप्त गरेकोमा बाहेक माथि उल्लेखित कार्य गर्दा यस प्रकारको सँजाय हुने कानुनी व्यवस्था छ :

१. गाँजा सेवन गर्ने व्यक्तिलाई एक महिनासम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना। तर चिकित्सा केन्द्रमा एक महिनासम्म उपचार गराउने जिम्मा लिने व्यक्ति वा संस्थाले कागज गरी दिएमा त्यस्तो व्यक्तिको सम्बन्धमा पन्ध्र-पन्ध्र दिनमा उक्त चिकित्सा केन्द्रबाट उपचार गराइरहेको प्रतिवेदन पेश गर्ने गरी मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई सँजाय नगर्न सक्दछ।
२. पच्चीस वटा बोटसम्म गाँजाको खेती गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीन हजार रुपैंयासम्म जरिवाना।
३. पच्चीस वटा बोट भन्दा बढी गाँजाको खेती गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा पाँच हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ।
४. गाँजा उत्पादन, तयारी, खरिद, विक्री-वितरण, निकासी वा पैठारी, ओसार-पसार तथा संचय गर्ने व्यक्तिलाई :
   (क) पचास ग्रामसम्मको भए तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना।
   (ख) पचास ग्रामदेखि पाँच सय ग्रामसम्मको भए एक महिनादेखि एक वर्षसम्म कैद र एक हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना।
   (ग) पाँच सय ग्रामदेखि दुई किलोसम्मको भए छ महिना देखि दुई वर्षसम्म कैद र दुई हजार रुपैंयादेखि दश हजार रुपैंयासम्म जरिवाना।
   (घ) दुई किलोग्रामदेखि दश किलोग्रामसम्मको भए एक वर्ष देखि तीन वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि पचीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ।
   (ङ) दश किलोग्रामदेखि माथि जतिसुकै भए पनि दुई वर्षदेखि दश वर्षसम्म कैद र पन्ध्रहजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना।
५. अफिम, कोका वा सोबाट बनेको लागू औषध सेवन गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना। तर चिकित्सा केन्द्रमा तीन महिनासम्म उपचार गराउने गरी जिम्मा

लिने व्यक्ति वा संस्थाले कागज गरी दिएमा पन्ध्र-पन्ध्र दिनमा चिकित्सा केन्द्रबाट उपचार गराइ राखेको जानकारी पेश गर्ने गरी मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई सँजाय नगर्न सक्नेछ।

६. अफिम वा कोकाको खेती गर्ने व्यक्तिलाई :

(क) पच्चीस बोटसम्म भए एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना।

(ख) पच्चीस बोट भन्दा माथि जतिसुकै भए पनि तीन वर्षदेखि दश वर्षसम्म कैद र पच्चीस हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना।

७. अफिम, कोका वा सोबाट बनेको लागू औषधको सेवन र खेती गर्ने कार्य बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई :

(क) पच्चीस ग्रामसम्मको कारोबार गर्नेलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना।

(ख) एक सय ग्रामदेखि माथि जतिसुकै परिमाणको कारोबार गर्नेलाई पन्ध्र वर्षदेखि जन्म कैदसम्म र पाँच लाखदेखि पच्चीस लाख रुपैयाँसम्म जरिवाना हुन्छ।

८. श्री ५ को सरकारले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोदिपक पदार्थ र तिनको लवण र अन्य पदार्थको दुर्व्यसन गर्ने व्यक्तिलाई दुई महिनासम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना हुन्छ।

तर चिकित्सा केन्द्रमा तीन महिनासम्म उपचार गराउने गरी त्यस्तो दुर्व्यसनीको जिम्मा लिने कुनै व्यक्ति वा संस्थाले कागज गरिदिएमा त्यस्तो चिकित्सा केन्द्रबाट उपचार गराइ राखेको जानकारी पन्ध्र-पन्ध्र दिनमा पेश गर्ने गरी मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई सँजाय नगर्न सक्दछ।

९. माथि खण्ड (८) मा लेखिएदेखि बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई दुई वर्षदेखि दश वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि वीस लाख रुपैयाँसम्म जरिवाना हुन्छ।

लागू पदार्थको कारवाही कसरी हुन्छ ?

लागू पदार्थ एक सामाजिक अपराध हो। हाम्रा कैयौं युवा युवतीहरु यो कुलतमा फस्न पुगेका छन्। यसबाट ती युवा युवतीलाई बचाउन जनचेतना जगाउनु जरुरी छ। लागू पदार्थका कारण व्यक्रिको व्यक्तित्व नष्ट हुन्छ। सिर्जनशीलता हराउँछ। दुर्व्यसनीका कारण परिवार, समाज र राष्ट्रलाई नै असर परेको छ। तसर्थ यस्ता कुलतमा लागेका हाम्रा दाजुभाइ दिदी-बहिनीहरुलाई त्यस्ता कुलतबाट जोगाउनु हाम्रो पनि दायित्व हो।

लागू पदार्थ सम्बन्धी मुद्दा प्रहरीमा सूचना भएपछि सरकारवादी भएर घटना भएको सम्बन्धित जिल्ला अदालतमा चल्दछ। यस अपराधमा प्रहरीलाई विना वारेन्ट प्रवेश, खानतलासी, कब्जा र गिरफ्तार गर्ने अधिकार छ। यस्तो लागू औषध मुद्दामा प्रमाण पुऱ्याउनु पर्ने दायित्व अभियुक्तमै रहेको छ।

गाली बेइज्जती

अभिनयसम्बन्धी निर्देशन

पात्रहरु १. पेमा २. गाविस अध्यक्ष

पेमा : (चार पाँच जना मानिसहरूको अगाडि गाउँ विकास समितिको अध्यक्षसंग रिसले मुर्मुरिदै) तिमीले मेरो नाममा सिफारिश निकाल्दिन्छु भनेर यतिका दिन सम्म किन झुलाइराख्छौ ? सक्दिन भने सक्दिन भन। घुस दिएको भए छिटै गरिदिन्थ्यौ होला ।

गाविस.अध्यक्ष : सिफारिश तिफारिसको कुरा यहाँ गर्ने होइन बुझिस्। अहिले धेर नकरा, अदालतमा तेरा विरुद्ध हालिदिउँला मुद्दा, के ठानेको छस् तैले ।

पेमा : जे मुद्दा हाल्छौ हाल। म पनि चुप लागेर बस्ने मानिस होइन बुझ्यौ ?

गाविस अध्यक्षः पख, तेरा विरुद्ध गाली बेइज्जती मुद्दा नहाली छोड्दिन।

गाली बेइज्जती के हो ?

कुनै व्यक्तिलाई अपशब्द वा अशिष्ट शब्द प्रयोग गर्नु गाली हो। त्यस्तै कसैले अरु कुनै व्यक्तिको इज्जतमा धक्का पुऱ्याउने नियतले वा धक्का पुग्ला भन्ने जानी जानी वा विश्वास गर्ने कारण भई लेखेर वा बचनले वा संकेतले वा बुझिने गरी आकार चिन्हद्वरा सो व्यक्तिलाई कुनै दोष लगाएमा वा त्यस्तो कुरा प्रकाशित गरेमा निजले बेइज्जती गरेको मानिन्छ।

कस्ता कार्यहरु बेइज्जतीमा पर्दछन् ?

१. मरिसकेको व्यक्तिलाई लगाइएको दोष निज जीवित रहेको भए निजको इज्जतमा धक्का लाग्ने रहेछ र त्यस कुराले निजका नजिकका नातेदारको भावनामा चोट पुऱ्याउने मनशायले बेइज्जती गरेमा,

२. व्यंग्य गरी वा कुनै घुमाउरो तवरले दोष लगाएमा,

३. जानाजान कसैको चरित्र हत्या गर्ने वा अनुचित लाञ्छना लगाउने नियतले दोष लगाई प्रचार-प्रसार गरेमा,

४. कसैको नैतिक वा बौद्धिक चरित्र वा जात, पेशा सम्बन्धी चरित्र वा ख्यातीलाई होच्याउने गरेमा,

५. कसैको शरीर घृणित अवस्थामा वा सामान्यतः अपमानित सम्झिने अवस्थामा छ भन्ने विश्वास पर्ने गरी दोष लगाएमा।

कस्ता कार्यहरु बेइज्जतीमा पर्दैनन् ?

हाम्रो कानुनले कतिपय यस्ता अवस्थाहरु दिएको छ जसको कारणले बेइज्जति ठहर्दैन। ती निम्न कार्य र अवस्था यी हुन् :

१. सर्वसाधारणको हितको लागि आवश्यक भएमा कुनै व्यक्तिलाई साँचो कुराको दोष लगाउनु वा त्यसको प्रकाशन गर्नु।

२. कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको काम कर्तव्य गर्दाको निजको आचरणलाई लिएर वा सो आचरणबाट बुझिनेसम्मको मात्र निजको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु।

३. कुनै व्यक्तिको सार्वजनिक प्रश्नसँग सम्बन्ध पर्ने आचरण र सो आचरणबाट बुझिनेसम्मको मात्र निजको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु।

४. कुनै अदालती कारवाहीमा यसको नतिजाको वास्तविक रुपमा साँचो प्रतिवेदन प्रकाशित गर्नु।

५. कुनै अदालतले छिनेको देवानी वा फौज्दारी मुद्दाको गुण वा दोषलाई लिएर वा त्यस्तो कुनै मुद्दाको वादी, प्रतिवादी, साक्षी, वारिस भएको कुनै व्यक्तिको आचरणलाई लिएर वा सो आचरणबाट बुझिनेसम्मको मात्र निजको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु।

६. कुनै कुरा गर्ने व्यक्तिले सर्वसाधारणको रायका लागि सो कुरा पेश गरेकोमा सो कुराको गुण वा दोषलाई लिएर वा त्यसबाट बुझिनेसम्मको मात्र कुरा गर्ने व्यक्तिको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु।

७. कुनै व्यक्तिको अर्को कुनै व्यक्ति उपर कानुनद्वारा वा निजसँगको कानुनी कबुलियतद्वारा कुनै अधिकार भएकोमा निजले सो अधिकार सम्बन्धी काम कुरामा सो अर्को व्यक्तिको आचरणमा असल नियतले कुनै खोट लगाउनु।

८. कसै उपर लाग्ने अभियोग सो विषयमा निज उपर कानुनी अधिकार भएका व्यक्ति छेउ असल नियतले लगाउनु।

९. आफ्नो वा अरुको हितको रक्षाको लागि वा सर्वसाधारणको हितको लागि असल नियतले कसैको चरित्रलाई दोष लगाउनु, र

१०. कसैलाई निजको हितको लागि वा निजको स्वार्थ भएको व्यक्तिको हितको लागि वा सर्वसाधारणको हितको लागि अरु कुनै व्यक्तिको विरुद्ध सतर्क गर्नु।

गाली बेइज्जतिमा कति सँजाय हुन्छ ?

(क) अरु कसैको बेइज्जति गरेमा वा बेइज्जति हुने कुरा छापेमा ५ हजार रुपैयाँसम्म जरिवाना र दुई वर्षसम्म कैद सँजाय हुन सक्छ।

(ख) वेइज्जति हुने कुरा छापिएको जानि जानि विक्री वितरण गरेमा १ सय रुपैयाँसम्म जरिवाना र ६ महिनासम्म कैद हुन्छ।

(ग) शान्ति भंग गराउने नियतले जानी जानी गाली गरेमा वा कसैलाई उत्तेजित पारेमा १ सय रुपैंयासम्म जरिवाना र ६ महिनासम्म कैद सँजाय पनि हुन्छ।

(घ) कसैले कुनै महिलालाई अपमानित गर्ने नियतले निजले देख्ने सुन्ने गरी, कुनै कुरा भनेमा वा कुनै किसिमको शब्द वा हावभाव व्यक्त गरेमा वा कुनै वस्तु देखाएमा वा गोपनियतामा दखल दिएमा १ सय रुपैयाँदेखि ५ सय रुपैयाँसम्म जरिवाना र ६ महिनासम्म कैद सँजाय पनि हुन सक्दछ।

(ङ) गाली बेइज्जति गरेको प्रमाणित भएमा रु. ५० हजारसम्म क्षतिपूर्ति र मुद्दा गर्दा लागेको खर्च समेत अदालतले भराउँछ।

झुठा मुद्दा दिएमा के हुने ?

कसैले कसैको खति पुऱ्याउने उद्देश्यले झुठा गाली बेइज्जति मुद्दा दिएमा बेइज्जति सम्बन्धी मुद्दामा ५ सयदेखि ५ हजार रुपैयाँसम्म उल्टो जरिवाना र गाली सम्बन्धी मुद्दामा भए १ सयदेखि १ हजार रुपैयाँसम्म जरिवाना गरी मुद्दामा लागेको खर्च समेत अदालतले भराउँछ।

गाली बेइज्जतिको नालेश कहाँ लाग्छ ? कहिलेसम्म लाग्छ ?

गाली बेइज्जतिको नालेश घर भएको जिल्ला अदालतमा लाग्दछ। यो मुद्दा जसलाई मर्का परेको छ उसैले दिनु पर्दछ। यो मुद्दाको नालेश मुद्दा गर्नुपर्ने कारण परेको मितिले ६ महिना भित्र गर्नुपर्दछ। यो मुद्दाको कारवाही विशेष अदालत ऐन, २०३१ अनुसार विशेष कार्यविधि अपनाइ हुन्छ।

महिला विरुद्ध हुने अपराध

सबै अपराधहरु समाजको शान्ति सुव्यवस्थाका शत्रु हुन्। त्यसमा पनि महिला विरुद्ध हुने अपराधले महिलालाई शारीरिक र मानसिक पीडा दिन्छ। त्यसैले महिला विरुद्ध हुने अपराधलाई गम्भीर अपराध मानिन्छ।

करणी सम्बन्धी अपराध

जबरजस्ती करणी (बलात्कार) भनेको के हो ?

बलात्कार भन्नाले कुनै लोग्ने मानिसले कुनै कन्या, सधवा, विधवा महिलालाई उसको इच्छा र मञ्जुरी बेगर जबरजस्ती शारीरिक सम्बन्ध राख्नुलाई भनिन्छ। जबरजस्ती करणी अर्थात् बलात्कार महिला विरुद्ध हुने अनैतिक, निन्दनीय र घृणित अपराध हो।

कानुनले कुन अवस्थालाई जबरजस्ती करणी मान्छ ?

१६ वर्ष उमेर नपुगेकी कुनै पनि महिलालाई उसको इच्छा मुताविक मञ्जुरी लिएर वा नलिएर जसरी भए पनि शारीरिक यौन सम्बन्ध वा अनुचित यौन सम्बन्ध राख्नु बलात्कार (जबरजस्ती करणी) हो।

१६ वर्ष उमेर नाघिसकेकोलाई उसको मञ्जुरी नलिई जबरजस्ती शारीरिक सम्बन्ध राख्नुलाई पनि बलात्कार अर्थात् जबरजस्ती करणी भनिन्छ।

कुनै डर, धाक, त्रास देखाई जोर जुलुम गरी वा अनुचित प्रभावमा (नचाहिंदो प्रभाव) पारी कुनै महिलालाई मञ्जुरी नै लिएर करणी गरे पनि त्यो जबरजस्ती करणी हो।

बलात्कारको घटना हुने वित्तिकै के गर्ने ?

- घटना घट्ने वित्तिकै जतिसक्दो चाँडो नजिकको प्रहरी कार्यालय (पुलिस अफिस) मा खबर गर्ने,
- बलात्कार भएको प्रमाण सुरक्षित राखी तुरुन्त पीडित महिलाको शारीरिक परीक्षण गराउन प्रहरी मार्फत् अस्पताल वा डाक्टरकोमा लैजाने।
- बलात्कार गर्ने व्यक्तिलाई भाग्न, उम्कन नदिई पक्रि उसको पनि प्रहरीमार्फत् डाक्टर कहाँ शारीरिक परीक्षण गराउने।
- पीडित महिला, देख्ने सुन्ने मानिसले भएको यथार्थ बयान प्रहरी समक्ष दिने।

बलात्कार (जबरजस्ती करणी) मा कति सँजाय हुन्छ ?

१. १० वर्ष मुनिका नाबालक महिलालाई बलात्कार गरेको भए बलात्कारीलाई १० वर्षदेखि १५ वर्षसम्म कैद सँजाय हुन्छ।

२. १० वर्षदेखि माथि १६ वर्षभन्दा कम उमेरकी महिलालाई बलात्कार गरेको भए बलात्कारीलाई ७ देखि १० वर्षसम्म कैद सँजाय हुन्छ।

३. सोह्र वर्ष वा सोभन्दा माथिको महिलालाई बलात्कार गरेको भए ५ वर्षदेखि ७ वर्षसम्म कैद हुन्छ।

४. जबरजस्ती करणी (बलात्कार) गर्न खोजेको तर बलात्कार नभई सकेकोमा वा कुनै कारणले बलात्कार हुन नपाएकोमा बलात्कार गर्नेलाई हुने कैद सँजायको आधा कैद सँजाय हुन्छ।

५. बलात्कार हुन लागेको थाहा पाई जानी जानी सघाउने, मद्दत गर्ने, उक्साउनेलाई जति जना भए पनि सबैलाई ३ वर्ष कैद सँजाय हुन्छ।

तर १६ वर्ष मुनिकी नाबालक महिलालाई बलात्कार गरेकोमा मद्दत गर्ने, सघाउने र उक्साउनेलाई भने दुई वर्ष कैद सँजाय हुन्छ।

६. महिलालाई सामूहिक रुपमा जबर्जस्ती करणी गर्ने वा गर्भवती अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई यस माथि उल्लेखित सजायमा थप ५ वर्ष कैद सजाय हुन्छ।

को कोलाई बलात्कारमा सँजाय हुन्छ ?

- हाडनाताकी महिलालाई करणी गर्नेलाई,
- जबरजस्ती करणी गर्नेलाई,
- जबरजस्ती करणी गर्न खोज्नेलाई अर्थात् बलात्कारको उद्योग गर्नेलाई,
- जबरजस्ती करणी गर्न पठाउने, अह्राउने, उक्साउनेलाई

पीडित महिलाले आधा अंश पाउने

कुनै महिला बलात्कारको शिकार भइन् भने उनले बलात्कार गर्ने बलात्कारीको अंशबाट आधा अंश पाउँछिन्।

कुनै सधवा वा विधवाले आफ्नो लोग्नेबाट पाउने अंशमा यो घटनाले कुनै बाधा पुऱ्याउँदैन।

महिलाको सतित्व रक्षाको अधिकार

- महिलालाई नेपाल कानूनले जबरजस्ती करणी गर्ने वा गर्न आउनेलाई घटना घटेकै समयमा वा घटना घटिसकेपछि एक घण्टाभित्र लखेट्दै गई मारेमा ज्यानमाराको बात लाग्दैन।

तर यसरी ज्यानमाराको बात नलाग्न निम्न अवस्था हुनुपर्दछ :

- कुनै लोग्ने मानिसले आफूलाई जबरजस्ती करणी गर्ने मनशाय लिई हातपात, थुनछेक, बाँधछाँद वा जोरजुलुम गर्नु पर्दछ,
- यस्तो अवस्थामा पीडित महिलाले हार गुहार मागी वा भागी वा अरु केही गर्दा पनि उक्त घटनाबाट आफू बच्न नसक्ने भई सतित्व बचाउन केही गर्नुपर्ने हुनुपर्दछ।
- ठूलो डर, त्रासमा परी करणी गर्न नपाउँदै वा आफ्नो जोडबल नपुगी करणी भएपछि त्यसैको रीस खप्न नसकी त्यहीं घटनास्थलमै वा लखेट्दै गई एक घण्टाभित्र हतियार, लाठी, ढुंगा, मुढा इत्यादी चलाउँदा ज्यान मरेको हुनु पर्दछ।

एक घण्टापछि बलात्कारीलाई मारे के हुने ?

एक घण्टापछि बलात्कारीलाई पीडित महिला एक्लैले मारेमा ५ हजार रुपैयाँसम्म जरिवाना वा १० वर्षसम्म कैद हुन्छ।

आफ्नै श्रीमतीलाई पनि बलात्कार गर्न नपाइने

अन्य महिलालाई जबरजस्ती करणी गर्दा बलात्कार हुन्छ भने आफ्नै श्रीमतीलाई जबरजस्ती करणी वा अप्राकृतिक मैथुन गरे के हुन्छ भन्ने सम्बन्धमा हालै सर्वोच्च अदालतले श्रीमतीको पनि

स्वतन्त्र सहमति र इच्छा विरुद्ध गरेको करणीलाई जबरजस्ती करणी र बलात्कार भनी व्याख्या गरेको छ र त्यसलाई आन्तरिक मामिला मात्र नमानी अपराध मानेको छ।

बलात्कार सम्बन्धी मुद्दाको सुनुवाई बन्द इजलासमा हुने

जबरजस्ती करणी (बलात्कार) सम्बन्धी अपराधको अनुसन्धान र तहकिकातको सिलसिलामा पीडित स्वास्नी मानिसको बयान गराउँदा महिला प्रहरी कर्मचारीले गराउनु पर्नेछ। महिला प्रहरी कर्मचारी नभएमा समाजसेवी महिलाको रोहवरमा अन्य प्रहरी कर्मचारीले गराउन सक्नेछ।

बलात्कार सम्बन्धी मुद्दाको कारवाही चल्दा सम्बन्धित वकिल, अभियुक्त, पीडित स्वास्नी मानिस र निजको संरक्षक तथा मुद्दा हेर्ने अधिकारीले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र इजलासमा उपस्थित हुन सक्नेछन्।

अप्राकृतिक मैथुन बलात्कार सरह हुने

कसैले कुनै नाबालकसँग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जबरजस्ती करणी गरेको मानी माथि उल्लेख गरिएको सजायमा थप एक वर्षसम्म कैद हुन्छ। त्यस्तो नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मर्का समेत विचार गरी अदालतले अप्राकृतिक मैथुन गर्नेबाट मनासिव माफिकको क्षतिपूर्ति समेत भराइदिने छ। यसबाट अप्राकृतिक यौन दुराचारी (पेडोफिल) हरु कानुन विहिनताबाट उम्कन नपाउने स्थिति छ।

भ्रष्टाचार विरुद्धको कानून

सुशासन आजकल बहुत सुनिने शब्द हो। वास्तवमा प्रजातन्त्रलाई बलियो बनाउन सुशासनको अत्यावश्यक छ। सुशासनकै अभावमा बेथिति, दुराचार र भ्रष्टाचारले समाजलाई नराम्ररी गाँजेको छ। आज सबैको चाहना भ्रष्टाचारमुक्त प्रशासन र समाजको छ। यस चाहनालाई पूरा गर्न दृढ इच्छा शक्ति भएको राज्ययन्त्र चाहिन्छ। त्यो राज्यसंयन्त्र स्वयंममा सुशासन हुनु पर्दछ। सुशासनका ५ वटा तत्वहरु छन्। ती हुन् :

१. कानुनको शासन

२. पारदर्शिता

३. जबाफदेहिता

४. जनउत्तरदायी शासन व्यवस्था

५. जनसहभागिता वा साझेदारी

सुशासनका ५ वटा तत्व मध्ये पारदर्शिताका लागि राज्यले भ्रष्टाचार विरुद्धको कानुन निर्माण गर्दछ। नेपालमा पनि भ्रष्टाचार विरुद्धको पुरानो कानुन कामयावी र प्रभावकारी भएन भनेर भ्रष्टाचार विरुद्धको नयाँ कानुनको निर्माण भएको छ। जसलाई भ्रष्टाचार निवारण ऐन, २०५९ भनिन्छ। यो कानुन सर्वसाधारणको सुख, शान्ति र आर्थिक हितको निमित्त समाजमा आथ्कि अनुशासन, नैतिकता, सदाचार कायम राख्न आएको हो।

के गर्दा भ्रष्टाचार हुन्छ ?

- घुस लिनेदिने काम गर्दा,
- राष्ट्रसेवकले विना मूल्य वा कम मूल्यमा काम गरे बापत वस्तु वा सेवा लिंदा,
- पद अनुसार काम गर्दा राष्ट्रसेवकले दान, दातव्य उपहार वा चन्दा लिँदा,
- राष्ट्रसेवकले आनो कर्तव्य पालनको सिलसिलामा कमिशन लिँदा,
- राष्ट्रसेवकले राजस्व चुहावट गर्दा,
- गैर कानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले काम गर्दा,
- राष्ट्रसेवकले गलत लिखत तयार गर्दा,
- गलत अनुवाद गर्दा,

- सरकारी कागजात सच्याउँदा,
- सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्दा,
- प्रश्नपत्रको गोपनियता भंग गर्दा र परीक्षाको परिणाम फेरबदल गर्दा,
- राष्ट्रसेवकले गैर कानुनी व्यापार व्यवसाय गर्दा,
- नपाएको ओहदा पाएँ भन्दा,
- झुठा विवरण दिँदा,
- सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गर्दा,
- गैर कानुनी दबाब लिँदा,
- गलत प्रतिवेदन दिँदा
- कुनै राष्ट्रसेवकले अमिल्दो र अस्वभाविक जिवन यापन गर्दा वा हैसियत भन्दा बढी सम्पत्ति देखिँदा र हैसियत भन्दा बढी दान दातव्य उपहार सापटी चन्दा वा बकस लिँदा।

भ्रष्टाचार गर्दा कति सजाय हुन्छ ?

भ्रष्टाचार गर्दा कसुरको स्थिति अनुसार सजाय हुन्छ। हालको कानुनी व्यवस्था अनुसार सबै कसुरमा कैद र बिगो बमोजिम जरिवाना हुने व्यवस्था छ। जसअनुसार कैद सजाय कम्तिमा ३ (तीन) महिनादेखि बढीमा १० (दश) वर्षसम्म हुने व्यवस्था छ।

भ्रष्टाचार भएमा कहाँ उजुर गर्ने ?

भ्रष्टाचार भएमा उजुर गर्ने संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग हो। यसले भ्रष्टाचार सम्बन्धी मुद्दा हेर्ने र दोषीउपर मुद्दा चलाउने काम गर्दछ। यस बाहेक प्रमुख जिल्ला अधिकारी (सिडिओ) र विभिन्न मन्त्रालयका केन्द्रमा पनि उजुर गर्न शिकायत गर्ने पनि गर्न सक्दछ।

भ्रष्टाचार बिरुद्धको अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर

नेपालले हालै संयुक्त राष्ट्रसंघको भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरेको छ र सो महासन्धि हाल लागु समेत भइसकेको छ। सो महासन्धि अनुसार भ्रष्टाचारजन्य जुनसुकै कसुर पनि दण्डहीनताको परिधिमा नपर्ने भएको छ। यो महासन्धिले भ्रष्टाचार निवारण, भ्रष्टाचारजन्य कसुरहरुको दायरामा फराकिलो पारेको छ।

वेश्यावृत्ति

नेपालमा वेश्यावृत्ति सम्बन्धी कानुन छैन। तर आशय करणी सम्बन्धी कानुनमा वेश्यावृत्तिको थोरै व्यवस्था छ।

आशयकरणी भनेको के हो ?

कुनै लोग्ने मानिसले ११ वर्ष उमेर नाघेकी महिलालाई करणी गर्ने उद्देश्यले शीरदेखि पैतालासम्म हेरेमा वा समाएमा आशय करणी गरेको मानिन्छ। आफ्नी श्रीमतीलाई हेरेमा आशय करणी मानिदैन। आशय करणी हुन करणी गर्ने उद्देश्यले हेरेको वा समाएको हुनु पर्दछ।

आशय करणी गर्नेलाई कति सँजाय हुन्छ ?

आशय करणी गरेमा रु. ५०० सम्म जरिवाना वा एक वर्षसम्म कैद सँजाय वा दुवै हुन्छ।

तर व्यवहारमा आशय करणीमा सँजाय भएको र नालेश उजुर परेको पाइँदैन। किनभने आशय करणीमा करणी भएको हुँदैन। कुनै घाउचोट हुँदैन। कसैले हेरेको वा समाएको प्रमाण जुटाउन पनि गाह्रो हुन्छ। त्यस्तै उसको करणी गर्ने उद्देश्य थियो भनेर प्रमाणित गर्न पनि उत्तिकै गाह्रो हुन्छ।

वेश्यावृत्ति भनेको के हो ?

कुनै एक पुरुष वा महिलाले धेरै पुरुष वा महिलासंग यौन सम्बन्ध राखी रुपैयाँ पैसा लिन ुदिनु गर्नु वेश्यावृत्ति हो। वेश्यावृत्तिमा विना भेदभाव पैसा लिई अवैध यौन सम्बन्ध राखिन्छ। यसलाई हामी देहव्यापार पनि भन्ने गर्दछौं।

हाम्रो कानुनले एक स्वास्नी र एक लोग्नेलाई मात्र मान्यता दिएको छ। एक जना पुरुषले धेरै जना महिलासंग यौन सम्बन्ध राख्नु वा एक जना महिलाले धेरै पुरुषसंग यौन सम्बन्ध राख्नुलाई सामाजिक अपराध मानिन्छ। यस्तो कार्यलाई परपुरुष वा परस्त्री गमन अथवा अनुचित करणी पनि भनिन्छ।

वेश्यावृत्ति बारे कानुन के भन्छ ?

- वेश्यावृत्ति अपराध हो, नेपाल कानुनले यसलाई छुट दिएको छैन।
- कसले कुनै महिलालाई अनुचित रुपले करणी गर्ने उद्देश्यले फकाउन र वेश्यागमनका लागि

सम्पर्क गराउन पाइँदैन।

- वेश्यावृत्तिमा लगाइदिने, लगाउने र प्रयोग गर्ने सबैलाई कानुनले सँजाय तोकेको छ।
- पीडित महिलालाई भने सँजाय हुने व्यवस्था छैन।

वेश्यावृत्तिको अपराधमा कस्तालाई सँजाय हुन्छ ?

- कुनै महिलालाई फकाएर गैर कानुनी करणी गर्ने मानिसलाई,
- अरुसंग गैर कानुनी करणी (वेश्यावृत्ति गर्न) गर्न फकाउने मानिसलाई,
- वेश्यागमनमा लगाउने विचारले त्यस्तो ठाउँमा पुऱ्याइ दिने, सम्पर्क गराइ दिने, ठाउँ खोजी बन्दोबस्त गराइ दिने मानिसलाई,
- वेश्यागमन गराउने उद्देश्यले कुनै महिलालाई वेश्यागमन गर्ने गराउने ठाउँमा राख्ने व्यक्तिलाई,

वेश्यावृत्ति गर्नेलाई कति सँजाय हुन्छ ?

वेश्यागमन गराउने, गर्न फकाउने, सम्पर्क गराइ दिने, ठाउँको बन्दोबस्त गरिदिने, फकाएर गैर कानुनी करणी गर्ने र गैर कानुनी करणी गर्ने उद्देश्यले फकाएर कुनै ठाउँमा राख्ने सबैलाई ६ महिनादेखि २ वर्षसम्म कैद सँजाय वा रु. ५०० देखि रु. ६०० सम्म जरिवाना वा दुवै सँजाय हुन्छ।

कहिले उजुर गर्ने ? कसले गर्ने ? कहाँ गर्ने ?

वेश्यावृत्ति सम्बन्धी अपराध प्रकाशमा आएको मिति वा थाहा पाएको मितिले ३५ दिनभित्र जो कोहीले नालेश उजुर गर्न सक्दछ। यस्ता उजुर नजिकको प्रहरी कार्यालयमा गर्नु पर्दछ।

महिला बेचबिखन सम्बन्धी अपराध

अभिनयसम्बन्धी निर्देशन

पात्रहरूः १. पदम बहादुर २. लाले

पदम बहादुर : लालेसंग (वरिपरि हेरेर सशंकित मुद्दामा सानो स्वरमा सल्लाह गर्दै) हर्केकी छोरी हलक्कै बढिछ। निकै राम्री पनि भइछ। यसलाई बेच्न पाइयो भने त ३०।४० हजार त सजिलै कमाइन्छ। हैन त लाले ?

लालेः मैले पनि यस पटक यसैलाई बम्बइ पुऱ्याउने विचार गरेको छु । सोझी छ। २।४ पैसा दिउँला, जागिर पनि मिलाइदिन्छु भनौंला। भइहाल्छ नि, हुँदैनर र ?

हाम्रो देशमा महिला बेचबिखनको अपराध दिनदिनै बढेको छ। जालि फटाहा र बदमासहरुले मिठो खाने, राम्रो लगाउने र ऐश आरामको जिन्दगी बिताउने झुठा रंगीन सपना देखाएर सोझा चेलीबेटीहरु थुप्रैले नर्कमा जस्तै जीवन बिताउनु परेको छ।

यसरी लैजाने मानिसहरुले धेरै पैसा कमाइन्छ भनेर, शहर घुम्न जाउँ भनेर, विवाहको बहाना बनाएर महिला बेचबिखन गर्दछन्। यो महिला विरुद्धको गम्भीर अपराध हो। यस्तो अपराधलाई हाम्रो कानुनले जिऊ मास्ने बेच्ने अपराध भन्दछ।

यसको नियन्त्रणको लागि राज्यले विशेष कानुन बनाएको छ। जसलाई जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ भनिन्छ। यस बाहेक मुलुकी ऐनमा जिऊ मास्ने बेच्नेको महल पनि छ।

कस्ता कार्य जिऊ मास्ने बेच्ने अपराध हुन् ?

- कुनै पनि उद्देश्यले मानिसको बेचबिखन गर्नु,
- बेचबिखन गर्ने उद्देश्यले कुनै मानिसलाई विदेशमा लैजानु,
- कुनै महिलालाई ललाई फकाई, प्रलोभन दिई (लोभ देखाई) वा झुक्याई वा डर त्रास देखाई वा अन्य तरिकाले वेश्यावृत्तिमा लगाउनु।
- माथि उल्लेखित कार्य गर्न गराउन सहयोग पुऱ्याउनु वा त्यस्तो कार्य गर्ने प्रयत्न गर्नु (उद्योग गर्नु)
- कसैलाई कमारा-कमारी वा दासदासी बनाउनु,
- मानसिक सन्तुलन ठीक नभएका मानिस र नाबालकलाई निजहरुको संरक्षणबाट छुट्याउनु।

जिऊ मास्ने बेच्ने कार्य गर्नेलाई कति सँजाय हुन्छ ?

१. जुनसुकै उद्देश्यले मानिसको बेचबिखन गर्ने व्यक्तिलाई दश वर्षदेखि बीस वर्षसम्म कैद सँजाय र बेचेको रकम वा बिगो बमोजिमको जरिवाना हुन्छ।

२. मानिसलाई बेचबिखन गर्नको लागि विदेश लैजाने व्यक्तिलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद सँजाय हुन्छ।

३. कुनै महिलालाई ललाई फकाई वा लोभ देखाई वा झुक्याई वा डर, त्रास र दबाबमा पारी वा अन्य तरिकाले वेश्यावृत्तिमा लगाउने व्यक्तिलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद सँजाय हुन्छ।

४. जिऊ मास्ने बेच्ने कार्यको लागि परिपन्च मिलाउने, त्यस्तो कार्य गर्न सहयोग पुऱ्याउने, त्यस्तो कार्यमा लाग्न कसैलाई प्रोत्साहन गर्ने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद सँजाय हुन्छ।

५. मानसिक सन्तुलन नभएका व्यक्ति र नाबालकलाई निजहरुको संरक्षणबाट छुट्याएमा वा ललाई फकाई गरेमा त्यस्तो काम गर्नेलाई पाँच सय रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद सँजाय वा दुवै सँजाय हुन्छ।

६. कसैले कसैलाई कमारा कमारी बनाउन, दास बनाउन, बँधुवा मजदूर बनाउन हुँदैन। यदि बनाएमा त्यस्तो किन्ने बेच्ने दुवैलाई जनही ५ वर्षदेखि ७ वर्षसम्म कैद सँजाय हुन्छ।

माथि ५ र ६ नं. मा उल्लेख गरेको कार्य गर्न जानी जानी मद्दत गर्नेलाई मुख्यलाई हुने सँजायको आधा सँजाय हुन्छ।

किन्ने व्यक्तिलाई कस्तो सँजाय हुन्छ ?

मानिस बेचबिखन गर्ने कार्यमा किन्ने व्यक्तिको जति रुपैंयामा मानिस किनेको हो सो रुपैयाँ (थैली) भुस हुन्छ।

जिउ मास्ने बेच्ने अपराधमा कहिलेसम्म उजुर गर्ने ?

जिऊ मास्ने बेच्ने अपराध एक गम्भीर अपराध भएको र त्यस्तो कुरा थाहा पाउन गाह्रो हुने र समय लाग्ने भएकाले कानुनमा यति समय भित्रै उजुर गर्नुपर्दछ भन्ने छैन। जहिलेसुकै नालेस लाग्न सक्छ।

तर कसुरदार उम्कन नपाओस्, उसले प्रमाण सबुतहरु नष्ट गर्न, लुकाउन नपओस् भन्नका लागि जतिसक्दो चाँडो उजुर गर्नु पर्दछ।

उजुर कहाँ गर्ने ? कसले गर्ने ?

जिऊ मास्ने बेच्ने अपराधमा नजिकको प्रहरी कार्यालयमा उजुर गर्नु पर्दछ। उजुर अपराध थाहा पाउने जो सुकैले गर्न सक्दछ। उजुरी लिखित वा मौखिक दुवै तरिकाले गर्न सकिन्छ।

गर्भपतन

अप्राकृतिक तरिकाले गर्भमा भएको बच्चालाई जबरजस्ती तुहाउनु गर्भपतन हो।

स्वास्थ्य उपचारको लागि मात्र महिलाको गर्भपतन हुन सक्ने नेपाली कानुनमा व्यवस्था थियो। आमाको उपकार गर्दा गर्भमा रहेको बच्चाको पतन नगराई नहुने अवस्था भयो भने मात्र गर्भपतन गराउने कानुनी अधिकारलाई व्यापक बनाइएको छ।

त्यस्तै प्राकृतिक रुपमा स्वभाविक किसिमले भएको गर्भ पतनमा पनि कानुनले सँजाय गर्दैन।

कस्तो गर्भपतनमा सँजाय हुन्छ ?

- गर्भमा रहेको बच्चा अनुचित गर्भधारणबाट बसेको भनी समाजबाट लाज ढाक्न र इज्जत प्रतिष्ठा जोगाउन जानी जानी गर्भपतन गराएमा,
- छोरा पाउनका लागि भिडियो एक्सरे गरी छोरी छ भनी गर्भपतन गराएमा,
- जानी जानी नियतवश गर्भपतन गराएमा,
- गर्भमा रहेको भ्रुणको पहिचान गरी गर्भपतन गराएमा,
- करकाप, धम्की, ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराएमा।

कस्लाई सँजाय हुन्छ ?

- गर्भपतन गर्ने आमालाई,
- गर्भपतन गर्न लगाउने लोग्नेलाई,
- गर्भपतन गर्ने डाक्टर वा नर्सलाई,
- गर्भपतन गराउने वा गर्न लगाउने अन्य व्यक्तिलाई।

कति सँजाय हुन्छ ?

कसैले गर्भ तुहाएमा वा तुहाउने नियतले वा गर्भ तुहिन सक्छ भन्ने जानी जानी वा विश्वास गर्नुपर्ने कारण भई कुनै काम गर्दा भगै तुहिन गएमा निम्न अनुसार सजाय हुन्छ।

- बाह्र हप्तासम्मको गर्भ पतन गराएमा १ वर्ष कैद हुन्छ।
- पच्चीस हप्तासम्मको गर्भ पतन गराएमा ३ वर्ष कैद हुन्छ।
- पच्चीस हप्ता भन्दा बढीको गर्भ भए ५ वर्षसम्म कैद हुन्छ।

- गर्भवति महिलालाई कसैले करकाप, धम्की, प्रलोभन, ललाई फकाई गर्भपतन गराई वा गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने गराउनेलाई तीन महिनादेखि ६ महिनासम्म कैद र लिङ्गको आधारमा गर्भपतन गर्ने गराउनेलाई थप १ वर्ष कैद हुन्छ।
- महिला गर्भवती छिन् भन्ने थाहा पाएको तर होश नपुऱ्याई केही गर्दा गर्भपतन भएमा २५ हप्तासम्मको गर्भ भए ३ महिना कैद र सो भन्दा बढीको गर्भ भए ६ महिनासम्म कैद हुन्छ।
- तर महिला गर्भवती छिन् भन्ने थाहा नपाई केही गर्दा गर्भ पतन हुन गएकोमा २५ हप्तासम्मको गर्भ भए ५ सय रुपैयाँ जरिवाना र सोभन्दा माथिको गर्भ भए १ हजार रुपैयाँ जरिवाना हुन्छ।

गर्भपतन गर्न पाउनु पर्ने नयाँ धारणा

हाल समाजमा गर्भपतनले कानुनी मान्यता पाउनु पर्छ भन्ने धारणा पनि जन्मेको छ। हरेक महिला वा दम्पत्तीलाई आफ्नो इच्छा विपरित भएको गर्भलाई जान्ने कुशल डाक्टर मार्फत् पतन गराउन कानुनले छुट दिनु पर्छ भन्ने विचार आएको छ।

तर अर्को तर्फ यसले समाजमा विकृति र विसंगति बढाउँछ, यसलाई कानुनी मान्यता दिनु हुँदैन भन्ने विचार पनि संगसंगै आएको थियो। हाल मुलुकी ऐन (एघारौं) संशोधनले निम्न अवस्थामा श्री ५ को सरकारले तोकेको प्रक्रिया अपनाई निर्धारित योग्यता पुगेको इजाजत प्राप्त स्वास्थ्यकर्मीले गर्भपतन गराएमा गर्भपतन नमानिने व्यवस्था गरेको छ। जो निम्न अनुसार छः

- गर्भ बोक्ने महिलाको मञ्जुरीले १२ हप्तासम्मको गर्भ निजको मञ्जुरीले पतन गराएमा।
- बलात्कार र हाडनाता करणीबाट बसेको १८ हप्तासम्मको गर्भ पतन गराएमा।
- गर्भपतन नगराउँदा गर्भ बोक्ने महिलाको (आमाको) ज्यान खतरामा भएको निजको स्वास्थ्य शारीरिक र मानसिक रूपले खराब र स्वास्थ्य परीक्षणबाट जन्मने बच्चा विकलांग (अन्धो, अपांग, लुलो लंगडो, सुस्त मनस्थिति आदि) जन्मन्छ भन्ने प्रचलित कानुन बमोजिम योग्यता प्राप्त चिकित्सिकको राय भई त्यस्तो महिलाको मञ्जुरीले गर्भपतन गराएमा।



महिला र घरेलु हिंसा

महिला विरुद्ध समाज र परिवारमा एक खालको शोषण, दमन र थिचोमिचो हुन्छ। तर त्यस्ता क्रियाकलापहरुलाई हाम्रो समाजले गम्भीर मान्दैन। यिनै क्रियाकलापले महिलाहरु पागल बन्छन्, आत्महत्या वा आत्मदाह गर्दछन्। यसतर्फ हामी सबैको ध्यान पुगेको छैन।

यसरी महिलाहरु घर-परिवारबाट पीडित हुने, अपमान र दुर्व्यवहार सहनु पर्ने स्थितिलाई महिला विरुद्धको घरेलु हिंसा भनिन्छ।

घरेलु हिंसा कसरी हुन्छ ?

- महिलालाई बहुविवाह वा बाल विवाह गरेर,
- महिलालाई सासु-ससुरा र लोग्नेले कुटपिट गरेर,
- महिलालाई सासु-ससुरा र लोग्नेले गाली बेइज्जती गरेर,
- महिलालाई गाह्रो काममा लगाई खान-लाउन पक्षपात गरेर,
- महिलालाई खान-लाउन नदिएर र घरबाट निकालेर,
- महिलालाई बोक्सी, रण्डी, फुँडी, वेश्या आदि भनेर,

- महिलालाई अनावश्यक रुपमा उसको चरित्रमा प्रश्न उठाएर,
- महिलालाई बाटोघाटो, बस, तिर्थस्थल, मठमन्दिर आदि स्थानमा जिस्काएर,
- महिलालाई छेडखान गरेर, घोचपेच गरेर, हेपेर व्यवहार गरेर,
- छोरा नपाएको भनेर सौता हाल्ने धम्की वा कार्य गरेर,
- विधवा महिलालाई उसको लोग्ने टोकी, खाई भनेर,
- दाइजो नल्याएको भनेर दुर्व्यवहार गरेर,
- बुहारीलाई अलच्छिन भनी भन्ने र मानसिक पीडा दिने गरेर
- छोरीलाई पक्षपातपूर्ण व्यवहार गरेर।

माथि उल्लेखित घर-परिवार र समाजको कार्यले महिलालाई शारीरक र मानसिक यातना हुन्छ।

यस बाहेक महिला विरुद्ध हुने वेश्यावृत्ति, बेचबिखन, बलात्कार, गर्भपतन जस्ता घटना पनि महिला विरुद्धको हिंसा हो।

घरेलु हिंसा विरुद्ध के कानुनी उपचार छ ?

हाम्रो समाजमा महिला विरुद्धको हिंसालाई सामान्य मानिन्छ। "लोग्ने-स्वास्नीको झगडा परालको आगो" भन्दै यसलाई कुनै हिंसा वा अपराध मान्ने चलन छैन। घरेलु हिंसा भित्रका कतिपय घटनामा कानुनी उपचार भए पनि त्यसको त्यस्तो प्रभावकारी उपचार छैन।
नितान्त घरेलु हिंसामा कानुनी उपचार हुँदैन। त्यसका लागि कानुन बन्नु पर्दछ भनी आजकल आवाज उठ्ने गरेको छ। त्यस्ता हिंसा विरुद्धको कानुन आजको टड्कारो आवश्यकता हो।

महिला विरुद्ध हुने परम्परागत गलत धारणाहरु

हाम्रो धर्म, परम्परा र संस्कारले महिलालाई कमजोर मान्दैन। देवी, सरस्वती, लक्ष्मी यसका उदाहरण हुन्। तर हाम्रो समाजमा महिलालाई कमारी दासीका रुपमा, सेविकाको रुपमा, भोग्य वस्तुको रुपमा हेर्ने गलत धारणाहरु छन्। यसले महिलालाई दोस्रो दर्जाको मानवको रुपमा व्यवहार गराउँछ। यी सबै हाम्रो समाजमा हुने परम्परागत गलत धारणा हुन्। यस्ता धारणा राख्नु मानवअधिकारका दृष्टिले र कानुनका दृष्टिले वेठिक छन्।

नेपालमा महिला विरुद्धका गलत धारणा के हुन् ?

- महिनावारी वा सुत्केरी भएकी महिलालाई छुनु हुँदैन भनी विशेष स्याहार-सम्भार र सफा सुग्घर राख्ने बेलामा अलग्गै गाई गोठमा फोहरमा राख्ने काम गर्नु,
- गर्भवती महिलालाई आराम र पोसिलो खानेकुराको व्यवस्था नगर्नु,

- महिलाले भेदी, आँखा लगाई, मानिस र वस्तु विरामी भए वा मरे भनी बोक्सीको आरोप लगाउनु, दिसा खुवाउनु, सामाजिक वहिष्कार गर्नु आदि।
- माता बन्ने, धामी वा झाँक्री बनी विमारी निको पार्छु भनी गलत ढंगले मानिस मार्नेसम्मका काम गर्नु र त्यस्ता कुरामा अन्धविश्वास राख्नु।
- छोरा पाइन भनेर महिलालाई दोष दिई दुर्व्यवहार गर्नु, कुटपिट गर्नु र सौता हाल्नु।
- घाँसदाउरा गर्ने, गाईवस्तुको धन्दा गर्ने, बालबच्चा स्याहार्ने र खाना पकाउने काम महिलाले मात्र गर्नु पर्दछ भन्ने धारणा हुनु।
- छोरा पाउँदा खुशी हुने र छोरी पाउँदा खिन्न हुने, रिसाउने आदि गर्नु।
- छोरी पाउँदा खानपान र व्यवहारमा पक्षपात गर्ने।
- अलच्छिन भन्ने।
- समाजमा अलि अगाडि बढ्न खोज्ने महिलालाई "पोथिबासी" भनी अनादर गर्ने,
- 'ढिलो होस छोरो होस' भनेर छोरी र महिलालाई दोस्रो दर्जामा राख्ने।

परिच्छेद पाँच

महिला

महिला समाजका आधा अंग हुन्। महिलाहरुले आधा आकाश थेगेका हुन्छन्। महिलाहरु धर्तिमाता जस्तै हुन्। महिलाहरु सृष्टिका मुहान हुन्। हाम्रो समाजमा महिलालाई यसरी पनि हेरिन्छ।

महिलाहरु किन पछाडि परे भनेर उनीहरुलाई अगाडि बढाउन राज्यले, सरकारले महिला बारे विशेष व्यवस्था संविधानमा गरेको छ। साथै महिला सम्बन्धी अन्तर्राष्ट्रिय कानुनलाई पनि स्वीकारेको छ।

संविधानको समानता सम्बन्धी हकमा महिलाको विशेष व्यवस्था गरिएको छ। महिलाको संरक्षण र हक हितका लागि विशेष कानुन बनाउन संविधानले छुट दिएको छ। सरकारले चाहेमा त्यस्ता विशेष कानुन बनाउन सकिन्छ।

महिला विरुद्धको सबै प्रकारका भेदभावको अन्त्य गर्ने अन्तर्राष्ट्रिय कानुनलाई पनि सरकारले स्वीकृत गरेको छ। त्यो कानुन नेपाल कानुन सरह लागु हुने व्यवस्था गरेको छ। जुन कानुनलाई आजकल छोटकरीमा सिड (CEDAW) भन्ने गरिन्छ।

महिला र पुरुष भनेर भेदभाव गर्न पाइन्न। महिलालाई पुरुष सरह हक अधिकार छ। एउटै काममा पुरुषलाई बढी र महिलालाई कम तलब वा ज्याला दिन पाइन्न।

छोरा र छोरी दुवै बराबरी हुन्। छोरा र छोरीमा पनि हामीले पक्षपात वा भेदभाव गर्न हुँदैन।

हाम्रो नेपालमा पनि छोरीलाई छोरा सरह अंश दिई सम्पत्तिमा अधिकार दिनुपर्छ भनेर छलफल भई हाल कानुन बनेको छ। त्यस्तै महिलाको लागि विशेष कार्यक्रम र महिला मन्त्रालय पनि गठन भएको छ।

त्यस्तै महिलाहरूको हकहितको संरक्षण गर्न सरकारद्वारा राष्ट्रिय महिला आयोग पनि गठन गरी त्यसले काम शुरु गरेको छ। यस सम्बन्धी कानुन निर्माणको चर्चा समेत छ।

बालबालिका

आजका बालबालिका भोलिका देश बनाउने ठुला मान्छे हुन्। उनीहरु भविष्यका उज्याला तारा हुन्। बालबालिका बिहानीको सुनौलो उदाउँदो सूर्य हुन्।

हामी बालबालिकालाई त्यति महत्व दिंदैनौ। यसले देश निर्माणमा घाटा पुऱ्याउँछ। बालबालिका कुमालेको भाँडा बनाउन ठीक पारिएको तयारी माटो जस्तै हुन् जसलाई हामी जस्तोसुकै बनाउन सक्छौं। त्यसैले गर्भ अवस्थादेखि ५ वर्षसम्मका बालबालिकालाई विशेष हेरचाह, पोषिलो खाना र मनोरञ्जनको आवश्यकता पर्दछ।

हाम्रो कानुनले ० देखि १६ वर्षसम्म उमेरका केटाकेटीलाई बालबालिका मानेको छ। तर बालबालिका सम्बन्धी अन्तर्राष्ट्रिय कानुनले १८ वर्षसम्मको उमेरलाइ बालबालिका मान्दछ।

हरेक बालबालिकालाई खाने, लाउने, स्वास्थ्य उपचार गर्ने, पढ्ने, लेख्ने, खेल्ने आदि अधिकार हुन्छ। त्यसलाई राज्य, सरकार र परिवारले पूरा गर्नु पर्दछ।

नेपालको संविधानले बालबालिकाको विशेष संरक्षण गर्न राज्यले कानुन बनाउन सक्छ भनेको छ। त्यसरी नै हाम्रो देशमा बालबालिका सम्बन्धी ऐन २०४८ र बालबालिका सम्बन्धी नियम २०५१ भन्ने कानुन छ। जुन कानुन अनुसार प्रत्येक जिल्लामा जिल्ला बाल कल्याण समिति

र बाल अदालत पनि गठन भइसकेको छ। सरकारले बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनलाई पनि स्विकृति दिइसकेको छ। जसको मान्यता नेपाल कानुन सरह रहेको छ।

बालबालिकाका ४ वटा अधिकार हुन्छन् :

१. बचावटको अधिकार

२. संरक्षणको अधिकार

३. विकासको अधिकार र

४. सहभागिताको अधिकार

यी सबै अधिकार पाउनु बालबालिकाको अधिकार हो भने यी अधिकार दिलाउनु राज्य, सरकार, समाज र परिवारको कर्तव्य र दायित्व हो।



समाजका कमजोर वर्ग र अल्पसंख्यक

समाजका गतिविधिमा, सरकार र राज्यले दिएका सुविधा तथा संविधान, ऐन, कानुनले दिएका अधिकारको प्रयोग गर्नमा पहुँच नपुगेका वर्ग नै समाजका कमजोर वर्ग हुन्।

हाम्रो संविधानले महिला, बालबालिका, अन्ध-अपांग, लुला लंगडा, बुढाबुढी र सामाजिक-आर्थिक रुपले पछाडि परेका असहाय, उत्पीडित, उपेक्षित जाति, जनजातिलाई माथि उठाउन सरकारले विशेष व्यवस्था गर्न सक्ने गरी कानुन बनाउन र कार्यक्रम ल्याउन सक्छ भनेको छ।

सामाजिक न्याय दिनका लागि यो व्यवस्था आवश्यक छ। हाम्रो देशमा भएको वृद्ध भत्ता, विधवा भत्ता र तल्लो अछुत भनिने जातजातिका केटाकेटीलाई पढ्न लेख्न दिइएको छात्रवृत्ति यसका उदाहरण हुन्।

हाम्रो देशको संविधानको धारा ११ को उपधारा ३ को प्रतिबन्धात्मक वाक्यांश, मुलुकी ऐन अदालती बन्दोबस्तको ८३ नं. र गरीब कंगालको महल र अपांग संरक्षण ऐन, २०३९ जस्ता कानुनहरु समाजका यस्तै कमजोर वर्गको संरक्षणको लागि बनेका हुन्।

संविधान र कानुनले कमजोर वर्ग बारे के भन्छ ?

- महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रुपले अशक्त र असहाय वर्गको हितको लागि राज्यले विशेष कानुन र कार्यक्रम ल्याउन सक्छ।
- आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण र विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिन्छ।
- नाबालक, वृद्ध अवस्था, रोगबाट पीडित, लाटालाटी, अन्धाअन्धीको विशेष संरक्षण र हेरचाह गर्नु पर्दछ।
- असहाय, अपांगहरुको संरक्षण र हेरचाह गर्नु पर्दछ।
- उपेक्षित, उत्पीडित, दलित, आदिवासी आदिको संरक्षणको विशेष व्यवस्था गर्नु पर्दछ।

दलित आयोगको गठन

राज्यले समाजमा राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक दृष्टिले पीडित र सामाजिक संरचनाका कारण अपहेलित र कथित अछुत भनिएका दलितहरूको उत्थानका लागि राष्ट्रिय दलित आयोगको गठन गरी कार्य आरम्भ गरेको छ। यस सम्बन्धी छुट्टै कानुनको पनि तर्जुमा हुने चर्चा छ।

अल्पसंख्यकको अधिकार

नेपाल बहुजातीय र बहुभाषी देश हो। यहाँ विभिन्न जातजाति र जनजातिका आ-आफ्ना संस्कृति, परम्परा र रीतिरिवाज रहेको छ। सबै जातजाति, भाषाभाषीको संस्कृति, परम्परा र संस्कारको सम्मान र संरक्षण गर्नु राज्यको कर्तव्य हो।

नेपाल बहुभाषी, बहुजाति र बहुधार्मिक देश भएको तर एकआपसमा मैत्री, सहिष्णुता र शिष्टता भएको देश पनि हो। यहाँ बहुसंख्यकहरूले अल्पसंख्यक जातजाति, भाषाभाषी र धर्मालम्बीको उचित पहिचान, कदर र सम्मान गर्नु अति आवश्यक छ। त्यसको संरक्षणका लागि राज्यले अल्पसंख्यकहरूको अधिकार प्रति संवेदनशील भई त्यसको संरक्षणका लागि कानुन एवं अन्य प्रशासनिक उपाय अपनाई लोक कल्याणकारी राज्यको अवधारणाका आधारमा हेरिनु पर्दछ भन्ने धारणाको क्रमशः विकास हुँदैछ। विविधता भित्र एकता खोजिनु पर्ने स्थिति छ।

राज्यले दशैं, तिहार, छठ, इद, ल्होसार जस्ता सबै चाडपर्वलाई सम्मान गर्नु पर्दछ। अल्पसंख्यकका मौलिक सामाजिक एवं सांस्कृतिक पहिचान र सम्मान आजको टड्कारो आवश्यकता हो।

परिच्छेद छ

ज्याला मजदुरी

अभिनय सम्बन्धी निर्देशन

पात्रहरूः १. मालिक २. श्रमिक

मालिकः (रू ३०।- श्रमिकतिर फ्याँकिदिंदै, यति भए पुगिहाल्छ नि।

श्रमिकः (निन्याउरो अनुहार लगाउँदै) हजुर यतिले त कहाँ पुग्छ र । मैले बिहान घाम झुल्के देखि लगातार काम गरिरहेको छु। यति रूपियाँले त आफैंलाई त पुग्दैन झन् जहान छोराछोरीको त कुरै छाडौं।

मालिकः तेरा जहान, छोराछोरी पाल्ने ठेक्का मैले लिएको छु र?

श्रमिकः बरू यो पनि लैजानुहोस् (३० रूपियाँ फर्काइदिंदै), कम्तीमा ६० रूपियाँ त दिनुहोस। सरकारले पनि दिनभरि काम गरेको कम्तीमा ६० रूपियाँ दिने नियम बनाको छ रे।

काममा लगाएपछि ज्याला दिनु पर्दछ

गाउँ, समाज र टोलमा काम लगाएपछि त्यो काम गरे बापत उसको श्रमको मूल्य दिनु पर्दछ। काम गरे पछि ज्याला, बनि दिनै पर्दछ। ज्याला बनि दिंदा कति दिने भन्ने कुरा काममा लगाउने र काम गराउने बीच भएको सहमती अनुसार दिइन्छ। ज्याला बनि स्थानीय चलन चल्ति अनुसार पनि दिइन्छ। तर सरकारले तोकेको दैनिक न्युनतम ज्याला दर भन्दा कममा ज्याला दिन भने पाइँदैन। अहिले सरकारले प्रतिदिन रु. ६०।- (साठी रुपैयाँ) ज्याला तोकेको छ। काम गर्ने व्यक्तिलाई एक दिनको कम्तिमा उसको दुई छाक टार्ने किसिमले ज्याला दिनै पर्दछ।

ज्याला बनि दिंदा महिला-पुरुषलाई बराबरी दिनु पर्दछ

कुनै काम लगाउँदा महिला र पुरुषले बराबरी काम गर्दा बराबरी ज्याला पाउँछन्। महिलालाई कम र पुरुषलाई बढी अथवा पुरुषलाई कम र महिलालाई बढी दिन पाइँदैन। उति नै काम गरेकोमा उतिनै ज्याला, बनी दिनु पर्दछ।

जबरजस्ती काममा लगाउन पाइँदैन

कुनै पनि मानिसलाई उसको इच्छा बेगर जबरजस्ती काममा लगाउन हुँदैन। जबरजस्ती काममा लगाउने उद्देश्यले बेचबिखन गर्न, दास बनाउन र कानुन विपरितको काम गर्न लगाउनु हुँदैन। यसरी काम गराएमा कानुनले सँजाय गर्दछ।

काम गर्नेले जिम्मा लिएको काम पूरा गर्नै पर्दछ

काम गर्छु भनी जिम्मा लिएको व्यक्तिले आफूले बाचा र कबुल गरे बमोजिमको काम तोकिएको समयमै पूरा गर्नु पर्दछ। कबुल गरिएको काम पूरा नगरी बिचैमा छाडेर हिंड्न पाइँदैन।

कति समयसम्म काम गर्ने ?

साधारणतया दिनमा ८ घण्टा भन्दा बढी काममा लगाउनु राम्रो मानिदैन। कल कारखानामा ८ घण्टाको कार्य दिवस (काम गर्ने समय) हुन्छ। ८ घण्टा भन्दा बढी काम गरे डेढी तलब दिनु पर्दछ। ज्याला दिंदा पनि यही अनुपातमा बढी समय काम गरे बापत ज्याला दिनु पर्दछ।
आठ घण्टाको समयमा पनि खाजा खाने समय, बालबच्चा हुने महिलालाई दुध खुवाउने समय दिनु पर्दछ।

केटाकेटीलाई काममा लगाउन हुँदैन

सोह्र वर्ष उमेर नपुगेका केटाकेटीलाई काममा र मजदुरीमा लगाउन हुँदैन। तर १६ वर्ष नाघी १८ वर्ष नपुगेका केटाकेटीलाई सामान्य हलुका काममा लगाउन हुन्छ। जस्तै भारी बोक्दा त्यस्ता केटाकेटीलाई पुरुष भए २५ किलो ग्रामसम्म र महिला भए २० किलो ग्रामसम्म मात्र भारी बोकाउनु पर्दछ।

ज्यादा भारी बोकाउन हुँदैन

ज्याला बनि दिएकै छु भनी जति पनि भारी बोकाउन पाइँदैन। बलियो हट्टकट्टा र स्वंस्थ पुरुषलाई ५५ किलो ग्रामसम्म र महिाललाई ४५ किलोग्रामभन्दा बढी गह्रौं भारी बोकाउन हुँदैन।

ज्याला मजदूरी नदिए कहाँ उजुर गर्ने ?

ज्याला मजदूरी नदिए, करकापले काममा लगाए, काम जिम्मा लिई बिचैमा छाडे ३५ दिनभित्र आफ्नो गाउँ विकास समिति वा नगरपालिकामा उजुर गर्न सकिन्छ।

ज्याला मजदूरीको विषयमा कति सँजाय हुन्छ ?

मुलुकी ऐन, ज्याला मजदुरीको महल अनुसार,

- विना मञ्जुरी जबरजस्ती काममा लगाए, त्यसको ज्याला बनी भराई दिई एक सय रुपैयाँसम्म जरिवाना हुन्छ।
- दिनुपर्ने ज्याला नदिए त्यस्तो व्यक्तिवाट काम गर्ने मानिसलाई ज्याला भराई सयकडा दश जरिवाना हुन्छ।

- काम जिम्मा लिई बिचैमा छाडेमा काम जिम्मा लिने र दिने विचमा कुनै लिखित सहमती भए त्यही कागज अनुसार जरिवाना र क्षतिपूर्ति हुन्छ।
  तर त्यस्तो कागज नभई भरियाले भारी छोडी हिंडेमा त्यस्तो भरियालाई पचास रुपैयाँसम्म जरिवाना र भारीमा माल नोक्सान भएको भए नोक्सानी भएको मालको क्षतिपूर्ति भरियाले दिनु पर्छ।
- पेश्की समेत लिई बिचैमा वा बिच बाटोमा भारी छोडेमा पेश्की फिर्ता लिई बीस रुपैंया जरिवाना हुन्छ।
- माथि लेखिए बाहेक कुनै काम कुरा जिम्मा लिएर गरिएन भने बीस रुपैयाँसम्म जरिवाना हुन्छ।

दासत्व विरूद्धको हक र कमैया

दासत्व के हो ?

मानिस जन्मजात स्वतन्त्र प्राणी हो। आफ्नो जिऊ धनको अधिकार ऊ आफैंमा हुन्छ। मानिस जन्मैले समान छ, स्वतन्त्र छ। कसैको जीउधन र परिवार अरु कोही मानिस या मालिकको आदेश र अधिनमा मात्र चल्नुले उसको स्वतन्त्रता हरण भएको मानिन्छ। यसरी आफ्नो स्वतन्त्रता अरु कुनै व्यक्तिको अधिनमा भई काम गर्ने व्यक्ति दास हो। यसरी मानिसलाई दास बनाई काममा लगाउनु दासत्व हो।

कमैया के हो ?

दासदासी राखेर काम गर्ने चलन धेरै पहिलदेखि चलिआएको हो। नेपालमा श्री ३ चन्द्र शमशेरले दास प्रथा उन्मुलन गरे, तर पनि नेपालको पश्चिम क्षेत्रमा त्यसको अवशेषको रुपमा कमैया राख्ने प्रथा रहिरह्यो।

कमैयाहरु मालिकको ऋण तिर्न नसकेर कमैया बस्दछन्। यस्तो ऋण बाबुबाजे र लोग्नेले लिए पनि उसको स्वास्नी र सन्तानले कमैया बस्ने चलन रहेको छ। जतिसुकै काम गरे पनि

कमैयाहरु साहुको ऋणबाट मुक्त हुन सकेका छैनन्।

दासप्रथाको अवशेषको रुपमा रहेको कमैया प्रथाको अन्त्य सरकारले हालसालै अर्थात् २०५७ श्रावण महिना २ गते बाट गरेको छ। तर अझै पनि सरकारले उनीहरुको उचित बसोबास र रोजगारीको व्यवस्था गर्न भने सकेको छैन।

दासत्व विरुद्धको हक के हो ?

हाम्रो देशको संविधानले मानिसको बेचबिखन गर्न हुँदैन भनेको छ। कसैलाई दास तुल्याउन वा दासको रुपमा राख्न हुँदैन भनेको छ। त्यसरी नै बाँधा बनाएर काममा लगाउन र जबरजस्ती काममा लगाउन पाइन्न भनेको छ। संविधानमा भएका यी व्यवस्थाहरु दासत्व विरुद्धको हक हो। यसरी संविधान र कानूनले गर्नु हुँदैन भनेको काम गर्नेलाई सँजाय हुन्छ। दासदासी राख्ने काम मानवता विरुद्धको अपराध हो। त्यसैले दास वा कमैया राख्ने काम संविधान विपरितको काम हो।

हलि, गोठाला, हरुवा चरुवा बस्नु के हो ?

हलि, गोठाला, हरुवा चरुवा आफ्नो इच्छाले बस्न सकिन्छ तर त्यसरी बस्दा उसको तलव र ज्याला भने दिनु पर्दछ। जबरजस्ती हलि, गोठाला, हरुवा, चरुवा राख्न पाइन्न।

छुवाछूत सम्बन्धी कानुन

खेलसम्बन्धी निर्देशन

पात्रहरूः १.नारायण बाजे २.बृख बहादुर

नारायण बाजे : (बृख बहादुरसंग रिसाउँदै) ए विर्खे, तैंले यो इनार किन छोइस्? यो इनारको पानी हामीले मात्र चलाउने भन्ने कुरा तँलाई थाह छैन?

बृख बहादुर : इनारको पानी पनि छोइन्छ र ? नजिकैको इनारको पानी नखाए हामीले चाहिं के गर्ने नि।

नारायण बाजेः अझ बढी बाठो हुन्छस् ? मलाई सिकाउँछस् ?

बृख बहादुर : बाजे ! तपाई अझै पुरानै दुनियाँमा हुनुहुन्छ। कानूनले पनि जातीय विभेद गर्न पाइन्न पाउँछन् भनेको छ, त्यस्तो काम गर्नेले सँजाय पो बुझ्नु भो ?

छुवाछूत के हो ?

हाम्रो समाजमा पानी चल्ने, नचल्ने, तल्लो जात, माथिल्लो जात भन्ने चलन छ। मानिसलाई छुत, अछुत भनेर छुट्याउने काम छुवाछूत हो।

छुवाछूत गर्नु कानुन विपरितको काम हो। हाम्रो संविधान र कानुनले यसलाई मान्यता दिएको छैन। मानिस जन्मले नै बराबरी हो। तल्लो, माथिल्लो जात, छुत अछुत आदि भन्ने कुरा बनावटी कुरा हुन्। हाम्रो समाजमा काम गर्न गरिएको विभाजन नै पछि गएर जातीय विभाजन हुन पुगेको हो।

छुवाछूत बारे संविधान के भन्छ ?

नेपाल अधिराज्यको संविधान २०४७ भन्छ :

- कुनै पनि व्यक्तिलाई जातिपातिको आधारमा, छुवाछूतको आधारमा भेदभाव गर्न पाइँदैन।
- जातिपाति वा छुवाछूतको आधारमा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट वञ्चित गरिने छैन।
- यस्ता कार्यहरु कानुनद्वारा दण्डनीय हुन्छ।

के गर्दा छुवाछूत हुन्छ ?

- कसैले कसैलाई जातिपातिको आधारमा छुवाछूतको भेदभावपूर्ण व्यवहार गरेमा,
- सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपभोगका कुराहरुको प्रयोग गर्नबाट वञ्चित गरेमा,

तर कुनै मन्दिर वा धार्मिक स्थलहरुमा परम्परादेखि चलि आएको व्यवहारलाई भेदभावपूर्ण व्यवहार मानिने छैन।

छुवाछूत गर्दा कति सँजाय हुन्छ ?

मुलुकी ऐन अदलको महल अनुसार छुवाछूत गर्दा एक वर्षसम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सँजाय हुन सक्ने छ।

नालेश गर्न कहाँ जाने ? कहिलेसम्म गर्ने ? कसले गर्ने ?

छुवाछूत सम्बन्धी कुरामा नालेश गर्दा छुवाछूत भएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा नालेश गर्नु पर्दछ। नालेश पीडित व्यक्ति स्वयंले दिनु पर्दछ।

वन र वनसम्बन्धी कानुन

वन भनेको के हो ?

वन भनेको रुख, घाँस, बाँस, निगालो वा अरु पोथ्रा-पोथ्री स-साना रुख विरुवाले ढाकेको जमिन हो। वनलाई जंगल पनि भनिन्छ। मानिसलाई आवश्यक पर्ने काठ, दाउरा, घाँसपात, घर छाउने खर, बाबियो, घेराबेरा गर्ने घोचा वन-जंगलबाटै पाइने भएकाले यसको महत्व पनि उत्तिकै छ।

वन जंगलले खडेरी, बाढी पहिरोको रोकथाम गर्छ, पानीको मुहान बढाउँछ, चरा-चुरुंगी र जंगली जिवजन्तु र जनावरहरुको संरक्षण गर्दछ। मानिसलाई आवश्यक पर्ने स्वस्थ र स्वच्छ वातावरण पनि वन जंगलले प्रदान गर्दछ। त्यसैले वन जंगलको संरक्षण अरु कसैको लागि नभई हामी आफू स्वयंका लागि हो। एक त समय हाम्रो देशमा "हरियो वन नेपालको धन" भन्ने भनाइ नै थियो।

वन कति प्रकारका हुन्छन् ?

हाम्रो कानुनले वनलाई ५ प्रकारमा विभाजन गरेको छ। ती यस प्रकार छन् :

(क) राष्ट्रिय वन (सरकारी वन)
(ख) सामुदायिक वन
(ग) धार्मिक वन
(घ) कबुलियती वन
(ङ) निजी वन

राष्ट्रिय वन

कसैको व्यक्तिगत निजी वन बाहेकका सबै वनहरु राष्ट्रिय वन हुन्। यसलाई सरकारी वन पनि भनिन्छ। वनजंगल, त्यसले घेरिएका पर्ति ऐलानी जग्गाहरु, वनभित्रका बाटोघाटो, पोखरी, ताल, खोलानाला र बगर पनि सरकारी वन भित्रै पर्दछन्। यस्तो वनको संरक्षण वन विभाग, जिल्ला वन कार्यालय र त्यहाँ काम गर्ने डि. एफ. ओ., रेन्जर, फरेष्टर र वनपालेहरुले गर्दछन्।

सामुदायिक वन

जनतालाई अर्थात् उपभोक्ता समूह बनाई समुदायलाई सरकारले निश्चित शर्तहरु तोकि जिम्मा दिएको वन सामुदायिक वन हो। यस वनको संरक्षण, हेरचाह र व्यवस्थापन गर्ने काम स्थानीय वन उपभोक्ता समूहले गर्दछ। वन उपभोक्ता समूहले त्यस्तो वनको घाँस, काठ, पात र दाउराहरु वनजंगल नमासिने ननासिने गरी विक्री वितरण गरी आफ्नो कोष राख्न सक्दछन्। वनपाले नियुक्त गर्न सक्दछन्।

धार्मिक वन

कुनै धार्मिक मठ, मन्दिर आदिको नाममा कुनै धार्मिक समुदायले सरकारी वन धार्मिक वनको रुपमा लिन सक्दछ। धार्मिक वन सरकारी वन कै एक भाग हो। धार्मिक काममा बाहेक अन्य काममा यस्ता वनको घाँस दाउरा, काठपात प्रयोग गर्न पाइँदैन।

कवुलियती वन

सरकारी वनलाई वन पैदावर सम्बन्धी उद्योग वा वन पैदावरमा आधारित समुदायलाई निश्चित कबुल गरी दिएको वन कबुलियती बन हो। कबुलियती वन तल उल्लेखित कामका लागि मात्र पाउन सकिन्छ :

- वन पैदावारमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,
- वृक्षारोपण गरी वन पैदावरको उत्पादनमा अभिवृद्धि गरी विक्री वितरण गर्न वा उपयोग गर्न,
- वनको संरक्षण र विकास हुने गरी पर्यटन व्यवसाय गर्न,
- वनको संरक्षण र विकास हुने गरी कृषि वनवाली कार्य संचालन गर्न,

- वनको संरक्षण र विकास हुने गरी जिवजन्तु, किट पतंग र वन्यजन्तुको फार्म संचालन गर्न,

कबुलियती वन प्राप्त गर्न योजना सहितको निवेदन दिनु पर्दछ।

निजी वन

कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा वन विरुवा रोपी हुर्काइ संरक्षण गरेको वन निजी वन हो। यसमा व्यक्तिको निजी हक हुन्छ। यस्तो वन लगाउन कसैको स्वीकृति चाहिदैन। तर धनीले चाहेमा वन कार्यालयमा दर्ता गराउन भने सक्ने छ।

सरकारी वनमा के गर्न हुँदैन

वन सम्बन्धी कानुनले सरकारी वनमा निम्न काम गर्न रोक लगाएको छ। यी काम गरे बापत सँजाय हुन्छ। वन सम्बन्धी अपराध ठहर्छ।

(क) सरकारी वन क्षेत्रको जग्गा फाँड्न, जोत्न, खन्न वा आवाद गर्न वा त्यस्तो जग्गामा घर, छाप्रो बनाउन,

(ख) आगो लगाउन वा आगलागी हुने कुनै कार्य गर्न,

(ग) चौपाया (गाई गोरु, भैंसी, बाख्रा आदि) तोकिएको वन क्षेत्रभित्र पसाउन वा चराउन,

(घ) वन क्षेत्रबाट वन पैदावार (घाँस, दाउरा, काठपात, जडिबुटी आदि) हटाउन, ओसार-पसार गर्न वा विक्री-वितरण गर्न,

(ङ) रुख वा विरुवा काट्न, हाँगा-विंगा छिमल्न, खोटो वा बोक्रा झिक्न वा कुनै पनि प्रकारले नोक्सानी पार्न,

(च) इजाजत प्राप्त गरी रुख काट्दा, ढाल्दा, घिसार्दा वा वनक्षेत्र बाहिर लैजाँदा पनि लापरवाहीसंग अन्य वन पैदावारलाई नोक्सान पार्न,

(छ) वन क्षेत्रभित्रबाट ढुंगा, गिट्टी, बालुवा वा माटो झिक्न, गोल वा चुन पोल्न वा यी वस्तुहरुबाट तयारी माल बनाउन वा यी वस्तुहरु संकलन गर्न,

(ज) वन पैदावार लिन पूर्जी पाएकोमा पूर्जिमा उल्लेख भएका शर्तहरु उल्लंघन गरी वन पैदावार नोक्सान गर्न,

(झ) विदेश निकासी गर्न प्रतिबन्ध लागेको वन पैदावार विदेश निकासी गर्न,

(ञ) वन सिमाना चिन्ह उखेल्न, सार्न, फेर्न, मेट्न वा बिगार्न,

(ट) नर्सरीमा रहेको वा वृक्षारोपण गरिएको विरुवा काट्न, भाँच्नू, उखेल्न वा अरु कुनै प्रकारले नोक्सान गर्न,

(ठ) नर्सरी वा वृक्षारोपण गरिएको क्षेत्रका खम्बा, तार-वार, वा अरु त्यस्ता सम्पत्ति विगार्न वा चोरी गर्न,

(ङ) टाँचा वा निशाना कीर्ते गर्न वा काठ वा खडा रुखमा लगाइएको सरकारी टाँचा निशाना फेर्न, बिगार्न वा मेट्न।

(ढ) शिकार खेल्न।

(ण) वन ऐन, २०४८ र सो ऐन अन्तरगत बनेका नियम विपरित काम गर्न।

वन सम्बन्धी अपराधमा कस्तो सँजाय हुन्छ ?

(क) वन क्षेत्रको जग्गा बाँड्ने, जोत्ने, खन्ने वा आवाद गर्ने वा त्यस्तो जग्गामा घर-छाप्रो बनाउनेलाई दश हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सँजाय हुन्छ। त्यसरी बनाएको घर वा छाप्रो जफत हुन्छ। त्यसरी आवाद गरेको वा जोतेको वा फाँडेको जग्गा राष्ट्रिय सरकारी वनमा समावेश गरिन्छ। उपरोक्त कसुर गर्दा हटाएको वा नोक्सानी पारेको वन पैदावार बापत छुट्टै सँजाय गरिन्छ।

(ख) वनमा आगो लगाउने वा आगलागी हुन जाने खालको कसुर गर्नेलाई विगो असुल गरी दश हजार रुपैयासम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सँजाय हुन्छ।

(ग) सरकारले रोकेको वन क्षेत्रमा गाई वस्तु, भेडाबाख्रा आदि पसाए वा चराएमा भेंडाबाख्रा भए रु. ५ देखि रु. ५० सम्म, हात्ति भए रु. ५०० देखि रु. १००० सम्म र गाई, गोरु, भैंसी भए रु. १० देखि रु. १०० सम्म जरिवाना हुन्छ।

(घ) वन क्षेत्रबाट अधिकार नपाई वन पैदावार हटाउने, ओसार-पसार गर्ने, विक्री-वितरण गर्ने तथा रुख वा विरुवा काट्ने, हाँगाविंगा छिमल्ने, खोटो वा बोक्रो झिक्ने, वन पैदावार बाहिर निकाल्दा लापरवाही गरी अन्य वन पैदावार नोक्सान गर्ने र ढुंगा, गिट्टि, बालुवा, गोल वा चुन पोल्ने जस्ता कसुर गर्नेलाई सो पैदावार जफत गरी निम्न सँजाय हुन्छ।

- एक सयसम्मको विगो भए रु. १०० जरिवाना हुन्छ।
- एक सयदेखि एक हजार रुपैयाँसम्म विगो भए विगो बमोजिम जरिवाना हुन्छ।
- एक हजारदेखि पाँच हजार रुपैयाँसम्म विगो भए विगो बमोजिम जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन्छ।
- पाँच हजार देखि माथिको विगोमा विगोको दोब्बर जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सँजाय हुन्छ।

(ङ) विदेशमा निकासी गर्न प्रतिबन्ध लागेको वन पैदावार विदेश निकासी गर्नेलाई त्यस्तो वन पैदावार जफत गरी विगो बमोजिम जरिवाना वा ५ वर्ष कैद हुन्छ।

(च) वन सिमाना चिन्ह उखेल्ने, सार्ने, फेर्ने, मेट्ने, वा विगार्ने र टाँचा वा निशाना किर्ते गर्ने वा काठ वा खडा रुखमा लगाइएका सरकारी टाँचा, निसाना फेर्ने, विगार्ने वा मेट्नेलाई पाँच सयदेखि दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सँजाय हुन्छ।

(छ) नर्सरीमा रहेका वा वृक्षारोपण गरिएका विरुवा काट्ने, भाँच्ने, उखेल्ने वा अरु कुनै प्रकारले

नोक्सान पार्नेलाई कसुरको मात्रा हेरी प्रति विरुवाको एक सय रुपैयाँसम्म जरिवाना हुन्छ र सोही कसुर दोहोऱ्याएर गर्नेलाई कसुरको मात्रा हेरी उक्त सँजायमा एक हजारसम्म थप जरिवाना हुन्छ।

(ज) नर्सरी वा वृक्षारोपण गरिएको क्षेत्रको खम्बा, तार बार, वा त्यस्ता सम्पत्ति विगार्ने वा चोरी गर्नेलाई विगो असुल गरी ५ हजार रुपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सँजाय हुन्छ।

(झ) वन जंगलमा अधिकार नपाई शिकार खेल्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसारको सँजाय हुन्छ। सो ऐनमा विभिन्न किसिमका जन्तुको शिकार गर्नेलाई विभिन्न सँजाय निर्धारण गरिएको छ। सबैभन्दा बढी पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सँजाय हुन सक्दछ।

वनसम्बन्धी अपराधमा अन्य कस्ता सँजाय हुन्छ ?

१. राष्ट्रिय सरकारी वन भित्रको जग्गा दर्ता गराउनु हुँदैन। कसैले दर्ता गराएमा दश हजार रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सँजाय हुन्छ।

२. विनाकारण रिसइविले दुःख, हैरानी दिने उद्देश्यले वन कार्यालयका कर्मचारी र प्रहरीले कुनै व्यक्तिको माल वस्तु कब्जा गरेमा वा कसैलाई पक्राउ गरेमा त्यस्ता कर्मचारीलाई एक हजार रुपैयाँसम्म जरिवाना हुन्छ।

३. सरकारी कर्मचारीले पदीय कर्तव्य पालन गर्दा बाधा पुऱ्याउनु हुँदैन। बाधा अड्चन पुऱ्याए त्यस्तो गर्नेलाई रु. १,०००।- सम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सँजाय हुन्छ।

४. वन ऐन अन्तरगतको अपराध गर्नेलाई उम्काउने काम गर्नु हुँदैन। कसैले त्यस्तो उम्काउने काम गरेमा मुख्य अपराधीलाई हुने सरहको सँजाय हुन्छ।

५. वन सम्बन्धी अपराध गर्न मिलेमतो गर्ने, उक्साउने, दुरुत्साहन गर्नेलाई मुख्य अपराधी सरह सँजाय हुन्छ।

वन मुद्दा कहाँ लाग्छ ? कसले हेर्छ ? कसरी हेरिन्छ ?

वन मुद्दा सरकारी मुद्दा हो। अर्थात् यसमा सरकार आफैंले मुद्दा चलाउँछ। जिल्ला वन कार्यालयको हाकिमले वन मुद्दा हेर्दछन्। वन मुद्दा जिल्ला वन कार्यालयमा चल्छ।

वन मुद्दा विशेष अदालत ऐन, २०३१ को कार्यविधि अपनाई हेरिन्छ।

जिल्ला वन कार्यालयको हाकिमले गरेको निर्णयमा चित्त नबुझे निर्णय सुनेको वा सुचना पाएको मितिले ३५ दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन पाइन्छ।

जिल्ला वनको हाकिमले अभियोग लागेको व्यक्तिलाई थुनामा राखी कारवाही गर्न, धरौटी माग्न वा साधारण तारिखमा राखी कारवाही गर्न सक्दछ।

गोली चलाउन सक्ने

वन सम्बन्धी काममा सुरक्षा गर्दा कसैले हुल हुज्जत गरी वनका कर्मचारी वा सुरक्षाकर्मीलाई ज्यानकै जोखिम हुने परिस्थिति पारे घुँडा मुनि गोली हान्न सक्नेछ।

हटाउन सक्ने, कब्जा गर्न सक्ने

वनको हाकिमले कसैले वन क्षेत्रमा आवाद गरी घर, छाप्रो बनाएमा वा बाली लगाएमा बाली हटाई घर, छाप्रो भत्काउन सक्ने छ।

त्यसरी नै कसैले लैजान लागेको वन पैदावार जफत गर्न, हातहतियार कब्जा गर्न वा अन्य कुनै वन पैदावार ओसार्ने सामान कब्जा गर्न सक्नेछ।

उपभोक्ता समूह

जनतालाई सरकारले वन जंगलको जिम्मा दिने नीति अनुसार सो वन जंगलको उपभोग गर्ने स्थानीय उपभोक्ताहरुको समूह बनाई समूदायलाई वन हस्तान्तरण गर्ने काम गरिन्छ। उपभोक्ता समूहको गठन वन उपभोग गर्ने मानिसहरुले गर्दछन्। वन जंगलको उपभोक्ता स्थानीय समूदायहरुको सामूहिक हितका लागि तथा वन जंगल र त्यसका पैदावारहरुको संरक्षणको लागि यो सामूदायिक उपभोक्तावादको अवधारणा आएको हो।

उपभोक्ता समूह बनाउन आफ्नो विधान सहित उपभोक्ताहरुले वैठक गरी वन कार्यालयमा दर्ताका लागि निवेदन दिनु पर्दछ। वन कार्यालयले सबै कुरा जाँचबुझ गरी उक्त उपभोक्ता समूहलाई दर्ता गरिदिन्छ। यसरी दर्ता भएको उपभोक्ता समूह वन सम्बन्धी कानुनको अधिनमा स्वतन्त्र र स्वायत्त संस्था हुन्छ।

उपभोक्ता समूहले वनको संरक्षण गर्नका लागि वन पैदावार (घाँस, दाउरा, रुखपात आदि) को उपयोग गर्न, विक्री गर्न सक्दछन्। उपभोक्ता समूहले आफ्नो कोष खडा गरी सो रकम वन जंगलको संरक्षण र विकासको लागि खर्च गर्न सक्दछन्। सो कोषमा सरकारबाट प्राप्त रकम, कुनै स्वदेशी वा विदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त चन्दा, उपहार, अनुदान, सहायता, दान दातव्य वा अन्य रकम र सदस्यता शुल्क हुन्छ। यस बाहेक कोषमा वन पैदावार विक्री गरी कमाएको रकम समेत राखिन्छ।

वन विनाश रोक्न यो सामुदायिक वनको विकासले निकै मद्दत पुऱ्याएको अनुभव गरिएको छ। जनता स्वयंलाई उसको सम्पत्तिको जिम्मा दिंदा जति त्यसको हेरचाह र संरक्षण हुन्छ त्यति सरकारी अफिसको भरमा मात्र हुन नसक्ने देखिएको छ।

स्वायत्त शासन र कानुन



आफ्नो शासन आफैले चलाउने अर्थात् आफूले चुनेको व्यक्तिले चलाउने काम प्रजातन्त्रमा हुन्छ। हाम्रो सबै काम केन्द्रमा भएको सरकारले गर्न सक्दैन। त्यसका लागि सरकारले स्थानीय निकाय- गाउँ विकास समिति, जिल्ला विकास समिति र नगरपालिकाहरु बनाएको छ।

आफ्नो क्षेत्रको विकासको लागि आफैंले सोच्ने, योजना बनाउने, लागू गर्ने र विकासको फल सबै जनतामा बराबरी पुऱ्याउने काम यी स्थानीय निकायले गर्नु पर्दछ। जनताप्रति जवाफदेही र इमान्दार हुनु पर्दछ। जनतालाई विकासमा आफैं सहभागी गराउनु पर्दछ र स्थानीय नेतृत्वको विकास गर्नु पर्दछ। यस्ता कामहरु स्वायत्त शासनबाट मात्र हुन सक्दछ।

यसै कुरालाई ध्यान दिएर सरकारले "स्थानीय स्वायत्त शासन ऐन, २०५५" लागू गरेको छ। हाम्रा गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति यही कानुनको अधिनमा चल्दछन्।

स्वायत्त शासन सम्बन्धी कानुनले के भन्छ ?

- सबै निकायका प्रतिनिधिहरु जनताबाट चुनिन्छन्।

- गाविस, जिविस र नगरपालिकाका प्रतिनिधिले जनतालाई वेवास्ता गर्न पाइन्न।
- जनतामा गएर छलफल गरेर योजना छान्नु पर्दछ।
- स्थानीय निकायको हिसाब-किताब, आय-व्यय आफ्नो परिषदमा पेश गर्नु पर्दछ।
- विकास योजनाहरु पनि परिषद्बाटै पास गर्नु पर्दछ।
- हिसाब हेर्न लेखा समिति बनाउन सकिन्छ।
- यस्ता निकायले स्वतन्त्रतापूर्वक, सबै हरहिसाब र योजनाहरु जनतालाई देखाउनु पर्दछ।
- जनताको भावनालाई कदर गर्नै विकास आयोजना संचालन गर्नु पर्दछ।
- "विकास" कसैको दान, उपहार र निगाह होइन यो जनताको अधिकार हो।
- स्थानीय निकायका पदाधिकारीले आफूले शपथ खाएपछि आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नु पर्दछ।
- स्थानीय निकायले कृषि, वन र वातावरण, खानेपानी, निर्माण र यातायात, शिक्षा तथा खेलकूद, सिंचाई, भूक्षय, नदी नियन्त्रण, भौतिक विकास, स्वास्थ्य, भाषा र संस्कृति, पर्यटन र घरेलु उद्योग, सहकारिता लगायतका विकासका काम गर्न सक्दछन्।
- स्थानीय निकायलाई सानातिना मुद्दा छिन्ने, सार्वजनिक सम्पत्तिको संरक्षण र विकास गर्ने अधिकार छ।
- स्थानीय निकायले स्रोत नक्सा तयार गर्ने, आयोजनाको संभाव्यता अध्ययन गर्ने, आयोजना छनौट गर्ने जस्ता काम जनताको सहभागितामा गर्नेछ।
- स्थानीय निकायलाई कानुनले तोकेको दरमा विभिन्न वस्तु र सेवामा कर, दस्तुर, सेवा शुल्क लिने अधिकार छ। त्यस्तै न्याय निसाफको पनि अधिकार छ।

सामाजिक व्यवहार

खेलसम्बन्धी निर्देशन

पात्रहरूः १. देवकी २. टीकाराम

देवकी : तिमीले छोराको बिहेमा कति जन्ती लाने भयौ, टीकाराम ?

टीकाराम : सन्तानको नाममा एउटा छोरो, यत्रो सम्पत्ति सबै उसकै हो । अब उसकै बिहे हुँदैछ। एक डेढ सय त लानै पर्ला । गाउँकालाई छोड्न भएन, नातागोता कोही छुटे भने रिसाएर चौपट हुन्छ।

देवकीः राम ! राम !! राम !!! तिमीले के भनेको ? हेर तिमी जस्तो पढेको, क्याम्पसमा पढाउने प्राध्यापक जस्तो मान्छेले पनि त्यसो गर्न सुहाउँछ। फेरि कानूनले पनि त ५१ जना भन्दा बढी जन्ती लान पाइँदैन भनेको छ। उजुर सुजुर पऱ्यो भने त दण्ड जरिवानासमेत हुन्छ है। बुझी राख।

हाम्रो समाजमा देखासिकी गर्ने चलन धेरै छ। "अरुले घोडा चढे आफू धुरी चढ्न खोज्ने" पनि हामी धेरै छौं। फेरि अर्काको नक्कल गर्न होस् नहोस् ऋण काढेर, घरवारी बेचेरै भए पनि धाक जमाउने चलन हाम्रो समाजमा छ।

समाजमा विवाह, ब्रतबन्ध, पास्नी जस्ता सामाजिक कार्यहरु अति नै खर्चिलो र भड्किलो हुँदै गएको छ। अफ छोरीको विवाह भन्ने वित्तिकै अभिभावकलाई चिट चिट पसिना आउन थाल्छ। समाजमा इज्जत धान्नै पऱ्यो, यसो भोज भतेर गर्नै पऱ्यो, इष्टमित्र, साथिभाइ र अन्य ठुलावडालाई बोलाउनै पऱ्यो, भन्दै हामी फोस्रो आडम्बर र भड्किलो खर्चिलो सामाजिक कार्यमा जुट्दछौं। "घाँटी हेरी हाड निलौं" भन्ने कुरा बिर्सन्छौं।

हाम्रो देशमा यस सम्बन्धमा सामाजिक व्यवहारलाई सुधार गर्ने कानुन छ। तर त्यसको व्यवहारिक प्रयोग हुन सकेको छैन। त्यो कानुन सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ हो।

सामाजिक व्यवहार (सुधार) सम्बन्धी कानुन के भन्छ ?

१. विवाह हुँदा तिलक लिन पाइँदैन। छोरी तर्फकाले पनि यति गहना, लुगा हुनुपर्छ भन्न पाइँदैन।

२. दुलाहा पक्षले दाइजो माग्न पाइँदैन। दाइजोका लागि सौदावाजी गर्न पाइँदैन। कुल-परम्परा अनुसार राजिखुशीले दश हजार रुपैयाँसम्मको मात्र दाइजो दिन पाइन्छ।

३. दुलाहाको पढाई लेखाई, बन्दव्यापार वा विवाह खर्च माग्न पाइँदैन।

४. बाजावाला लगायत ५१ जना भन्दा बढी जन्ती लान पाइँदैन। भोजमा पनि ५१ जना भन्दा बढीलाई डाक्न पाइँदैन।

५. छैठी, न्वारान, पास्नी, चूडाकर्म ब्रतबन्ध, बूढो पास्नी आदिमा नजिकका इष्टमित्र मध्ये २५ जना भन्दा बढी व्यक्तिलाई भोज खुवाउन हुँदैन।

६. पितृ कार्य, श्राद्धमा नातेदार र मलामी बाहेक २५ जना भन्दा बढीलाई भोजमा बोलाउन हुँदैन।

७. सामाजिक कार्यमा भड्किलो रुपमा दाइजो प्रदर्शन गर्न पाइन्न।

८ सामाजिक कार्यमा भड्किलो रुपमा घर सजाउन पाइन्न।

९. स्थानीय निकायले यो कानुनको पालना गराउन सम्झाउनु बुझाउनु पर्छ। नमाने जिल्ला प्रशासन कार्यालयमा लेखि पठाउनु पर्दछ।

कति सँजाय हुन्छ ?

सामाजिक व्यवहार सुधार कानुन उल्लंघन गर्नेलाई बढीमा ३० हजार रुपैयाँ जरिवाना वा ३० दिनसम्म कैद सँजाय हुन्छ।

मुद्दा कसले हेर्छ ? कहाँ लाग्छ ? कसरी हेरिन्छ ?

मुद्दा प्रहरीले अनुसन्धान गरी चलाउँछ। यो मुद्दा सरकार आफैंले चलाउँछ। प्रहरीमा वा सि. डि. ओ. अफिसमा सूचना दिएपछि सि. डि. ओ. (प्रमुख जिल्ला अधिकारी) ले मुद्दाको कारवाही र किनारा गर्दछन्। सि. डि. ओ. को निर्णयमा चित्त नबुझे पुनरावेदन अदालतमा पुनरावेदन लाग्दछ। मुद्दा विशेष अदालत ऐन, २०३१ अनुसार हेरिन्छ।

परिच्छेद सात

घर व्यवहारमा लेनदेन गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरू

घर व्यवहार चलाउन ऋण, सापट, अैंचो पैंचोको जरुरी पर्दछ। मानिस एक्लै सँधै भरिपूर्ण हुँदैन। खाँचो जसलाई पनि हुन्छ। यसरी खाँचो परेका व्यक्तिले एक आपसमा गरेका व्यवहार विश्वासमा चलेको हुन्छ। कहिले काहीं विश्वासमा धोका पर्दछ। त्यसबेला प्रमाण नभई निसाफ पाउन सकिन्न। त्यसैले प्रमाणका लागि, सम्झनाका लागि लिखत (कागज) गरेर घर व्यवहार संचालन गर्नु राम्रो हुन्छ। यसरी घर व्यवहारमा लेनदेन र लिखत गर्दा ध्यान पुऱ्याउनु पर्ने केही कुराहरु बारे यहाँ हामी चर्चा गर्दछौं।

कागजमा जथाभावी सहिछाप गर्नु हुँदैन

१. हाम्रो घर व्यवहार वा अड्डा अदालतमा गरिने कुनै पनि कागज वा तमसुक, निवेदन, सर्जमिन मुचुल्का, बयान आदिमा त्यसमा लेखिएका कुरा राम्ररी नबुझी वा नपढी सहि गर्नु हुँदैन। ल्याप्चे (औंठा छाप) पनि लगाउनु हुँदैन। सही गरेपछि मलाई थाहा भएन भन्न पाइँदैन। त्यसैले कहीं पनि सहिछाप गर्नु भन्दा पहिले राम्ररी बुझी, बाँची त्यसको अर्थ समेत सोधेर मात्र सहीछाप गर्नु पर्दछ।

२. त्यस्तै केही पनि नलेखिएको खाली कागजमा पनि सही गर्नु हुँदैन। खाली कागजमा सही गराएपछि मलाई थाहा थिएन भन्न पाइन्न। तर वकिलकोमा वा अन्य व्यक्तिलाई काम गर्न अख्तियारी दिंदा के काम गर्न दिइएको हो सो खाली कागजको पछाडि विचमा त्यो काम लेखी लिफा दिन भने सकिन्छ।

बलजफ्ती, करकाप वा जोरजुलुम गरी कागज गराउन पाइँदैन

कसैले पनि कसैलाई बलजफ्ती, करकापमा पारी, कुटपिट गरि, बाँधछाँद गरि वा जोरजुलम गरि वा कुनै प्रलोभन देखाइ जबरजस्ती कागज गराउन पाँइदैन। त्यसरी कागज गराए ३५ दिन भित्र जिल्ला अदालतमा पिडित व्यत्तिले नालेश दिन सक्दछ। तर कहिले काँही उजुरी देला भन्ने डरले ३५ दिन सम्म उसलाइ थुन्ने वा निगरानीमा राखेमा कब्जाबाट फुत्किएको मितिले ३५ दिन भित्र नालेश दिन सकिन्छ ।

कागज गर्दा संरक्षकको सहि गराएर अथवा सामुन्नेमा सहि गराउनुपर्ने

कतिपय अवस्थामा नाबालक, अन्धा, अपांग तथा लाटालाटीको कागज गराउनु पर्ने अवस्था

आयो भने निजहरुको कागज संरक्षकको सहायताले गराउनु पर्दछ।

- नाबालक (१६ वर्ष मुनिका केटाकेटी) लाई हाम्रो कानुनले असक्षम व्यक्ति मानेको छ। नाबालकले आफ्नो हित-अहित छुट्याउन र ठम्याउन सक्दैनन्। त्यसैले यस्ता नाबालकसंग कागज गराउँदा निजको हकवाला वा संरक्षकको सामुन्ने सही गराउनु पर्दछ। त्यस्ता कागजमा हकवाला वा संरक्षकको सही पनि चाहिन्छ।
- त्यस्तै पागल, लाटालाटी, अन्धाअन्धी, रोगले होश ठेगान नभएको व्यक्तिहरुको कागज गराउँदा पनि हकवाला वा संरक्षकको सामुन्ने गराउनु पर्दछ। त्यस्ता व्यक्तिको हकवाला वा संरक्षक नभएको अवस्थामा उनीहरुले नै रोजेको व्यक्तिको सामुन्ने सहिछाप गराउनु पर्दछ। त्यस्ता कागजमा त्यस्ता हकवाला, संरक्षक वा रोजेको व्यक्तिको पनि सही हुनु पर्दछ।

कागज गर्दा अरु के कुरामा ध्यान दिने ?

१. सबै कागजहरु नेपाली कागजमा सुल्टोपटि शीरमा र वायाँ साइडमा पहिलो पानामा क्रमशः ४ इन्च र २ इन्च छोडी कागज गर्नु पर्दछ। तर दोस्रो पानामा शिरमा २ इन्च छोडे पुग्छ।

२. कागज गर्दा लिने दिने दुवै थरिको तीन पुस्ते बाबु-बाजेको नाम, उमेर, स्थायी ठेगाना, हालको ठेगाना समेत प्रष्ट खोल्नु पर्दछ।

३. कागजमा के कामका लागि कागज लेखेको हो प्रष्ट लेख्नु पर्दछ।

४. कागज लेख्दा नउड्ने पक्कि कालो मसीले लेख्नु पर्दछ।

५. लेनदेनको कागज भए व्याज र तिर्ने बुझाउने भाखा लेख्नु पर्दछ। व्याज लेख्दा सयकडा १० भन्दा बढी लेख्न पाइँदैन।

६. लेनदेनको कागज गर्दा कम्तिमा दुई जना जति साक्षी, कागज लेखेको ठाउँ, लेनदेन व्यवहार गरेको रकम र त्यो रकम के कामका लागि लिइएको हो त्यो खुलाउनु पर्दछ।

७. कागजमा निवेदन भए तल र अरु लेनदेनको कागज भए लिखतको शुरु र अन्त्यमा ल्याप्चे औंठा छाप दायाँ वायाँ र हस्ताक्षर समेत गर्नु पर्दछ।

८. कागज वा तमसुकमा रु. १०० सम्म ऋण भए रु. ४ सम्म र त्यो भन्दामाथि प्रत्येक रु. १०० मा चार-चार रुपैंयाका दरले आयकर टिकट टाँस्नु पर्दछ।

कागज हराए, नासिए के गर्ने ?

अड्डा अदालतमा भएका वा हुने कागजहरु हराएमा नक्कल लिन सकिन्छ। तर आफूसंग भएको कागज हरायो, नासियो वा दैवी प्रकोप पऱ्यो भने सबै प्रमाण सकिन्छ। त्यस्तो अवस्थामा

के गर्न सकिन्छ भन्ने कुरा पनि हाम्रो कानुनले तोकेको छ।

१. सर्वप्रथम त्यस्तो कागज नासियो, हरायो वा दैवी प्रकोप परे दुई प्रति दरखास्त बाटोको म्याद बाहेक सात दिन भित्रै प्रहरी कार्यालयमा दिनु पर्दछ।
२. दुई प्रति दर्खास्तमै अड्डाको छाप लागी दर्ता नं. र मिति लेखिन्छ र एक प्रति दर्खास्तवालालाई फिर्ता दिइन्छ।
३. त्यसपछि कागज गरिदिनु पर्ने सम्बन्धित व्यक्ति वा उसको हकदारले सो दैवी परेको व्यहोरा समेत खोली १५ दिन भित्र पुनः कागज गर्नु पर्दछ।

यदि कागज गरिदिएन भने हक कायममा ३५ दिन भित्र जिल्ला अदालतमा नालेश दिनु पर्दछ र त्यस्तो कागज थियो भन्ने पक्का प्रमाण साक्षी पनि राख्नु पर्दछ। आसामीले कागज गरिदिनु पर्ने १५ दिनको म्याद सक्रिएको मितिले त्यही दिनबाट ३५ दिन भित्रै नालेश गर्नु पर्छ। नत्र म्याद नाघेपछि नालेश लाग्दैन।

रजिष्ट्रेशन गर्नुपर्ने लिखत कागजहरु

केही लिखत कागजहरु घरसारमा लेखे पनि कानुनले मान्यता दिन्छ। जस्तै घरसारमा लेनदेन गरेको कपाली तमसुक, भरपाईहरु आदि, तर केही लिखत कागजहरु घरमा लेखेर मात्र पक्का हुँदैन। घरमा लेखिए पनि माल अड्डामा गई रजिष्ट्रेशन पास गराउनै पर्दछ। जस्तै घर जग्गा किनबेच, दान बकस वा जुनसुकै तरिकाले दिएको अचल सम्पत्ति सम्बन्धी लेनदेन कारोबार भएका लिखतहरु, धर्मपुत्रको लिखत, मानो छुट्टिएको वा जोडिएको लिखत, जुनसुकै किसिमको बन्धकी तमसुकहरु (भोगबन्धकी, दृष्टि बन्धकी, लख बन्धकी), हाल वकसपत्र वा शेषपछिको बकस पत्र, सट्टापट्टाको लिखत वा अंशवण्डाको लिखत, राजीनामा सबै रजिष्ट्रेशन पास गराएर राख्नु पर्दछ। रजिष्ट्रेशनको निश्चित सरकारी दस्तुर लिई रजिष्ट्रेशन पास गर्ने काम मालपोत कार्यालयले गर्दछ।

लिखत बदर हुने

जसको सम्पत्ती हो उसैले बेचेको, राजीनामा गरेको वा बन्धकी दिएको मात्र सदर हुन्छ। आफ्नो पूरा हक नभएको अरुको पनि हक लाग्ने वा आफ्नो हुँदै नभएको सम्पत्ती विक्री वा अन्य व्यवहार गरे त्यसले कानुनी मान्यता पाउँदैन।

जस्तै सगोलको सम्पत्ती बेच्दा उमेर पुगेका सबै अंशियारको मञ्जुरी चाहिन्छ।

यसरी एकाको सम्पत्ती अर्काले वा अरुको अंश हक समेत लाग्ने सम्पत्ती कुनै पनि तरिकाले विक्री व्यवहार वा दान बकस गरेकोमा हक पुग्नेले रजिष्ट्रेशन पास भएको मितिले एक वर्षभित्र थाहा पाएको ३५ दिनभित्रै सो लिखत बदर गराउन जिल्ला अदालतमा नालेश गर्न सक्दछ।

जेठो लिखत सदर हुने

एउटै सम्पत्ती एक पटक एउटालाई बन्धकी, राजीनामा वा बकस दिएपछि पुनः अर्कोलाई दिन पाइँदैन। यदी कसैले त्यसरी उक्त सम्पत्ती दिएको भए पहिले लिनेको त्यो सम्पत्ति हुन्छ। पछि लिनेले त्यो पाउँदैन। यदि रजिष्ट्रेशन नभएको भए रजिष्ट्रेशन भएको लिखतले मान्यता पाउँछ। यस्तोमा जानी जानी लिएको भए साहुको थैली भुस हुन्छ। नजानी लिएको रहेछ भने त्यो पैसा फिर्ता पाउँछ।

निखन्ने

कहिलेकाहीं आफ्नो साँध सिमाना र सन्धी सर्पनको सम्पत्ती हकवालालाई नदिई अन्य कसैलाई विक्री गरेको रहेछ भने त्यो विक्री मूल्य राखी सन्धी सर्पन पर्ने हकवालाले निखन्न पाउँछ। मोहीयानी जग्गामा मोहीले निखन्न पाउँछ। धेरै हकवाला र सन्धी सर्पनवाला भए सन्धिसर्पन पर्ने नजिकको हकवालाले निखन्न पाउँछ।

निखन्न कहाँ जाने ? कहिलेसम्म जाने ?

निखन्नको लागि लिखत राजिष्ट्रेशन भएको मितिले ६ महिना र थाहा पाएको ३५ दिनभित्र मालपोत कार्यालयमा निवेदन दिनु पर्दछ।



केही व्यवहारिक लिखत, उजुरी र निवेदनको ढाँचाहरू

कपाली तमसुक

व्यवहारमा ऋणको लेनदेन भइरहन्छ। यसरी ऋणको लेनदेन गरेपछि धनीलाई ऋणीले लेखेर दिने कागजलाई कपाली तमसुक भनेर भनिन्छ। कपाली तमसुकमा धनी र ऋणी दुवैको तीन पुस्ते ठेगाना, रकम, भाखा, व्याज आदि लेखिएको हुन्छ। यस्तो तमसुकको शिरमा ४ इन्च, वायाँ साइडमा २ इन्च छोडेर केरमेट नगरी लेख्नु पर्दछ। कपाली तमसुकमा भाखा लेखेको भए त्यही अनुसार र भाखा नलेखेको भए १० वर्षभित्र नालेश गरी पैसाको साँवा व्याज लिन सकिन्छ। नेपाली कागजमा पक्का कालो मसीले लेखक बाहेक कम्तिमा दुई जना साक्षी राखी यो लिखत लेखिन्छ। कपाली तमसुक रजिष्ट्रेशन गर्नु पर्दैन। आय टिकट पनि तोके अनुसार टाँस्नु पर्दछ। नटाँसे पछि नालेश गर्दा पाँच दोब्बर तिर्नु पर्दछ। ऋणीले लिखतको शुरु र अन्त्यमा दायाँवायाँ ल्याप्चे सही र लेख्न जान्ने भए हस्ताक्षर समेत गर्नु पर्दछ।

कपाली तमसुकको नमूना

लिखितम धनीका नाम काभ्रे पलाञ्चोक जिल्ला कानपुर गाउँ विकास समिति वडा नं. ७ कोटतिमाल बस्ने पदम सिं लामाको नाती शेर सिं लामाको छोरा वर्ष ५४ को प्रेमलाल सिं लामा आगे ऋणिका नाम काभ्रे पलाञ्चोक जिल्ला ठूलो पर्सेल गाविस वडा नं. ५ बस्ने नारायणबहादुर तामाङको नाती बुद्धिबहादुर तामाङको छोरा वर्ष ४५ को हरिबहादुर तामाङले घर खर्च गर्न नगद नेपाली रुपैयाँ ५०००।- अक्षरेपी पाँच हजार रुपैंया मात्र कर्जा लिए। यो रुपैंयाको सयकडा दशका दरले साँवा ब्याज समेत माघे संक्रान्तिका दिन तिर्ने बुझाउने छु। यदि सो भाखामा तिर्न बुझाउन सकिन भने तपाई साहुको थैली प्रचलित नेपाल कानून अनुसार मेरो चल अचल श्री सम्पत्ति घर घरानाबाट असुल उपर गरी लिनु भनी मेरो मनोमानी खुशी राजिसंग तपाई साहुकै घर पिंढीमा बसी किनाराका साक्षिका रोहवरमा यो कपाली तमसुक लेखी तपाई साहुलाई दिएँ। इति सम्वत् २०५७ असोज २७ गते रोज ६ शुभम्।

दा. वा.

साक्षी

सही का.प.जि.कानपर गाविस वडा न. ७ बस्ने राम लामा..... १

सही ए.ए. बस्ने पकाश लामा १

सही ए. ए. बस्ने लखक कम लामा १

दा. वा.

भोग बन्धकी

साहुले ऋण दिए बापत आसामीको घर-जग्गा वा अरु कुनै कुरा भोग गर्ने र व्याज नलिने गरी दिएको कागज भोग बन्धकी हो। भोग बन्धकी दिंदा जसको नाउँमा त्यो सम्पत्ति दर्ता छ उसैले मात्र दिन सक्दछ। भोग बन्धकी कागजबाट साहुले त्यो सम्पत्ति भोग गर्न पाउँछ तर व्याज पाउँदैन। भोगबन्धकी कागजमा लिने दिने दुवैको तीन पुस्ते, ठेगाना र ऋण रकमका साथै कुन सम्पत्ति कसरी भोग गर्न भोगबन्धकी दिएको हो प्रष्ट खुलाउनु पर्दछ। भोग बन्धकीको लिखतलाई मालपोत कार्यालयमा गई रजिष्ट्रेशन गरी पारित गराउनु पर्दछ। भोग बन्धकीको लिखत दुई प्रति बनाइन्छ।

भोग बन्धकीमा भोग गर्न दिएको सम्पत्ति जस्ताको तस्तै नबिगारी फिर्ता गर्नु पर्दछ। भोग बन्धकीमा लेखिएको सम्पत्ती भोग गर्न नपाएमा साहुले दुई वर्ष भित्र भोग गर्न चलन चलाई पाउँ भनी जिल्ला अदालतमा नालेश गर्नु पर्दछ। यदि भोग गर्न पाएन भने वा दुई वर्ष नाघेमा त्यो तमसुक कपालीमा परिणत हुन्छ।

भोग बन्धकी लिखतको नमूना

लिखितम धनीका नाम नरेन्द्रको नाती महेन्द्रको छोरा सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. ५ बस्ने वर्ष ३७ को मदनकुमार सिंह ऋणिका नाम भुपेन्द्रको नाति नरेन्द्रको छोरा सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. ५ बस्ने वर्ष ४५ को चन्द्रिका सिंहले नगद नेपाली रुपैंया ५०,०००।- अक्षरेपी पचास हजार रुपैंया व्यापार व्यवसाय गर्न लिएको ठीक साँचो हो। यो रुपैंया लिए बापत अरु कसैलाई कुनै व्यहोराले लेखी नदिएको मेरो एकलौटी हक लाग्ने मेरो नाउँमा दर्ता भएको सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. ४ को पूर्व सडक, पश्चिम सडक, उत्तर हरेन्द्रको जग्गा दक्षिण श्याम किशोरको जग्गा यति चार किला भित्रको कि.नं. २०७ क्षेत्रफल जग्गा विगाह २-०-० भोग चलन गर्नु। थैली बुझाएको बखत रकम बुझी लिई जग्गा छाडिदिनु। तपाई साहुले रुपैयाँको व्याज नखोज्नु म ऋणि जग्गाको आयस्ता खोज्ने छैन। सो जग्गा भोग गर्दा केही व्यहोराले कच्चा ठहरे तपाई साहुको थैली मेरो चल अचल श्रीसम्पत्ती घरघराना साहुकै घर कोठामा भोग बन्धकीको तमसुक लेखी किनाराका साक्षीका रोहवरमा तपाई साहुलाई दिएँ। इति सम्वत् २०५७ असोज २९ गते रोज १ शुभम्।

दा.

वा.

साक्षी

सही सप्तरी जिल्ला राजविराज न.पा. वडा न. ४ बस्न लक्ष्मी सिंह..... १

सही ए.ए. बस्न रमा सिंह १

सही ए. ए. बस्न लखक रविन्द्र थापा १

दा. वा.

दृष्टि बन्धकी

साहुले ऋण दिए बापत त्यो ऋणको सुरक्षाको लागि आसामीले कुनै सम्पत्ती धितो राखी गरिने लिखत दृष्टि बन्धकी हो। त्यसमा तोकिएको भाखा भित्र ऋणको साँवा व्याजा नतिरेमा मेरो फलानो घर जग्गाबाट वा फलानो सम्पत्तिबाट असुल उपर गरी लिनु भन्ने व्यहोरा लेखिएको हुन्छ। यस्तो तमसुक गर्दा साहु आसामी दुवैलाई दुई प्रति लेखी एक एक प्रति लिनुदिनु गरिन्छ। यो लिखत पनि रजिष्ट्रेशन हुनु पर्दछ।

दृष्टि बन्धकीको नमूना

लिखितम् धनिका नाम कालिबहादुरको नाति बाबुलालको छोरा कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं. ४ बस्ने वर्ष ३१ को रमेश चौधरी ऋणिको नाम परशुरामको नाति शिवरामको छोरा कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं. ३ बस्ते वर्ष ५५ को डिल्लीबहादुर थारुले व्यापार गर्न नेपाली रुपैयाँ नगद रु. २५,०००।- अक्षरेपी पच्चिस हजार रुपैयाँ कर्जा लिएँ। यो रुपैंयाको सयकडा १० का दरले साँवा व्याज आजका मितिले एक वर्ष भित्र बुझाउँला। यदि बुझाइन भने अरु कसैलाई कुनै व्यहोराले लेखि नदिएको मेरो एकलौटी हक भोग भई मेरा नाममा दर्ता भएको कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं. ५ को कि.नं. १२५ को पूर्व पश्चिम रामचन्द्रको जग्गा उत्तर र दक्षिण कुलो भएको यति चार किल्ला भित्रको खेत विगाह १-०-० साँवा व्याज नबुझाएसम्म दृष्टि भोग गर्नु। यदि कुनै व्यहोराले कच्चा भई जग्गा भोग गर्न पाउनु भएन भने साहुको थैली साँवा व्याज मेरो अरु घर घरानाबाट असुल उपर गरी लिनु भनी साहुकै घर वैठकमा बसी मेरो मनोमानी खुशिराजीसंग किनाराका साक्षीका रोहवरमा यो दृष्टि बन्धकीको लिखत लेखी तपाई साहुलाई दिएँ। यो लिखत कानुन बमोजिम मालपोत कार्यालयमा रजिष्ट्रेशन पारित गरी दिउँला। इति सम्वत् २०५७ असोज ३० गते रोज २ शुभम्।

दा.

वा.

साक्षी

सही कलालो जिल्ला धनगढी न.पा. वडा न. ५ बस्ने रामश्वर शाह..... १

सही ए.ए. बस्न बिनाद कवर १

सही ए. ए. बस्न लखक श्याम अधिकारी १

दा.

वा.

लख बन्धकी

भोग बन्धकी वा दृष्टि बन्धकी गरी ऋण दिने साहुले आसामीबाट लिएको वा लिने सम्पत्ती देखाई अर्को साहुबाट ऋण लिन गर्ने लिखत लख बन्धकी हो। यस्तो लिखत गर्दा आफूले आसामीलाई दिएको ऋण भन्दा बढी त्यो साहुले अर्को साहुकोबाट ऋण लिन पाउँदैन। त्यस्तो लिखत रजिष्ट्रेशन हुनुपर्दछ र दोहोरी लिखत खडा गर्नु पर्दछ।

लख बन्धकी लिखतको नमुना

लिखितम धनीका नाम हरेन्द्रको नाती शिवेन्द्रको छोरा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० नयाँ बानेश्वर बस्ने वर्ष २५ को राम गोपाल शाक्य, ऋणिका नाम कृष्णको नाती चन्द्रको छोरा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ डिल्लीबजार बस्ने वर्ष ३७ को विनोद जोशीले नगद नेपाली रुपैयाँ ७०००।- अक्षरेपी सात हजार कर्जा लिएँ। कर्जा घर खर्च बापत लिएको हो। उक्त रुपैंयामा अरु कसैलाई केही गरी नदिएको मिति २०५६/७/२४ मा मैले काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३४ मिन भवन बस्ने हर्क महर्जनबाट रु. ७०००।- मा भोग बन्धकी लिई मालपोत कार्यालयबाट रजिष्ट्रेशन पारित गरेको कि. नं. २०१७ को पूर्व बाटो, पश्चिम पक्कि सडक, उत्तरामलालको जग्गा, दक्षिण पर्ति जग्गा भएको यति चार किल्ला भित्रको जग्गा रोपनी ०-८-० (आठ आना) लख बन्धक लेखी दिएँ। तपाईलाई थैली नबुझाएसम्म भोग चलन गर्नु। थैली बुझाएको बखत बुझी लिई जग्गा छाडी दिनु। जग्गा भोग गरुन्जेल तपाई साहुले रुपैंयाको व्याज नखोज्नु, म जग्गाको उब्जनी आयस्ता खोज्ने छैन। सो जग्गा भोग गर्दा केही, व्यहोराले कच्चा ठहरिएमा तपाई साहुले भोग चलन गर्न नपाए प्रचलित नेपाल कानुन बमोजिम तपाई साहुको थैली र व्याज मेरो घर घरानाबाट असुल उपर गरी लिनु भनी मेरो मनोमानी खुशी राजीसंग काठमाडौं जिल्ला नयाँ बानेश्वरमा बसी वायाँ किंनाराका साक्षीको रोहवरमा यो लख बन्धक तमसुक लेखी २०५६/७/२४ को भोग बन्धकी तमसुक समेत पाई साहुलाई सुम्पिदिएँ। यही बमोजिमको एकप्रति दोहोरी पनि साहुबाट बुझी लिएँ। साक्षी किनाराका सदर। यो लिखत ऐनका म्याद भित्र रजिष्ट्रेशन गरुँला। इति सम्वत् २०५७ कार्तिक १ गते रोज ३ शुभम्।

दा.

वा.

साक्षी

सही का.जि.का.म.न.पा. वडा न. १० बस्न अजन काको..... १

सही ए.ए. बस्न भिम खड्का १

सही ए.ए. बस्न लखक गणश बराल १

दा. वा.

कुनै पनि अपराधमा प्रहरी कार्यालयमा दिने जाहेरी दरखास्तको ढाँचा

श्री ..... मा चढाएको
(प्रहरी कार्यालयको नाम र ठेगाना)

दरखास्त

१. दरखास्त वा सूचना दिने व्यक्तिको नाम, थर, ठेगाना :
२. कुन मुद्दा सम्बन्धी अपराध बारे दरखास्त वा सूचना गरेको हो :
३. अपराध गर्ने व्यक्तिको नाम, थर, ठेगाना र हुलिया :
४. अपराध भएको वा भैरहेको वा हुने सम्बन्धित ठाउँ, मिति र समय :
५. दरखास्त वा सूचनाको व्यहोरा :
६. अपराधसंग सम्बन्धित कुनै सबुद प्रमाण भए सो कुरा :
७. अपराधसंग सम्बन्धित अन्य विवरण :
८. यो दरखास्तको व्यहोरा ठीक साँचो छ, झुठा व्यहोरा लेखेको ठहरे कानुन बमोजिम सहुँला बुझाउँला। प्रहरीद्वारा केश तहकिकात हुँदा वा अदालतमा मुद्दा चल्दाका बखत उपस्थित हुनुपर्ने जनाउ पाए सो बमोजिम उपस्थित हुनेछ।

मिति :

दरखास्त वा सूचना दिनेको सही :
सही

नोट : यो दरखास्त कानुनद्वारा तोकिएको ढाँचा भएकाले कुनै पनि अपराध बारे प्रहरीमा सूचना गर्दा यही ढाँचामा सुचना गरी दर्ता नम्बर, दर्ता मिति र दरखास्त दर्ता गरेको भरपाई समेत प्रहरीबाट लिनु पर्दछ।

कानुनी उपचार सम्बन्धी व्यवस्था

कानुनी उपचार भनेको के हो ?

कानुनले अधिकार मात्र दिएको भरमा व्यक्तिले त्यो अधिकार पाउँछ नै भन्न सकिन्न। कानुनले दिएको अधिकार पाउन र कानुनले तोकेको कर्तव्य पालन गर्नेले यदि पालन गरेन भने पालन गराउन कानुनले गरेको व्यवस्था उपचार सम्बन्धी व्यवस्था हो।

अधिकार पाइएन वा पाएको अधिकार उल्लंघन भयो भने यदी उपचार छैन भने त्यो अधिकार पाउनु र नपाउनुको कुनै अर्थ हुँदैन। अधिकार, कर्तव्य र कानुनी उपचार एक अर्कामा सम्बन्धित छन्।

त्यसैले उपचार पाउनको लागि कानुनले अड्डा अदालतको व्यवस्था गरेको हुन्छ।

कानुनी उपचार कसरी पाइन्छ ?

कानुनले प्रदान गरेको हक अधिकारको उल्लंघन भएको छ भने त्यसका लागि उपचार पाउन अड्डा-अदालतमा नालेश गर्नु पर्दछ। नालेश गर्दा मुख्यत: तीन कुरामा ध्यान दिनु पर्दछ।

१. **हकदैया :** उपचारका लागि मुद्दा दिने अधिकार भएको व्यक्तिले मात्र मुद्दा दिनु पर्दछ। यसलाई हकदैया भनिन्छ। मुद्दा कसले दिने भन्ने विषय हकदैया हो।

२. **हदम्याद :** उपचार जहिले खोज्यो त्यही बेला पाइँदैन। त्यसको लागि कानुनले म्याद तोकेको हुन्छ। त्यसलाई हदम्याद भनिन्छ। मुद्दा कहिलेसम्म दिने भन्ने विषय हदम्याद हो।

३. **अधिकार क्षेत्र :** उपचार दिने अधिकार भएको अड्डा-अदालतमा नालेश गर्नु पर्दछ। यसलाई अधिकार क्षेत्र भनिन्छ। सबै अड्डा-अदालतलाई सबै मुद्दा हेर्ने अधिकार हुँदैन। कुन मुद्दामा कहाँ मुद्दा हेर्ने अधिकार छ भन्ने विषय अधिकार क्षेत्र हो।

उपचार पाउन नालेश गर्ने अधिकार भएको व्यक्ति वा पीडित व्यक्ति स्वयंले समय भित्रै मुद्दा हेर्ने अधिकार भएको अड्डामा आफ्नो निवेदन, दरखास्त वा फिराद लिएर जानु पर्दछ।

कानुनी उपचार कति तरिकाले पाइन्छ ?

उपचार दुई तरिकाले पाइन्छ।

पुस्तकका कठिन शब्दहरूका अर्थ

१. करणी	=	महिला र पुरुषको यौन सम्बन्ध
२. इज्जत- आमोद	=	हैसियत वा सामाजिक प्रतिष्ठा र आर्थिक हैसियत
३. दपोट	=	सरकारी जमिनको कर, पोत नतिरी लुकाई छिपाई जग्गा मात्र भोगचलन गरी खाने काम
४. कहावत	=	भनाई, उखान
५. विधेयक	=	संसदमा छलफल गर्न पेश गरिएको कानुन
६. विधायक	=	कानुन बनाउने व्यक्तिरू सांसद
७. दहेज	=	दाइजो
८. रजिष्ट्रेशन	=	मालपोत कार्यालयमा कुनै लिखत दर्ता गरी सरकारी अभिलेख राख्नु
९. साबालक	=	उमेर पुगेको
१०. सगोल	=	भात भान्सा एकै ठाउँमा गरी सबै परिवारका सदस्य एकै ठाउँ बस्नु
११. जिउनी	=	सन्तानहरुलाई सम्पत्तिको अंशबण्डा गर्दा आमाबाबुले आफ्ना लागि छुट्याएको भाग, जीउनी
१२. औकात	=	हैसियत
१३. आमद	=	आर्थिक हैसियत
१४. तायादाती	=	विवरण
१५. पंचकिर्तिमोल	=	स्थानीय जनप्रतिनिधि र भद्रभलादमीले तोकेको मूल्य
१६. फिराद	=	अदालतमा दिइने नालेशको नाम
१७. बकस	=	कसैका क्रियाकलाप वा शील स्वभावबाट सन्तुष्ट वा खुशी भएर केही वस्तु दिइने काम, बक्सिस
१८. बदर	=	कानुनले मान्यता नदिनु
१९. राजदूत	=	विदेशी राष्टुको प्रतिनिधि
२०. अपुताली	=	सन्तान नभएका व्यक्तिको जायजेथा
२१. तहसिल	=	अदालतको फैसला कार्यान्वयन गर्ने शाखा
२२. स्ववासी	=	आफैंले भोगचलन गरेको (घरबारी)
२३. मोठ	=	जग्गा जमिनको अभिलेख
२४. प्रपंच	=	षडयन्त्र
२५. जालपरिपंच	=	ठूलो षडयन्त्र
२६. हदबन्दी	=	कतिसम्म भन्ने सीमा निर्धारण
२७. पर्ति	=	बाझो
२८. कुत	=	खेती गर्ने किसानले जग्गा धनीलाई बुझाउने नगद वा जिन्सी
२९. अस्थायी निस्सा	=	अस्थायी प्रमाण
३०. दोलाजी	=	छोरीले विवाह गरी ज्वाइँ समेत माइती घरमै बस्ने र छोरीले छोरा सरह हक पाउने चलन वा प्रथा
३१. बहस पैरवी	=	पक्षको तर्फबाट अदालतमा वकिलले गर्ने तर्क
३२. लिफा	=	वादी प्रतिवादी, उजुरी, विन्तिपत्र आदि लेख्ने दस्तुर सहितको फारम
३३. सन्धि सर्पन	=	बाटो, निकास, चरन, वा पानीघाट जाने ठाउँसंग जोडिएको जग्गा

३४. तहकिकात = अनुसन्धान
३५. सरकारवादी = सरकार आफै वादी भएर चलाइने (मुद्दा)
३६. दुनियाँवादी = व्यक्ति आफै वादी भएर चलाइने (मुद्दा)
३७. अपराध = समाजलाई असर पर्ने कानुनले नगर्नु भनेको काम गर्नु र गर्नु भनेको काम नगर्नु
३८. हुलहुज्जत = भिड जम्मा भई धक्का धक्की गर्ने र सामान यत्रतत्र फाल्ने काम
३९. वारेन्ट = पक्राउ पुर्जी
४०.साधक जाहेर = तल्लो अदालत वा निकायले माथिल्लो अदालत वा निकायसंग अनुमति माग्नु
४१. गैह्र कानूनी = कानुन विपरित
४२. बँधुवा = बाँधा, दास वा दासी
४३. विकलांग = शारीरिक र मानसिक रुपले सद्दे नहुनु, लाटो, लठेब्रो, लुला लङ्डा, सुस्तमनस्थिति
४४. आत्मदाह = आफैंले आफूलाई जलाएर मार्ने काम
४५. थेगेका = थाम्ने काम गरेका, थामेका
४६. उपेक्षित = हेला गरिएका
४७. बनी = ज्याला
४८. हरुवा, चरुवा = हलो जोत्ने, गाई बस्तु चराउने काम गर्ने मानिस
४९. ऐलानी = दर्ता नभएको जग्गा
५०. किर्ते = कानूनद्वारा बर्जित गरिएको एउटाको सहिछाप अर्काले गर्ने कार्य
५१. सामूदायिक उपभोक्तावाद = समुदाय आफैले समुदायको संपत्ति उपभोग र चलन गर्ने सिद्धान्त वा सोच
५२. अनुदान = अर्काले तिर्नु नपर्ने गरी दिएको रकम
५३. दान दातव्य = उपहार, खुशीले दिइने कुनै समान, वस्तु वा सम्पत्ति
५४. स्वायत् शासन = आफ्नो शासन आफैले चलाउनु
५५. निगाह = दया दृष्टि, कृपा दृष्टि
५६. तिलक = केटाले विवाहमा माग्ने रकम वा वस्तु
५७. सौदा वा सौदाबाजी = कुनै वस्तु वा श्रमको मूल्य कायम गर्नेका लागि मालिक र मजदुरहरु बीच गरीने छलफल
५८. चुडाकर्म = व्रतबन्ध
५९. छैटी = बच्चा जन्मेको छ दिनमा गरिने कार्य
६०. जफत = कब्जामा लिनु
६१. रैकर = दर्ता भएको तिरो तिरेको जग्गा
६२. धर्मलोप = कुनै देवी देवता वा गुठीको निर्धारित नियम पालना नगरी उल्लंघन गर्नु
६३. दाखिल खारेज = कसैको नाम दर्ता गर्ने र कसैको नाम हटाउने कार्य
६४. जुलुमी = अपराधको बात लागेको व्यक्ति
६५. दोपाय = दुई खुट्टा भएको जनावर
६६. चौपाय = चार खुट्टा भएको जनावर

इन्सेक पुस्तक नं. ९०/०५७.

मानवअधिकार र सामाजिक न्यायको निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पोष्ट वक्स नं. २७२६ काठमाडौं
फोन : २७८७७०